# 'ताप' उपन्यासमा पात्रविधान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक
शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत सत्र
प्रणालीमा आधारित स्नातकोत्तर तह चौथो
सत्र उन्नाइसौँ पत्र (५७७) को
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
सुभद्रा नकर्मी
परीक्षा क्रमाङ्क : २८१७३०
त्रि.वि. र.नं. : ६-२-०६४०-००१५-२०११
शै.स. २०७५/२०७७
स्नातकोत्तर तह, चौथो सत्र
नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

२०८१

'ताप' उपन्यासमा पात्रविधान
- सुभद्रा नकर्मी
२०८१

# 'ताप' उपन्यासमा पात्रविधान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक
शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत सत्र
प्रणालीमा आधारित स्नातकोत्तर तह चौथो
सत्र उन्नाइसौँ पत्र (५७७) को
प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**

शोधकर्ता
सुभद्रा नकर्मी
परीक्षा क्रमाङ्क : २८१७३०
त्रि.वि. र.नं. : ६-२-०६४०-००१५-२०११
शै.स. २०७५/२०७७
स्नातकोत्तर तह, चौथो सत्र
नेपाली केन्द्रीय विभाग, कीर्तिपुर
२०८१

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्रा सुभद्रा नकर्मीले स्नातकोत्तर तह, चौथो सत्रको ५७७ पत्रको लागि *ताप उपन्यासमा पात्रविधान* शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । निजले परिश्रम र लगनशीलतापूर्वक गरेको यस शोधकार्यबाट म सन्तुष्ट छु । यस शोधपत्रको मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

..............................

सहप्रा.डा. ईश्वरीप्रसाद गैरे

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग,

कीर्तिपुर, काठमाडौँ

मितिः २०८१/१२/१०

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागको शैक्षिक सत्र २०७५/०७७ की छात्रा सुभद्रा नकर्मीले स्नातकोत्तर तह नेपाली विषयको चौथो सत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको 'ताप उपन्यासमा पात्रविधान' शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. प्रा.डा.कृष्णप्रसाद न्यौपाने ..............................
विभागीय प्रमुख

२. सहप्रा.डा. ईश्वरीप्रसाद गैरे ..............................
शोधनिर्देशक

३. प्रा.डा. नारायणप्रसाद गड्तौला ..............................
बाह्य परीक्षक

मितिः २०८१/१२/२१

# कृतज्ञताज्ञापन

'ताप उपन्यासमा पात्रविधान' शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह, चौथो सत्र उन्नाइसौँ पत्र (५७७) को प्रयोजनका लागि आदरणीय गुरु सहप्रा. डा. ईश्वरीप्रसाद गैरेज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । शोधपत्र तयार गर्ने क्रममा प्राज्ञिक एवम् प्राविधिक पक्षमा उचित मार्गनिर्देशन गर्नुहुने शोधनिर्देशक आदरणीय गुरुप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्य गर्न अवसर दिनुहुने पूर्व विभागीय प्रमुख प्रा. डा. खगेन्द्रप्रसाद लुइटेलप्रति कृतज्ञताज्ञापन गर्दछु । त्यसै गरी यस शोधकार्यमा आवश्यक सल्लाह र सुझाव दिने वर्तमान विभागीय प्रमुख प्रा. डा. कृष्णप्रसाद न्यौपानेप्रति कृतज्ञताज्ञापन गर्दछु । यस शोधकार्यमा आवश्यक सल्लाह सुझाव दिनुहुने बाह्य परीक्षक प्रा. डा. नारायणप्रसाद गड्तौलाप्रति म कृतज्ञ छु । प्रस्तुत शोधपत्र तयारीका क्रममा आवश्यक सल्लाह तथा सुझाव दिनुहुने नेपाली विभागका गुरुगुरुआमाहरूप्रति पनि कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र सम्पन्न गर्नका निमित्त घरायसी तथा शैक्षिक वातावरण निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने मेरा सबै अभिभावकप्रति कृतज्ञ छु । त्यसै गरी मेरा जीवनका हरेक क्षेत्रमा सफलताको कामना गर्दै उच्च शिक्षा अध्ययनमा लाग्न प्रेरित गरिरहने मेरा आमाबुबा वसदेवी नकर्मी र दीनदयाल नकर्मीप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधकार्य तयारीका क्रममा आवश्यक सामग्री उपलब्ध गराउने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयप्रति म आभारी छु । प्रस्तुत शोधलेखनको सिलसिलामा मलाई हरतरहले सहयोग गर्ने आदरणीय गुरु सहप्रा. डा. दुर्गावहादुर घर्ती र मेरा सहपाठी साथी योगेश कवरप्रति कृतज्ञ छु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष पेश गर्दछु ।

......................

शोधार्थी
सुभद्रा नकर्मी
स्नातकोत्तर तह, चौथो सत्र
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ

मिति : २०८१/१०/२४
परीक्षा क्रमाङ्क : २८१७३०
त्रि.वि. र.नं. : ६-२-०६४०-००१५-२०११
शैक्षिक सत्र : २०७५/२०७७

# विषयसूची


| | | |
|---|---|---|
| | | पृष्ठ सङ्ख्या |
| सिफारिसपत्र | | क |
| स्वीकृतिपत्र | | ख |
| कृतज्ञताज्ञापन | | ग |
| **पहिलो परिच्छेद : शोधपरिचय** | | **१-१२** |
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | शोधको उद्देश्य | ३ |
| १.४ | पूर्वकार्यको समीक्षा | ३ |
| १.५ | शोधकार्यको औचित्य र महत्त्व | ७ |
| १.६ | शोधकार्यको सीमाङ्कन | ७ |
| १.७ | शोधविधि | ८ |
| १.७.१ | सामग्री सङ्कलनविधि | ८ |
| १.७.२ | सैद्धान्तिक पर्याधार तथा विश्लेषणको ढाँचा | ८ |
| १.८ | शोधपत्रको रूपरेखा | १२ |
| **दोस्रो परिच्छेद : शारदा शर्माको सङ्क्षिप्त परिचय र औपन्यासिक प्रवृत्ति** | | **१३-२०** |
| २.१ | विषयप्रवेश | १३ |
| २.२ | शारदा शर्माको जीवनी | १३ |
| २.३ | शारदा शर्माको साहित्यिक व्यक्तित्व | १४ |
| २.४ | शारदा शर्माका औपन्यासिक प्रवृति | १६ |
| २.४.१ | सामाजिक यथार्थवादी प्रवृति | १६ |
| २.४.२ | आलोचनात्मक यथार्थवादी प्रवृति | १६ |
| २.४.३ | स्वच्छन्दतावादी/मानवतावादी प्रवृति | १७ |
| २.४.४ | अस्तित्ववादी प्रवृति | १७ |
| २.४.५ | विसङ्गतिमूलक चिन्तनको प्रयोग | १८ |
| २.४.६ | नारीवादी चेतना | १८ |
| २.४.७ | यौन मनोविज्ञानको प्रयोग | १८ |
| २.४.८ | सरल भाषाशैलीको प्रयोग | १९ |
| २.५ | निष्कर्ष | १९ |

| | |
|---|---|
| **तेस्रो परिच्छेदः 'ताप' उपन्यासमा प्रयुक्त पात्रको विश्लेषण** | **२१-६५** |
| ३.१ विषयप्रवेश | २१ |
| ३.२ पात्रसम्बन्धी सैद्धान्तिक अवधारणा | २१ |
| ३.३ ताप उपन्यासको परिचय | २६ |
| ३.४ *ताप* उपन्यासका पात्रहरूको विश्लेषण | ३३ |
| **३.४.१ ताप उपन्यासका प्रमुख पात्रको विश्लेषण** | **३४** |
| ३.४.१.१ सुजाता | ३५ |
| ३.४.१.२ चन्द्रिका | ४१ |
| ३.४.१.३ प्रभाकर | ४९ |
| ३.४.२ निष्कर्ष | ५० |
| **३.५ ताप उपन्यासका सहायक पात्रको विश्लेषण** | **५१** |
| ३.५.१ आनी सुलक्षणा | ५१ |
| ३.५.२ मुक्ति | ५३ |
| ३.५.३ परासर कुँवर | ५५ |
| ३.५.४ माता उपासिका | ५५ |
| **३.६ ताप उपन्यासका गौण पात्रको विश्लेषण** | **५७** |
| ३.६.१ डम्बरकुमारी | ५७ |
| ३.६.२ रुबेल | ५८ |
| ३.६.३ यमन | ६० |
| ३.६.४ गुरु कैवल्य | ६० |
| ३.७ निष्कर्ष | ६३ |
| **चौथो परिच्छेद : सारांश तथा निष्कर्ष** | **६६-७१** |
| ४.१ सारांश | ६६ |
| ४.२ निष्कर्ष | ६७ |
| **सन्दर्भ सामग्रीसूची** | **७२** |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

शारदा शर्मा नेपाली साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार हुन् । उनी उपन्यासकार पनि हुन् । उनले *ताप* उपन्यास (२०६९) प्रकाशन गरेर नेपाली उपन्यास क्षेत्रमा उपस्थिति देखाएकी छिन् । हुन त नेपाली साहित्यमा *सीमान्त अनुभूति* (२०४४) कवितासङ्ग्रहबाट नै गरिसकेकी शर्मा साहित्यका विविध विधामा कलम चलाई आफ्नो प्रतिभा प्रस्तुत गरेकी छिन् । उनका चारवटा कवितासङ्ग्रह *सीमान्त अनुभूति* (२०४४), *युद्धोपरान्त* (२०४९), *स्वर्णसूत्र* (२०५२) र *यात्रामा* (२०६७) प्रकाशित छन् । त्यसै गरी उनको *आस्थाको भग्नावशेष* (२०४८) नामक कथासङ्ग्रह पनि रहेको छ । उनका *विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र* (२०५३) समीक्षा ग्रन्थ, *अग्निस्पर्श* (२०६३), *भूइँफूलको देश* (२०६८), *अर्को भूइँफूल* (२०७२) निबन्धसङ्ग्रह तथा उपन्यासहरूमा *ताप* (२०६९), *कम्प* (२०७३), *संस्मरण त्यो समय* (२०७५) जस्ता कृतिहरू प्रकाशित छन् । *ताप* शारदा शर्माको पहिलो उपन्यास हो । यसमा इतिहास र वर्तमानको समय त्रासदीय घटना प्रस्तुत भएको छ । आफ्नै वरिपरि रहेका जस्ता लाग्ने पात्रहरूको आध्यात्मिक, सामाजिक आकाङ्क्षा र यौन तिर्सनाका तरङ्ग फेला पर्छन् । भाषा मिठो र कथा भन्ने शैली आकर्षक भएकाले नै उनको यो उपन्यास अरु उपन्यासहरूभन्दा नयाँ शैलीको देखिन्छ । उनका पात्रहरूको चरित्र विविध किसिमको रहेको छ । यसर्थ यस उपन्यासका चरित्रहरूको विश्लेषण र विवेचना गर्नु नै यस शोधपत्रको मुख्य विषय रहेको छ ।

उपन्यासमा पात्रविधान भन्नाले उपन्यासमा आएका पात्रहरूको व्यवस्थापनलाई बुझिन्छ । पूर्वीय चिन्तकहरू भरतलगायतका विद्वान्हरूले नायकलाई धीरोदात्त, धीरोद्धत्त, धीरललीत र धीरप्रशान्त गरी चार प्रकारमा वर्गीकरण गरेको पाइन्छ र नायिकालाई दिव्या, नृप, पत्नी, कुलश्री र गणिका गरी चार प्रकारमा वर्गीकरण गरेको पाइन्छ । यसैगरी पाश्चात्य साहित्यमा अरिस्टोटलले दुखान्तका सन्दर्भमा पात्रलाई असल र खराब भनी दुई वर्गमा विभाजन गरेको देखिन्छ । उपन्यासमा कथानकलाई पात्रको माध्यमबाट निरन्तर अगाडि बढाएर कृतिले भन्न खोजेको तथा व्यक्त गर्न खोजेको सन्देश पाठकको बीचमा

पुग्दछ । पात्रलाई चरित्र पनि भन्ने गरिन्छ । उपन्यासमा कथानकले लामो शृङ्खला बोक्ने हुनाले धेरै पात्रहरू अथवा कुनै मुख्य पात्रका विशेष सन्दर्भहरू लिएर अगाडि बढेर जाने हुन्छ । उपन्यासमा आएका पात्रहरू कुनै गतिशील हुन्छन् र कुनै गतिहीन हुन्छन् । कुनै यथार्थ र आदर्शवादी हुन्छन् । कुनै चरित्र अन्तर्मुखी अथवा वैरमुखी हुन्छन् । यसै गरी पात्रहरूलाई गोला र च्याप्टा पात्रका रूपमा राखेर पनि अध्ययन गर्न सकिन्छ । कतै पात्रहरूलाई सार्वभौम पात्र र आञ्चलिक पात्रको रूपमा अध्ययन गर्न सकिन्छ । कतिपय अवस्थामा पात्रहरू पारम्परिक हुन्छन् भने कतिपय अवस्थामा मौलिक पात्रहरूको पनि उपन्यासले व्यवस्थापन गरेर कथानकलाई अगाडि बढाएको हुन्छ । पात्रलाई अन्य आधारबाट पनि हेर्न सकिन्छ । लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता यी विविध प्रकारबाट पात्रलाई हेर्न सकिन्छ । उपन्यासका घटनाहरूसगँ सम्बद्ध व्यक्तिलाई पात्र भनिन्छ उपन्यासमा विभिन्न किसिमका पात्रहरू आएका हुन्छन् उपन्यासकारले विभिन्न उमेर, लिङ्ग, स्वभाव र प्रवृत्तिका आधारमा पात्रहरूको प्रयोग गरेको हुन्छ । तिनका आफ्ना भूमिका हुन्छन् । आख्यान साहित्यमा पात्रको रचना प्रयोग वा व्यवस्थापनलाई पात्र विधान भनिन्छ । पात्रहरूलाई देखाउने ढङ्ग नै चरित्र चित्रण हो (शर्मा, २०४८, पृ.३९) । कृतिमा प्रयुक्त व्यक्ति पात्र वा चरित्रलाई सहभागी भनिन्छ (लुइटेल, २०६३, पृ.४४) । पात्रले उपन्यासलाई अगाडि बढाउँछ, उपन्यासको गति निर्धारण गर्दछ, पात्र उपन्यासका लागि अति आवश्यक तत्त्व हो । पात्रबिना कुनै पनि उपन्यास अगाडि बढ्नै सक्दैन । त्यसैले पात्रको भूमिका उपन्यासमा महत्त्वपूर्ण रहन्छ । पात्रविधानको पद्धतिका सम्बन्धमा पनि विभिन्न अवधारणा पाइन्छन् ।

पात्रको अध्ययन विश्लेषणका पद्धतिहरूमा खगेन्द्रप्रसाद लुइटेलले वर्णनात्मक पद्धति, नाटकीय पद्धति र प्रतिनिधिमूलक पद्धति भनेर तीन पद्धति प्रस्तुत गरेका छन् (लुइटेल, २०६३, पृ.४८) । पात्रविधान अध्ययन विश्लेषण लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता आदिका आधारमा पात्रको वर्गीकरण गरी अध्ययन गरेको पाइन्छ । विश्लेषणका आधार धेरै भए तापनि प्रस्तुत प्राज्ञिक विमर्श वर्ष ६, अङ्क ११, वैशाख २०८१ १५१ लेखमा भूमिकाको दृष्टिकोणबाट पात्रहरूको अध्ययन विश्लेषण गरिएको छ । पात्रहरूको भूमिकाको आधारबाट विश्लेषण गर्दा मुख्य पात्र, सहायक पात्र र गौणपात्र गरी यी तीन कोणबाट विश्लेषण गरिएको छ । यसैगरी लिङ्गगत रूपमा विश्लेषण गर्दा पुरुष पात्र र नारी पात्र भनी अध्ययन विश्लेषण गरिएको छ र नैतिक दृष्टिकोणबाट हेर्दा नैतिक

पात्र र अनैतिक पात्र भनी अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ । ३. भूमिकाको दृष्टिकोणबाट पात्रहरूको अध्ययन उपन्यासको अध्ययन गर्दा पात्रहरूको भूमिकाको आधारमा पनि तिनीहरूलाई अध्ययन विश्लेषण गर्न सकिन्छ । पात्रहरूलाई भूमिकाका आधारमा अध्ययन गर्न सजिलो होस् भनेर यो अध्ययन कार्यमा तीन प्रकारले पात्रहरूको वर्गीकरण गरी अध्ययन विश्लेषण गरिएको छ । भूमिकाको आधारमा पात्रहरूको वर्गीकरण गर्दा मुख्य पात्र, सहायक पात्र र गौण पात्र गरी तीन प्रकारमा वर्गीकरण गरी अध्ययन गरिएको छ । यस शोधकार्यमा शारदा शर्माको *ताप* उपन्यासका पात्रको चारित्रिक अभिलक्षणबारे विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

*ताप* उपन्यास बहुलवादी विचारधारा बोकेको उपन्यास हो । यस उपन्याका पात्रहरू विभिन्न खालका देखिन्छन् । यस उपन्यासका पात्रहरूको विधान केकसरी गरिएको छ भन्ने देखाउनु नै प्रस्तुत शोधपत्रको प्रमुख समस्या रहेको छ । यहाँ उठेका शोध समस्याहरूलाई यसप्रकार देखाउन सकिन्छ :

(क) *ताप* उपन्यासमा प्रयुक्त पात्र केकस्ता छन् ?

## १.३ शोधको उद्देश्य

*ताप* उपन्यास बहुलवादी विचारधारा बोकेको उपन्यास हो । यस उपन्याका पात्रहरू विभिन्न खालका देखिन्छन् । यस उपन्यासका पात्रहरूको विश्लेषण गर्नु नै प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य रहेको छ । यहाँ उठेका शोधका उद्देश्यहरूलाई यसप्रकार देखाउन सकिन्छ :

(क) *ताप* उपन्यासमा प्रयुक्त पात्रको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

शारदा शर्माको *ताप* उपन्यास एक उत्कृष्ट उपन्यास हो । विभिन्न समयमा विभिन्न विद्वानहरू एवम् समीक्षकहरूद्वारा यस उपन्यासका बारेमा अधययन, विश्लेषण र मूल्याङ्कन गर्ने केही प्रयासहरू भएका छन् । यस उपन्यासका बारेमा विस्तृत अध्ययन भने हुन पाएको छैन । ताप उपन्यासका पात्रलाई विषय बनाएर कसैले पनि अध्ययन गरेको पाइँदैन । समाजका विद्यमान वर्गीय असमानता र त्यसबाट निम्तिने समस्यालाई

उपन्यासको विषयवस्तु बनाएर उपन्यास लेख्ने शारदा शर्माको नेपाली साहित्यमा विशिष्ट योगदान रहेको छ । शर्मा समाजका विद्यमान वर्गीय विषमता र त्यसबाट उत्पन्न विसङ्गत समस्यालाई सशक्त बनाएर उपन्यासको रचना गर्ने उपन्यासकार हुन् । उनका कविता, कथा तथा उपन्यासमा विभिन्न विद्वान् समालोचक र शोधार्थीहरूले विभिन्न दृष्टिकोणबाट अध्ययन गरी विभिन्न पत्रपत्रिकाहरू र समालोचनाका ग्रन्थहरूमा प्रकाशित गरेको पाइन्छ तर ती अध्ययनहरू प्रस्तुत शोधको समस्यासँग सम्बद्ध रहेर अध्ययन भएका छैनन् । यसै गरी विश्वविद्यालयका स्नातकोत्तर तहका शोधपत्रहरूमा पनि शर्माका कविता र उपन्यासका बारेमा अध्ययन गरिएका छन् तापनि पात्रविधानका सिद्धान्तको मान्यतासँग सम्बद्ध रहेर हालसम्म अध्ययन भएका छैनन् । यस शोधको अध्ययनका लागि सैद्धान्तिक आधारस्वरूप यसभन्दा अघि भएगरेका अध्ययनलाई पूर्वकार्यको रूपमा लिइएको छ । यसरी यस शोधकार्यका समस्यासँग सम्बन्ध राख्ने अध्ययन भने अवश्य भएका छन् । यसभन्दा पूर्व शर्माका उपन्यासको उपन्यास सिद्धान्त तथा अन्य साहित्यिक मान्यताका आधारमा व्याख्या विश्लेषण गरिएको भए तापनि पात्रविधानको सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गरी तिनमा अन्तर्निहित ज्ञानको उद्घाटन गर्ने कार्य गरिएको देखिँदैन । अतः पात्रसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा शर्माको *ताप* उपन्यासका पात्रको विश्लेषण गर्नु आवश्यक रहेको छ । शर्माका कृतिबारेमा हालसम्म भएका पूर्वअध्ययनलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गर्दै समीक्षा गरिएको छ :

ज्ञानु बानियाँ (२०६९) को 'विशेष पुस्तक' शीर्षकको लेखमा *ताप* उपन्यासको समीक्षा गरिएको छ । यो उपन्यास एउटी नारीको आध्यात्मिक खोजमा केन्द्रित रहेको तथा बुद्ध धर्ममा नारीहरूको अवस्था र उमेर ढल्केपछि मानिसमा आएका शारीरिक ताप र सौन्दर्यको चर्चा उपन्यास उत्कृष्ट भएको भन्ने कुरा उल्लेख गरिएको छ । बानियाँको यस अध्ययनले उपन्यासको विश्लेषणका बारेमा चर्चा गरे पनि पात्रविधानका पक्षमा अध्ययन गर्न बाँकी रहेको देखिन्छ ।

अनुप सुवेदी (२०६९) ले 'ताप उपन्यास महत्त्वपूर्ण पुस्तक' शीर्षकको लेखमा *ताप* उपन्यासले समाजको विशेष पक्षको उद्घाटन गरेको छ भनिएको छ । यसको आधुनिक आख्यान क्षेत्रमा महत्त्वपूर्ण स्थान भन्ने बोध हुन्छ भनि लेखिएको छ । प्रस्तुत पूर्वकार्यले शारदा शर्माको 'ताप' उपन्यासमा नारीले भोगेको लैङ्गिक विभेद आध्यात्मिक तापमा

भौतारिएका नारीपात्र उल्लेख गरिएको भए पनि पात्र विधानको सैद्धान्तिक आधारमा व्याख्या विश्लेषण गरिएको पाइदैन ।

कुमार कोइराला (२०७०) ले 'ताप' उपन्यासमा व्यञ्जित उत्तरआधुनिक नारीवादी सोच शीर्षकको लेखमा राणकालदेखि अहिले सममको सामाजिक र राजनीतिक पृष्ठभूमिमा नेपाली नारीको जीवन चित्रण, पितृसत्तात्मक विचार साथै धार्मिक, सामाजिक सांस्कृतिक शैक्षिक राजनैतिक र पुरुषले नारीमाथि गरेको विभेद, नारीले गरेको प्रतिकार र नेपाली नारीले भोगेका समस्याहरू उद्घाटन गर्नुलाई उपन्यासको मूख्य उद्देश्य रहेको उल्लेख गरेका छन् । उनको यस अध्ययनले उपन्यासको विश्लेषणका बारेमा चर्चा गरे पनि पात्रविधानका पक्षमा अध्ययन गरेको देखिँदैन ।

मदनमणि दीक्षित (२०६९) ले 'आद्योपान्त पठनीय उपन्यास ताप' शीर्षकको लेखमा यो कृतिले आफूलाई नेपालमा प्रचलनमा रहेको महायानी बौद्ध धर्मको बज्रयानी सम्प्रदायका सदस्यले गर्ने योगसाधनाका आधारमा आद्योपान्त साहित्यिक प्रस्तुतिका रूपमा उभ्याएको उल्लेख गरेका छन् साथै संयमित कामवासना, धर्म र साहित्यको समन्वित तर उच्च रसबोधकारी रूपमा लिएका छन् ।

मदानी साहित्य समूह (सन् २०१२) को 'ताप उपन्यासको समीक्षा' शीर्षकको समीक्षामा ताप उपन्यासको समीक्षा गर्दै यो उपन्यास एउटी नारीको आध्यात्मिक खोजमा केन्द्रित रहेको, यहाँभित्र सुख दुख र यसको कारण पनि भएको उल्लेख गरेको छ । यस उपन्यासले बौद्ध धर्ममा बारम्बार नारीको स्थानबारे प्रश्न गरेको उल्लेख गर्दै उमेर ढल्केपछि आफूमा आएको शारीरिक ताप र सौन्दर्यको चर्चाले उपन्यास भड्केको बताएको छ ।

मदनमणि दीक्षित (२०६९) ले 'तापको ताप' शीर्षकको पुस्तकको विज्ञापनमा ताप उपन्यासले पुराणहरूमा देखाएको कामवासना, भक्ति र ध्यानयोगलाई आधुनिक रूपमा पाठकसामु प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् ।

विष्णुप्रसाद दाहाल (२०६९) ले 'मदानीमा शारदा र ताप' शीर्षकको समालोचनात्मक लेखमा ताप उपन्यासको चर्चा गर्दै यस उपन्यासले मानिस विभिन्न ताप र भोगले दुःखी छ भन्ने सन्देश दिएको बताएका छन् । उपन्यास क्रममङ्गता र विश्ङ्खलताबाट सुरु भएको, यथार्थ र शुन्यवाद मिसिएको उल्लेख गरेका छन् साथै उपन्यासमा देशभक्तिको भावना र आधुनिक समाजका विक्ति पनि समेटिएको बताएका छन् ।

शारदा शर्मा (२०६९) ले 'शारदाको ताप' शीर्षकमा मदानी साहित्य समूह नेपालसँगको बसाइमा राणाकाल, माओवादी र जनयुद्धको समय र जनआन्दोलनपछिको गणतन्त्रसम्मको आयामका फैलिएको तापमा समस्या, दुःख, अभाव, पीडा र चुनौतीले गर्दा सबै मान्छे तापमा हुन्छन्, समस्या तापबाट मुक्ति खोज्दा खोज्दै कतिपयले जीवनबाटै मुक्ति पाउने त कतिपयले समस्या र तापलाई सङ्घर्षबाट जित्न सफल भएको उल्लेख गर्दै त्यही सेरोफेरोमा उपन्यास केन्द्रित रहे खोज्दा खोज्दै कतिपयले जीवनबाटै मुक्ति पाउने त कतिपयले समस्या र तापलाई सङ्घर्षबाट जित्न सफल भएको उल्लेख गर्दै त्यही सेरोफेरोमा उपन्यास केन्द्रित रहेको बताएकी छिन् । लक्ष्मी आचार्यले तापको समीक्षा गर्दै हिंसाको प्रभाव, तपस्या, गम्भीरता, मानव अधिकार हनन तथा मानवता विरुद्धका ज्यादतीका विषयवस्तुलाई पनि उपन्यासमा सरल शब्दमा पोखिएको बताएकी छिन् । सरिता देवकोटाले उपन्यासको सिङ्गो विषयवस्तुबारे चर्चा गर्दै नेपाली साहित्य आकाशमा तापको राम्रो छाप रहेको उल्लेख गरेकी छिन् । अर्का समीक्षक विष्णु दाहालले तापलाई क्रमबद्धताको भङ्गता र विश्ङ्खलताबीचको शृङ्खलताको संज्ञा दिएका छन् ।

तुलसी भट्टराई (२०६९) ले 'ताप परिचर्चा' शीर्षकको समीक्षामा तापमा सबै धर्मको अध्ययन गरिएको र यो नवीनतम प्रयोग भएको कुरा उल्लेख गरेका छन् । अर्का समीक्षक श्रीधर न्यौपानेले ताप उपन्यासको विषयवस्तु गहन र समसामयिक भएको उल्लेख गरेका छन् । केही पाठकले ताप उपन्यास पूर्ण नभएको, परम्परावादी मान्यताबाट ग्रस्त भएको उल्लेख गरेका छन् ।

यसरी शारदा शर्माको ताप उपन्यासका बारेमा केही समीक्षा भएका छन् तर ताप उपन्यासमा प्रयुक्त पात्रलाई विषयवस्तु बनाएर छुट्टै अध्ययन कसैबाट पनि भएको पाईदैन । प्रस्तुत शोधकार्यमा प्रस्तुत गरिएका पूर्वकार्यहरू शर्माको जीवनी, व्यक्तित्व र उनका कथा, उपन्यास तथा कविता विशेषको विश्लेषणका क्रममा गरिएका कार्यहरू मात्र हुन् । यी अध्ययनमा शर्माको उपन्यासमा पात्रविधानको अध्ययनलाई नै मूल विषय बनाएर गरिएको पूर्वकार्यको अभाव रहेको देखिन्छ भने उनका काव्यप्रवृत्ति र उनका कथा र उपन्यासको विधागत चर्चा वा विभिन्न सन्दर्भमा केही अंशमात्र प्रस्तुत भएका छन् । माथिका अध्ययन पात्रविधानको विश्लेषणमा केन्द्रित नभई विधापरक र प्रवृत्तिपरक मात्र भएका हुँदा तिनले

विधातात्त्विक अध्ययनअन्तर्गत पात्रविधानको मान्यतामा आधारित भई शर्माका उयन्यासमा प्रयुक्त पात्रको अध्ययन र विश्लेषण गर्न सकेका छैनन् ।

माथि उल्लिखित सामाग्रीहरूमा उनका कृतिहरूका बारेमा सङ्क्षिप्त जानकारी तथा अन्य कृतिका बारेमा अध्ययन तथा विश्लेषण गरिएको भए पनि उनको *ताप* उपन्यासमा पात्रविधानको अध्ययन भएको पाइँदैन । यसर्थ प्रस्तुत शोधकार्य शर्माको *ताप* उपन्यासको पात्रविधान अध्ययनमा केन्द्रित रहेको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

प्रस्तुत शोधमा शारदा शर्माको *ताप* उपन्यासको पात्रविधानका दृष्टिले नितान्त नवीन र मौलिक विश्लेषण गरिएको हुँदा स्वतः यस शोधको औचित्य पुष्टि हुन्छ । प्रस्तुत शोधमा उनका उपन्यासमा निहित पात्रसम्बन्धी ज्ञानको वस्तुनिष्ठ रूपमा प्राज्ञिक प्रतिपादन गरिएको छ र यही नै यस शोधकार्यको मौलिकता पनि हो । यस उपन्यासको सम्बन्धमा जे जति अध्ययन तथा विश्लेषण गरिएको भए तापनि पात्रविधानमा केन्द्रित भएर विश्लेषण गरिएको छैन । त्यसैले यस उपन्यासको पात्रविधानको विश्लेषण गर्न यस अध्ययनको औचित्य रहेको छ । यस उपन्यासको विविध पक्षमा विभिन्न विद्वान्ले विभिन्न किसिमबाट अध्ययन गरे तापनि पात्रविधानको विशुद्ध अध्ययन नभएकाले यो शोधकार्य गर्नु उचित छ । प्रस्तुत शोधबाट विशेष गरी शोधार्थी, बुद्धिजीवी, पाठक, समालोचक आदि सबै लाभान्वित हुने भएकाले यो अध्ययन उपयोगी रहेको छ । यसरी शर्माका उपन्यासमा निहित पात्रविधानको सन्दर्भ केकसरी प्रस्तुत भएको छ भनी त्यसको अध्ययन गरी प्राज्ञिक निष्कर्ष निकाल्ने सार्वजनिक उपादेयता भएकाले पनि प्रस्तुत शोधको औचित्य, महत्त्व र उपयोगिता पुष्टि हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य शारदा शर्माको *ताप* उपन्यासमा पात्रविधानको अध्ययन र विश्लेषणमा मात्र सीमित रहेको छ । यसमा पात्रविधानको सैद्धान्तिक अवधारणा र स्वरूपलाई आधार बनाई तत्त्वगत आधारमा विश्लेषण गरिएको छ । यहाँ उल्लेख गरेभन्दा अन्य कुनै कोणबाट यस उपन्यासको विश्लेषण गरिएको छैन ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा आवश्यक पर्ने सम्पूर्ण सामग्रीको सङ्कलन र अध्ययनका लागि प्रयोग गरिएका सामग्री विश्लेषण विधिको छुट्टाछुट्टै तल चर्चा गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध पूर्णतः साहित्यिक र गुणात्मक भएकाले यसका लागि आवश्यक पर्ने आधारभूत तथा सहायक सामग्री सङ्कलनको मुख्य स्रोत पुस्तकालयलाई बनाइएको छ । सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका रहेका छन् । शर्माको *ताप* उपन्यास प्राथमिक र शोधका समस्यासँग सम्बद्ध राख्ने खालका समालोचना, लेख र उनका कृतिबारे गरिएको शोधप्रबन्ध, शोधपत्र जस्ता पूर्वकार्यलाई द्वितीय सामग्रीका रूपमा लिइएको छ । यसमा पात्रको विश्लेषण गर्ने सन्दर्भमा व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

### १.७.२ सैद्धान्तिक पर्याधार तथा विश्लेषणको ढाँचा

प्रस्तुत शोधकार्यको अध्ययनका लागि पात्रविधानको सिद्धान्तलाई सैद्धान्तिक आधार बनाइएको छ । उपन्यासमा पात्रविधान एक अपरिहार्य तत्त्व हो र उपन्यासको कथावस्तुलाई गतिशील बनाउन उपन्यासमा पात्रको निकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । पूर्वीय एवम् पाश्चात्य मान्यतामा पनि चरित्रलाई अभिन्न अङ्गको रूपमा लिइएको पाइन्छ । सामाजिक वैयक्तिक वा मानवीय आधारमा पात्रहरूका वैविध्यको र विविधताभित्रै एकताको अध्ययन गर्नु उपन्यासमा चरित्र चित्रणको लक्ष्य हो । चरित्र चित्रण चरित्रको विकास व्यवहार, आरोह, अवरोहको क्रियाकलाप प्रस्तुत गर्ने माध्यम हो । सफल उपन्यास हुनका लागि उपयुक्त चरित्रको निर्माण गर्नु जति आवश्यक छ । उपन्यासमा साधारणतया प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट चरित्र चित्रण गरिन्छ । चरित्र चित्रणको प्रत्यक्ष विधिमा उपन्यासकारले पात्र वा चरित्रका क्रियाकलापको बारेमा आफ्नो दृष्टिकोण राख्दछ । मानव सभ्यता र समाजलाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । मानिसका शाश्वत सत्यलाई उद्घाटन गर्ने पक्षहरूबाट पनि मान्छेका चरित्र उद्घाटित भएका हुन्छन् । उपन्यासको आयतनभित्र सिङ्गो मानवसभ्यता र चरित्र चित्रणकै आधारमा परिभाषित भएको हुन्छ । विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हो । त्यसरी तानेर

ल्याइएको वस्तु पाठकसम्म सम्प्रेषण गर्न जाँगर देखाउने वस्तु पनि उपन्यास भित्र चरित्र प्रमुख भएर रहेको हुन्छ । उपन्यासमा प्रयुक्त पात्रको चरित्र पुरै युग र परिवेशको संवाहक भएर उपस्थिति भएको हुन्छ । यसरी प्रमुख संवाहक मानिएको पात्रले कुनै वर्ग, सम्प्रदाइ संस्कृति वा पुरै युगको प्रतिनीधि बनेर मान्छेका शाश्वत सत्यलाई ओकल्ने कार्य गर्ने हुनाले पात्रका हरेक क्रियाकलाप महत्त्वपूर्ण मानिन्छन् । उपन्यासका चरित्रहरू एकअर्काका सापेक्षतामा कस्ता विशेषता लिएर कृतिमा आएका छन् भन्ने कुरालाई पात्रहरूले गर्ने कार्यका आधारमा वर्गीकरण गर्न सकिन्छ तिनको यसप्रकार चर्चा गरिएको छ :

लिङ्गका आधारमा लिङ्गको पात्रको प्राकृतिक जात छुट्याउने हुँदा यसका आधारमा पात्र पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई वर्गका हुन्छन् । पात्रको बाह्य वर्णन तथा शरीर नामकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट यो छुट्याउन सकिन्छ । आख्यानका पात्र चयन गर्दा स्त्री, पुरुष दुवै चयन गरिन्छ । आ-आफ्ना नैसर्गिक अधिकारका आधारमा यिनीहरूलाई आख्यानमा उतारिन्छ । नारी र पुरुषका आ-आफ्नै चालढाल, हिँडाइ, बोलाइ, क्रियाकलाप, परिवेश रहेका हुन्छन् । नारीका दुःख, सुख, समस्या आदिलाई प्रस्तुत गर्नका लागि नारी पात्र नै चयन गरिएको हो । त्यसरी नै पुरुषका केन्द्रीयतामा घटेका घटनाहरूको प्रस्तुतीकरण पुरुषपात्रबाट नै हुनुपर्छ । आख्यानमा पात्रहरूको छनोट गर्दा स्त्री पात्र र पुरुष दुवैको चयन गरिन्छ ।

कार्यका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन वर्गमा विभाजन गरिन्छ । उपन्यासमा प्रमुख कार्य गर्छ र समाज अनुकूल छ तथा सर्वाधिक पुनरावृत्ति हुने पात्र प्रमुख पात्र हो । प्रमुख पात्रको वरिपरि रहेर कथानकलाई गति प्रदान गर्नका लागि सहयोगीको भूमिका निर्वाह गर्ने पात्र सहायक पात्र हो । प्रमुख पात्रलाई सहयोगीको रूपमा कार्य गर्ने पात्र नै सहायक पात्र हो । उपन्यासमा प्रयोग भएका कुनै पात्रहरू कथानकको सुरुवातमा आएर बिचमा हराउने अनि बिचमा आएर बिचमै वा अन्त्यमा हराउने कथानकमा कम महत्त्वको पात्र नै गौण पात्र हो । आख्यानमा विभिन्न पात्रहरू रहेका हुन्छन् । कथावस्तुलाई अगाडि बढाउनका लागि प्रमुख पात्रसँगै सहायक पात्र र गौण पात्रको पनि आवश्यकता पर्दछ ।

प्रवृत्तिका आधारमा उपन्यासका पात्रलाई अनुकूल र प्रतिकूल गरी दुई वर्गमा विभाजन गरिन्छ । आफ्नो समाजको संस्कारलाई पालना गर्ने, समाज व्यवस्थापनलाई नखल्बल्याउने सकारात्मक चरित्र भएको पात्र नै अनुकूल पात्र हो । कुनै कुराको सही पालना नगर्ने नकारात्मक चरित्र भएको पात्र नै प्रतिकूल पात्र हो । जुनसुकै समाजको संस्कारलाई अस्वीकार गर्ने समाजलाई विकृतितर्फ लैजाने नकारात्मक कार्य गर्ने पात्र प्रतिकूल पात्र हो । यस्तो वर्गको पात्रलाई खल पात्रका रूपमा चिनिन्छ । समाजमा आ-आफ्नौ खालका धर्म, संस्कृति, रीतिरिवाज, परम्परा, चालचलन, नियम, पद्धति रहेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात् सत् हुन्छ भने नकारात्मक भूमिक निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल वा असत हुन्छ ।

स्वभावका आधारमा पात्रहरू गतिशील र गतिहीन गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा कुनै परिस्थितिअनुसार बदलिने पात्र गतिशील पात्र हुन्छ । जो आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गरी सुहाउँदो बन्छ भने त्यस्तो पात्र गतिशील पात्र हुन्छ। परिवेश र परिस्थितिअनुसार परिवर्तन नहुने र कथानकको प्रारम्भदेखि अन्तसम्म चरित्र वा प्रवृत्ति अनि पात्रको गतिमा कुनै भिन्नता वा उतार चढाव नदेखिने पात्रलाई गतिहीन पात्र भनिन्छ । एउटै आचरणदेखि कुनै परिवेशमा आफूलाई परिवर्तनशील तुल्याउँछ भने त्यस्तो पात्र गतिशील पात्र हो तर आफूलाई कुनै वातावरणले परिवर्तन गराउँदैन वा हलचल बनाउँदैन भने त्यस्तो पात्र नै गतिहीन पात्र हो । उपन्यासमा भएका सबै पात्रहरूको स्वभाव एकै खालको हुँदैन कतिपय सहभागी परिस्थितिअनुसार बदलिने हुन्छन् भने कतिपय चाँहि बदलिदो स्थितिमा पनि नबदलिने स्वभावका हुन्छन् ।

जीवनचेतनाका आधारमा यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा प्रयोग भएको पात्रले समाजमा रहेका अन्य मानिसको जस्तै कार्य गर्दछ भने त्यस्तो पात्र वर्गीय पात्र हो । आफ्नो निजी भावनाले आफ्ना इच्छा आकाङ्क्षाअनुसार अन्य मानिसको भन्दा फरक शैलीले कार्य गर्ने पात्र व्यक्तिगत पात्र हो । अरूको भन्दा अलग व्यवहार गर्ने निजी निर्णयलाई सर्वोपरी ठानी आफ्नै इच्छाअनुसार फरक कार्य गर्ने पात्र व्यक्तिगत पात्र हो । समाजको सामाजिक संरचनाअनुसार फरक कार्य गर्ने पात्र व्यक्तिगत पात्र हो । समाजमा रहेका अन्य मानिसको जस्तै कार्य गर्ने वर्गीय पात्र हो भने आफ्नै इच्छा अनुसार फरक कार्य गर्ने पात्र व्यक्तिगत पात्र हो । निश्चित सामाजिक वर्गको भूमिका

निर्वाह गरी त्यही वर्गको प्रतिनीधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनीधित्व गरी नवीन शैलीको सन्धान गर्ने पात्र वैयक्तिक हुन्छ ।

आसन्नताका आधारमा उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । स्रष्टाले पात्रहरूलाई अनेक शैलीले प्रस्तुत गरेका हुन्छन् । उपन्यासका पात्रहरूले कतै नाटक प्रदर्शन गरेका हुन्छन् भने कतै पात्रहरूको वर्णन मात्र हुन्छ । यसरी उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय पात्र हो भने कथयिताले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य पात्र हो । मञ्चमा प्रत्यक्ष आउने पात्र मञ्चीय पात्र हो भने मञ्चमा प्रत्यक्ष रूपमा आउन नसक्ने पात्र नेपथ्य हो । मञ्चीय पात्रको भूमिका सक्रिय हुन्छ भने नेपथ्य पात्रको भूमिका वर्णित र निष्क्रिय मात्र हुन्छ ।

आबद्धताका आधारमा आख्यानमा प्रस्तुत कथानकसँग पात्रको सम्बन्ध कायम गरिने कार्य नै आवद्धता हो । यसका आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । उपन्यासको कथानकमा जेलिएर केन्द्रीय चरित्रका क्रियाकलापसँग सम्बद्ध रहेको पात्र बद्ध पात्र हो । त्यस्तो बद्ध पात्रलाई अलग बनाउँदा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल आउँदैन । मुक्त पात्रको भूमिका उपन्यासमा महत्त्वपूर्ण हुँदैन भने बद्ध पात्रको भूमिका महत्त्वपूर्ण हुन्छ । कथानकसँग सम्बन्धित भएर आएका सहभागी वा पात्रहरू बद्ध सहभागी हुन् ।

यसरी लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता, आवद्धताका आधारमा आदि आधारमा पात्रविधानको अध्ययन गर्न सकिन्छ । तिनै सैद्धान्तिक मान्यतालाई आधार बनाएर यहाँ उपन्यास विश्लेषण ढाँचाको निर्माण गरिएको छ :

शोधप्रश्न (क) मा रहेको *ताप* उपन्यासमा प्रयुक्त पात्र केकस्ता छन् ? भन्ने प्रश्नको विश्लेषण निम्नलिखित ढाँचाका आधारमा गरिएको छ :

(क) *ताप* उपन्यासमा प्रयुक्त पात्रहरूको विश्लेषण ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसार परिच्छेद र आवश्यकता अनुसारका उपशीर्षकहरूमा समेत विभाजन गरी सामग्रीको व्याख्याविश्लेषण तथा सामान्यीकरण गरी चार परिच्छेदमा विभाजन गरिएको छ ।

उपन्यासकार शारदा शर्माको *ताप* उपन्यासमा पात्रविधान शीर्षकको प्रस्तुत शोधपत्रलाई निम्नलिखित ढाँचामा प्रस्तुत गरिएको छ ।

अध्याय एक : शोधपरिचय

अध्याय दुई : शारदा शर्माको सङ्क्षिप्त परिचय र औपन्यासिक प्रवृत्ति,

अध्याय तीन : *ताप* उपन्यासमा प्रयुक्त पात्रहरूको विश्लेषण,

अध्याय चार : उपसंहार तथा निष्कर्ष ।

# दोस्रो परिच्छेद

# शारदा शर्माको सङ्क्षिप्त परिचय र औपन्यासिक प्रवृत्ति

## २.१ विषयप्रवेश

शारदा शर्मा नेपाली साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सफल व्यक्तित्व हुन् । यस लेखमा उनको वैयक्तिक जीवनको अध्ययन गरिएको छ । यहाँ उनको जीवनीका साथै साहित्यिक र साहित्येतर व्यक्तित्व, प्रकाशित कृतिहरूको समेत अध्ययन गरिएको छ । यसका साथै उनको औपन्यासिक प्रवृत्तिको उल्लेख गरिएको छ । उपन्यासकार शारदा शर्मासँग इमेलबाट सोधिएका प्रश्नको उत्तरका आधारमा उनको परिचय दिने काम यहाँ गरिएको छ ।

## २.२ शारदा शर्माको जीवनी

वि.सं. २०१५ साल कार्तिक ४ गतेका दिन पश्चिमाञ्चलको स्याङ्जा जिल्लाअन्तर्गत पर्ने भारखोला भन्ने ठाउँमा उपन्यासकार शारदा शर्माको जन्म भएको हो । उनी महेश्वर शर्मा र राधाकुमारी शर्माकी छोरी हुन् । उनी बाल्यकालदेखि नै साहित्य सिर्जनामा लागेको देखिन्छ । उनले २०२३ सालमा नै कविता लेखेको बताएकी छिन् (उपन्यासकारमार्फत जानकारीअनुसार) । उनले जन्मथलोको स्थानीय विद्यालयबाट प्रारम्भिक शिक्षा र काठमाडौँबाट माध्यमिक शिक्षा उत्तीर्ण गरेकी छन् । उनले त्रिभुवन विश्वविद्यालयबाट प्राणीशास्त्रमा एम्.एस्सीसम्मको अध्ययन गरेकी छन् साथै उनले नेपाली भाषासाहित्यमा समेत स्नातकोत्तर उपाधि हासिल गरेकी छन् । विभिन्न सङ्घसंस्थामा आबद्ध शमांको रुचि साहित्य सिर्जना साथै देशाटन रहेको पाइन्छ । उनको घुमफिरको अनुभव साहित्यिक कृक्तिहरूमा पनि अभिव्यक्त पाइन्छ । साहित्यकार शर्माले दिएको जानकारीअनुसार उनको विशेष रुचि पदयात्रा, चित्रकला र सङ्गीतमा रहेको पाइन्छ । शारदा शर्मा वि.सं २०५६ सालमा नेपाल राजकीय प्राज्ञ सभा सदस्य रहेकी थिइन् । उनले नेपाल प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको राष्ट्रिय कविता महोत्सवको मूल्याङ्कन समितिमा रहेर काम गरेको देखिन्छ । जगदम्बा पुरस्कार रमदन पुरस्कार गुठीमा रहेर ती सङ्घसंस्थाद्धारा प्रदान गरिने पुरस्कारको मूल्याङ्कन समितिमा रहेर निष्पक्ष मूल्याङ्कनको कामसमेत गरेकी छिन् । यसै गरी यिनी विभिन्न साहित्यिक संस्था (पेन नेपाल च्याप्टर, बालसाहित्य समाज, नेपाली लेखक सङ्घ र

गुञ्जन) सँग आबद्ध छिन् । साहित्य, समाजसेवा र अन्तर्राष्ट्रिय परिवार नियोजनसँगको आबद्धताका कारण विभिन्न देशहरू भ्रमण गरेकी छिन् ।

उपन्यासकार शर्माले वि.सं. २०५१ सालमा संयुक्त राष्ट्रसङ्घको ४९ औं महासभामा प्रतिनिधि मण्डलको सदस्यका हैसियतले भाग लिएकी थिइन् । उनले २०५४ सालमा दि वासिङ्टन टाइम्स फाउन्डेसनद्वारा आयोजित साहित्यिक सम्मेलनमा भाग लिएको देखिन्छ । उनले प्राज्ञ, सदस्यका हैसियतले २०५६ सालमा मन्त्रीस्तरीय सांस्कृतिक सद्भाव टोलीमा आबद्ध भई चीन भ्रमण गरेकी थिइन् । उनले २०६९ सालमा भारतमा भएको सार्क स्तरीय साहित्य महोत्सवमा भाग लिएकी थिइन् । उनले २०६९ सालमै भारतीय साहित्य एकेडेमीले आयोजना गरेको एक सय वर्षको भारतीय क्लासिक साहित्यमा कार्यपत्र प्रस्तुत गरेकी छिन् (गिरी, २०७०, पृ. ७) । माथि उल्लेख गरिएका कुराले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली साहित्यको परिचय गराउन सहयोग पुग्दछ र भिन्नभिन्न देशको संस्कृति र साहित्यसँग नेपाली साहित्यको अन्तर्मिश्रण हुन जान्छ ।

## २.३ शारदा शर्माको साहित्यिक व्यक्तित्व

शारदा शर्माले लामो समयसम्म परिवार नियोजन सङ्घको राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्थाको उद्देश्यलाई हासिल गर्ने कार्यमा आफूलाई समर्पित गरेकी थिइन् । शारदा शर्माले २०३८-४० सम्म सिद्धार्थ वनस्थली स्कुलमा विज्ञान विषय पढाइन् । त्यसै गरी तनहुँको सिद्धार्थ माध्यमिक विद्यालयमा पनि केही समय अङ्ग्रेजी र विज्ञान विषय पढाइन् । साथै उनले विभिन्न सामाजिक सङ्घसंस्थामा आबद्ध भई काम गरेको देखिन्छ । साहित्यकारसँगको अन्तर्वार्ताअनुसार) ।

शारदा शर्मा नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने स्रष्टा हुन् । आठ वर्षको कलिलो उमेरदेखि नै उनले साहित्य लेखन सुरू गरेकी थिइन् (साहित्यकारसँगको अन्तर्वार्ताअनुसार) । उनका अहिलेसम्म निम्नलिखित साहित्यिक कृत्तिहरू प्रकाशित भइसकेका छन् । उनका कवितासङ्ग्रहहरूमा *सीमान्त अनुभूति* (२०४४), *युद्धोपरान्त* (२०४९) र *स्वर्णसुत्र* (२०५२) रहेका छन् । यी सङ्ग्रहमा प्रकाशित उनका कविताले समसामयिक भावनालाई प्रस्तुत गरेका छन् । उनका सबै कवितामा नारी अस्मिता, मानव मूल्यको प्रस्तुति पाइन्छ । उनका कवितामा भावगत गहनता, लालित्य र लय सहज रूपमा

सिर्जना भएका छन् । यी तीन कवितासङ्ग्रहमार्फत् शर्माले आफूलाई एक सफल कवयित्रीका रूपमा प्रस्तुत गर्न सफल भएकी छन् ।

शर्माका *आस्थाको भग्नावशेष* (कथासङ्ग्रह, २०४८) र *ताप* (उपन्यास, २०६९) प्रकाशित छन् । उनका कथाका विषयवस्तु फरक फरक छन् । समसामयिक विषयलाई उनले कथाको विषय बनाएको देखिन्छ । *ताप* शारदा शर्माको समसामयिक राजनीति र बौद्ध दर्शन प्रयोग भएको उपन्यास हो । यी दुई कृतिबाट उनको आख्यानकार व्यक्तित्व प्रभावकारी रहेको स्पष्ट हुन्छ । शर्माका अहिलेसम्म दुईवटा निबन्धसङ्ग्रह प्रकाशित छन् । २०६३ सालमा प्रकाशित *अग्निस्पर्श*लाई शर्माले मुक्त आलेख भनेकी छिन् । त्यसै गरी २०६८ सालमा उनको यात्रा विषयक निबन्धसङ्ग्रह *भुइँफूलको देश* प्रकाशित छ । शर्माले विभिन्न ठाउँहरू घुम्दा आफूले भोगेका र देखेका कुराहरूलाई यहाँ प्रस्तुत गरेकी छन् । यी कृतिका आधारमा उनको निबन्धकार व्यक्तित्व सशक्त रहेको स्पष्ट हुन्छ ।

शारदा शर्माको समालोचनासम्बन्धी कृत्ति *विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र* (२०५६) प्रकाशित छ । यस कृतिमा शर्माले नेपाली आख्यान जगत्का प्रसिद्ध व्यक्तित्व विश्वेश्वरप्रसाद कोइरालाका नारी पात्रको चर्चा गरेकी छिन् । विशेषतः कोइराला मनोवैज्ञानिक कथाकार हुन् । मनोविज्ञानभित्र यौनमनोविज्ञान पनि पर्दछ । शर्माको लेखन नारी अस्मिताको पक्षमा सशक्त र सबल रहेको पाइन्छ । कोइरालाका यौन मनोवैज्ञानिक कथामा नारीपात्रका बारेमा उनको समालोचना केन्द्रित रहेको छ । कोइरालाले नारी पात्रलाई कति न्याय गरेका छन्, त्यसको विस्तारपूर्वक उल्लेख यस कृत्तिमा उनले गरेकी छिन् । यस कृत्तिले उनको समालोचक व्यक्तित्व स्थापित गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

शारदा शर्माले विभिन्न पत्रपत्रिकामा समसामयिक विषयमा कलम चलाइरहेकी छिन् । कतिपय पत्रिकामा उनले साहित्यिक समीक्षा लेखेको पाइन्छ । समसामयिक राजनीतिक विसङ्गतिमाथि पनि उनका समीक्षात्मक लेखहरू केन्द्रित छन् (गिरी, २०७०, पृ. ९) । शारदा शर्माले *सवत्सर* पाक्षिक (२०४०-४२) र *नियोजन* मासिक (२०४३-५३) जस्ता पत्रिकाको सम्पादन गरेको देखिन्छ (साहित्यकारसँगको अन्तर्वार्ता) । यसले पनि उनको साहित्यिक व्यक्तित्वलाई सहयोग गरेको छ । यसरी शारदा शर्माले साहित्य र साहित्येतर दुवै क्षेत्रको गरिमा र समृद्धिलाई उच्च राख्नका लागि निकै ठूलो प्रयास गरेकी छन् ।

## २.४ शारदा शर्माका औपन्यासिक प्रवृति

बहुआयामिक व्यक्तित्वकी धनी शारदा शर्माले कविता, कथा, निबन्ध, समीक्षा र उपन्यास लगायतका विधामा कलम चलाएकी छन् । यी सबै विधामा उनका फरक फरक विशेषता पाइन्छन् । उनका कतिपय विधामा स्वच्छन्दतावादी प्रवृत्ति पाइन्छ भने कतिपय विधामा सामाजिक यथार्थवादी विशेषता पाइन्छ । यी विशेषताका अतिरिक्त उनका उपन्यासमा पाइने विभिन्न प्रवृति एवम् विशेषतालाई यहाँ चर्चा गरिएको छ ।

### २.४.१ सामाजिक यथार्थवादी प्रवृति

समाजलाई साहित्यमा प्रतिबिम्बित गरी तदनुरूप अभिव्यक्ति दिनु नै सामाजिक यथार्थवादी प्रवृत्ति मानिन्छ । सत्य वा वास्तविक कुराको उद्घाटन गर्नुपर्छ भन्ने एक किसिमको कला र साहित्यसम्बन्धी सिद्धान्त नै यथार्थवाद हो (ज्ञवाली, २०६७, पृ. ३५) । यो यथार्थवादभित्रकै एक शाखा हो । यस प्रवृत्तिका लेखकहरूले साहित्यलाई समाजको ऐना ठान्छन् । तत्कालीन समाजको वस्तुसत्यलाई समातेर निम्नवर्गीय चरित्रका व्यथा र अभावलाई साहित्यमा उतार्ने प्रवृत्ति नै सामाजिक यथार्थवादी प्रवृति हो (बराल र एटम, २०६६, पृ. ९६) । शारदा शर्माको ताप उपन्यासमा यो प्रवृत्ति प्रमुख रूपमा मुखरित भएको छ । आधुनिक समाजमा जे भइरहेको छ, त्यसको हुबहु प्रस्तुति यस उपन्यासमा भएको छ । यस उपन्यासमा १२ वर्षे गृहयुद्धले पारेको प्रभाव र त्यसद्धारा सिर्जित भय, आतङ्कजस्ता पक्षलाई उपन्यासकारले देखाएकी छिन् ।

### २.४.२ आलोचनात्मक यथार्थवादी प्रवृति

सामाजिक घटनालाई आलोचनात्मक तरिकाले साहित्यमा उतार्नु आलोचनात्मक यथार्थवादी प्रक्ति हो । यो सामाजिक यथार्थवाद र यथार्थवादअन्तर्गतकै प्रवृतिगत भिन्नता हो । यस प्रकारको साहित्यमा आलोचनात्मक यथार्थवादी प्रवृत्ति हो । यो सामाजिक यथार्थवाद र यथार्थवादअन्तर्गतकै प्रवृत्तिगत भिन्नता हो। यस प्रकारको साहित्यमा सामाजिक अराजकता, शोषण, कुरीतिप्रति आलोचना गरिएको हुन्छ । 'आलोचनात्मक यथार्थवादकै एउटा रूप भए तापनि यसमा लेखक तटस्थ नभइ आलोचनात्मक द्रष्टाका रूपमा सक्रिय हुन्छ' (शर्मा र लुइटेल, २०६९, पृ. ३०२) । शारदा शर्माको उपन्यासले यथार्थको आलोचना गरेको छ ।

भोग्न नै नसकिने यथार्थ भएपछि मानवको जीवन कस्तो हुन्छ भन्ने कुरालाई यहाँ देखाइएको छ ।

## २.४.३ स्वच्छन्दतावादी/मानवतावादी प्रवृति

साहित्यमा प्रक्ति चित्रण, मानवीय समवेदना र संवेगहरूको स्वतन्त्र र स्वच्छन्द रूपमा व्यक्त गरिने प्रवृत्ति स्वच्छन्दतावादी प्रक्ति हो । यस्ता साहित्यमा ग्रामीण जीवन, वनजङ्गल, खोलानाला, मायाप्रेम, नारी सुन्दरता जस्ता विषयलाई प्रस्तुत गरिएको हुन्छ । "स्वच्छन्दतावादको मूल स्वर भाबुक र काल्पनिक उड़ान हो । स्वतन्त्रता, समानता र भातृत्वमा जोड दिने तथा संसारका मान्छेले सुखसँग बाँच्न पाउनुपर्छ भन्ने धारणा नै मानवतावाद हो" (बराल र एटम, २०६६, पृ. ४५) । उनका रचनामा मानवीय भावना समेटिएको पाइन्छ । 'उनका रचनाले जातपात, छुवाछुत, लिङ्ग, वर्ग, सम्प्रदाय आदि विभेदहरूप्रति असहमति प्रकट गर्दछन् (चालिसे, २०६७, पृ. २१) । जातीय भेदभावको विरोध गरिएको मानवतावादी गीतको स्वर एक अंश यसप्रकार छ दुःखी, गरिब, उपेक्षित आदिलाई उठाउनु पर्छ । उनीहरूलाई यस समाजमा आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकारको यस उपन्यासले वकालत गरेको छ ।

## २.४.४ अस्तित्ववादी प्रवृति

मानिसको जीवन सङ्घर्षपूर्ण छ । ऊ सङ्घर्षका बीच पनि आफ्नो अस्तित्व सुरक्षित राख्न चाहन्छ । मानिसको जीवन विसङ्गति नै विसङ्गतिले भरिएको छ तर पनि मानिस अस्तित्वका लागि बाँच्न विवश छ भन्ने चिन्तन नै अस्तित्ववादी चिन्तन हो । "मानिसलाई उसको इच्छाबिना नै यस निरर्थक र संयोजित संसारमा आउनुपर्यो । बाँच्नका लागि जीवनभर सङ्घर्ष गर्नुपर्छ र इच्छाविना नै मर्नुपर्छ । जीवनलाई निरूपाय र निरर्थक मानेर यसलाई महत्ता र मूल्य प्रदान गर्ने चेष्टा तथा दृष्टिकोण अस्तित्ववादमा संरक्षित छ" (प्रधान, २०६१, पृ. १८८) । यसरी बाँच्नका लागि जीवनभर सङ्घर्ष गर्नुपर्छ र इच्छाविना नै मर्नुपर्छ भन्ने चेतना उनका उपन्यासमा पाइन्छ ।

उपन्यासकार शारदा शर्माको उपन्यासमा अस्तित्ववादी प्रवृति पाइन्छ । ताप उपन्यासको प्रत्येक पात्र आफ्नो अस्तित्वको खोजमा हिँडिरहेका पाइन्छन् । यसै कारणले शारदा शर्मा अस्तित्ववादी उपन्यासकार बन्न पुगेकी छन् ।

## २.४.५ विसङ्गतिमूलक चिन्तनको प्रयोग

आफूले नचाहेको भोग्नुपर्ने, जेजे हुनुपर्ने हो त्यो नभई अर्कै हुनुजस्ता असङ्गतिपूर्ण कुरा नै विसङ्गति हो। "असङ्गति र विसङ्गति नै जीवनजगत्‌को मूलभूत कुरा हो भन्ने मान्यता वा सिद्धान्तलाई विसङ्गतिवाद भनिन्छ । बरू विसङ्गतिवादले त यो समस्त जीवन नै फजुल नै फजुल, वाहियात नै वाहियात, निरर्थक नै निरर्थक, निस्सारै निस्सार काम कुराद्वारा भरिएको देखिन्छ (ज्ञवाली, २०६७, पृ. १०४) । कहीँकतैबाट पनि बाँच्नुको सार नपाइएको कुरा शर्माले यस कृत्तिमा अभिव्यक्त गरेकी छन् ।

## २.४.६ नारीवादी चेतना

"पाश्चात्य साहित्यमा विकसित उत्तरआधुनिकतावादभित्र देखिएको नारीवादी चेतनाले नारीजातिको हक, अधिकार, अवसर आदिका बारेमा वकालत गरेको छ ।" (ज्ञवाली, २०६७, पृ. ९५) । नारीवादी मान्यताले पुरुषसत्ताद्वारा स्थापित मान्यतालाई अस्वीकार गर्छ । नारीको वास्तविक पहिचान र अस्तित्वका खातिर साहित्यमा नारीवादी स्वरहरू मुखरित गरिएको हुन्छ । "नारीकेन्द्री परिप्रेक्ष्यबाट नारीका हक, हित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ" (लुइटेल, २०६९, पृ. ३७१) । यस ताप उपन्यासको केन्द्रीय पात्र नारी हो । यसमा पात्र प्रयोगका दृष्टिले नारीहरूको बाहुल्य रहेको छ । प्रत्येक नारी पात्र अस्तित्वको खोजीमा भौतारिरहेका छन् । समाजबाट विभिन्न कुराबाट प्रताडित हुन पुग्दा उनीहरू कतिपय स्थानमा विद्रोही पनि बन्न पुगेका छन् । अस्तित्वको खोजीमा भौतारिरहेका छन् । समाजबाट विभिन्न कुराबाट प्रताडित हुन पुग्दा उनीहरू कतिपय स्थानमा विद्रोही पनि बन्न पुगेका छन् । लेखक स्वयम् नारी भएकाले नारीसमस्यासँग उनी परिचित छन् । तसर्थ ताप उपन्यासमा नारी आवाज बुलन्द भएकाले यस उपन्यासलाई नारीवादी चेतनाले भरिपूर्ण उपन्यास भन्न सकिन्छ ।

## २.४.७ यौन मनोविज्ञानको प्रयोग

उपन्यासकार शर्माले मनोविज्ञानका तीनवटै पक्ष सामान्य, असामान्य र आपराधिक मनोविज्ञानको प्रयोग गरेकी छिन् । सामान्य मनोविज्ञानको प्रयोग भएका पात्रका मनोभावनाहरू राम्ररी मुखरित भएका छन्। व्यक्तिका अन्तःकरणमा दबेर रहेका यौन चाहना, विपरीत लिङ्गप्रतिको आकर्षण आदिलाई साहित्यका माध्यमबाट उजागर गरिन्छ । यसलाई

यौन मनोविज्ञानको प्रयोग भनिन्छ । यस सिद्धान्तका प्रतिपादक सिग्मण्ड फ्रायड हुन् । यस सिद्धान्तका नेपाली साहित्यका प्रथम प्रयोक्ता विश्वेश्वरप्रसाद कोइराला हुन् । शारदा शर्माको ताप उपन्यासमा मनोविज्ञानका तीनवटै पक्ष सामान्य, असामान्य र यौन मनोविज्ञानको प्रयोग भएको पाइन्छ । यस उपन्यासका कतिपय पात्रहरू सिधै यौनजनित विषयको बारेमा उल्लेख भएका पाइन्छन् ।

### २.४.८ सरल भाषशैलीको प्रयोग

उपन्यासकार शारदा शर्माको भाषाशैली सरल एवम् मनमोहक नै रहेको पाइन्छ । उपन्यासका साथै अन्य साहितिृयक विधामा पनि उनको प्रवृति झल्केको पाइन्छ । यस ताप उपन्यासले भौतिक इन्द्रबाट आध्यात्मिकतातिरको यात्रा गरेको पाइन्छ । बौद्ध दर्शनका तान्त्रिक सिद्धान्तलाई उपन्यासको धेरै ठाउँमा प्रयोग गरिएको छ । उपन्यासकी प्रमुख पात्र सुजता बौद्ध धर्मको धार्मिक स्थल गुम्बामा धेरै समय बिताउँछे । यस उपन्यासमा दर्शनसम्बन्धी प्रस्तुति भएकाले यस खालको भाषालाई उचित र सान्दर्भिक नै भन्न मिल्छ ।

## २.३ निष्कर्ष

वि.सं. २०१५ साल कार्तिक ४ गतेका दिन स्याङ्जा जिल्लाअन्तर्गत पर्ने झारखोला भन्ने ठाउँमा जन्मिएकी शारदा शर्माले बाल्यकालदेखि नै साहित्य सिर्जनामा रुचि लिएको पाइन्छ । उनले सीसिर्जनामा रुचि लिएको पाइन्छ । उनले *सीमान्त अनुभूति* (२०४४), *युद्धोपरान्त* (२०४९) र *स्वर्णसुत्र* (२०५३) तीनवटा कवितासङ्ग्रह, *आस्थाको भग्नावशेष* (कथासङ्ग्रह, २०४८), *अग्निस्पर्श* (२०६३) *भुइँफूलको देश* (२०६८) निबन्धसङ्ग्रह, *ताप* ( उपन्यास, २०६९) आदि कृतिहरू प्रकाशित गराइसकेकी छन् । उनका कविताले समसामयिक भावनालाई अभिव्यक्त गर्दै, नारी अस्मिता, मानवमूल्य आदिको प्रस्तुत गरेका छन् भने उनका निबन्धले आफूले देखेभोगेका कुरालाई प्रस्तुत गर्ने काम गरेका छन् । यसरी नारी अस्मिता, मानवता, मौलिकता, संस्कृति जर्गेनाको आवाज जस्ता साहित्यिक विशेषता शारदा शर्मामा पाइन्छ । यसका साथै विभिन्न सङ्घसंस्थामा आबद्ध भएर पनि उनले तिनको समुन्नति र समृद्धिका लागि ठूलो योगदान पुऱ्याएको पाइन्छ ।

शारदा शर्माको औपन्यासिक प्रवृत्तिलाई केलाउँदा उनी सामाजिक यथार्थवादी उपन्यासकार हुन् । तत्कालीन समयमा समाजमा युद्धले पुऱ्याएको क्षति, सिर्जना गरेको भय, आतङ्कलाई उपन्यासले देखाउने काम गरेको पाइन्छ । उनका उपन्यासमा सामाजिक

अराजकता, शोषण, कुरीतिप्रति आलोचना गरिएकाले उनलाई आलोचनात्मक यथार्थवादी उपन्यासकार भन्न सकिन्छ । उनको उपन्यासमा मानवीय भावना समेटी लिङ्ग, वर्ग, सम्प्रदायको विभेदप्रति असहमति प्रकट गरेकाले उनलाई मानवतावादी उपन्यासकार भन्न सकिन्छ । जीवन विसङ्गति नै विसङ्गतिले भरिपूर्ण भएपनि यस उपन्यासका पात्र अस्तित्वको खोजीमा रहेका छन् । जीवन निरर्थकै निरर्थक भएकोले कहीँकतैबाट पनि बाँच्नुको सार नपाइएको कुरालाई पनि यहाँ अभिव्यक्त गरिएको पाइन्छ । यस उपन्यासका नारीपात्र अस्तित्वको खोजिमा भौतारिदै जाँदा कतिपय स्थानमा विद्रोही बन्न पुगेका छन् साथै सामान्य, असामान्य र यौनमनोविज्ञानका पक्षलाई पनि यस उपन्यासले उतार्ने काम गरेको छ ।

# तेस्रो परिच्छेद

# 'ताप' उपन्यासमा प्रयुक्त पात्रको विश्लेषण

## ३.१ विषयप्रवेश

प्रस्तुत परिच्छेद शारदा शर्माको *ताप* उपन्यासमा रहेका पात्रहरूको अध्ययनसँग सम्बन्धित छ । उपन्यासमा रहेका पात्रहरूको लिङ्गगत आधारमा सामाजिक, सांस्कृतिक, यौनिक, भूमिका र कार्यका आधारमा लिङ्गको पहिचान गरिएको छ । लिङ्गगत अध्ययन गर्दा स्त्री पात्र र पुरुषपात्रलाई छुट्टा छुट्टै किसिमले अध्ययन गरिएको छ । शर्माद्वारा लेखिएको *ताप* उपन्यासमा तेस्रो लिङ्गी पात्रहरूको अध्ययन र विश्लेषण गरिएको छैन । कार्यका आधारमा उपन्यासमा रहेका पात्रहरूमा कुन कुन पात्र प्रमुख पात्र हुन्, कुन पात्र सहायक पात्र र कुन पात्र गौण पात्र हो भनेर तिनीहरूलाई छुट्याएर अध्ययन गरिएको छ । कार्यका आधारमा सबै पात्रहरूले कतै प्रमुख, कतै सहायक र कतै गौण कार्य गर्न नसक्ने हुनाले छुट्टा छुट्टै पात्रको प्रयोग गरी तिनीहरूको व्याख्या र विश्लेषण गरिएको छ । त्यसैगरी प्रवृत्तिको आधारमा उपन्यासमा रहेका पात्रहरूलाई अनुकूल र प्रतिकूल गरी दुई किसिमले पात्रहरूको विश्लेषण गरिएको छ । कुन पात्र सकारात्मक पात्र हो र कुन पात्र नकारात्मक पात्र हो भनी छुट्याएर ती पात्रहरूको व्याख्या र विश्लेषण यस अध्यायमा गरिएको छ ।

## ३.२ पात्रसम्बन्धी सैद्धान्तिक अवधारणा

लिङ्गका आधारमा लिङ्गको पात्रको प्राकृतिक जात छुट्याउने हुँदा यसका आधारमा पात्र पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई वर्गका हुन्छन् । पात्रको बाह्य वर्णन तथा शरीर नामकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट यो छुट्याउन सकिन्छ । आख्यानका पात्र चयन गर्दा स्त्री, पुरुष दुवै चयन गरिन्छ । आ-आफ्ना नैसर्गिक अधिकारका आधारमा यिनीहरूलाई आख्यानमा उतारिन्छ (बराल र एटम, २०६६, पृ. ४९) । नारी र पुरुषका आ-आफ्नै चालढाल, हिँडाइ, बोलाइ, क्रियाकलाप, परिवेश रहेका हुन्छन् । आख्यान समाजको ऐना हो । समाजमा घटेका घटनाको केन्द्रीयताको परिवेशसँग मिल्दो पात्र चयन गर्नुपर्दछ । लामो कपाल छोडेकी, सिउँदोमा सिन्दुर हालेकी, ओठमा रातो लाली लगाएकी, टिमिक्क परेको चोली र रातो साडीमा सुसज्जित अधवैंस आइमाई यस्तो किसिमको आख्यानको

परिवेशलाई प्रस्तुतीकरणका लागि नारी पात्र नै चयन गर्नुपर्दछ । नारीका दु:ख, सुख, समस्या आदिलाई प्रस्तुत गर्नका लागि नारी पात्र नै चयन गरिएको हो । त्यसरी नै पुरुषका केन्द्रीयतामा घटेका घटनाहरूको प्रस्तुतीकरण पुरुषपात्रबाट नै हुनुपर्छ । पुरुष पात्रलाई प्रेमिका रूपमा, वरका रूपमा, बाबुको रूपमा चिनाई परिवेश सुहाउँदो प्रस्तुतीकरणका लागि पुरुषपात्र नै चयन गर्नुपर्दछ । त्यसकारण नै नारी र पुरुष पात्रको चयन गरिन्छ । सङ्ख्यात्मक हिसाबले वा दृष्टिले नारी र पुरुष घटीबढी भए तापनि दुबैको उपस्थिति उपन्यासमा भएकै हुन्छ (सुवेदी, २०५९, पृ. ४९) । पात्रहरूको शारीरिक जात छुट्याउने आधार नै लिङ्ग हो । आख्यानमा पात्रहरूको छनोट गर्दा स्त्री पात्र र पुरुष दुवैको चयन गरिन्छ ।

कार्यका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन वर्गमा विभाजन गरिन्छ । उपन्यासमा प्रमुख कार्य गर्छ र समाज अनुकूल छ तथा सर्वाधिक पुनरावृत्ति हुने पात्र प्रमुख पात्र हो । प्रमुख पात्रको वरिपरि रहेर कथानकलाई गति प्रदान गर्नका लागि सहयोगीको भूमिका निर्वाह गर्ने पात्र सहायक पात्र हो । प्रमुख पात्रलाई सहयोगीको रूपमा कार्य गर्ने पात्र नै सहायक पात्र हो (सुवेदी, २०५०, पृ. ५४) । उपन्यासमा प्रयोग भएका कुनै पात्रहरू कथानकको सुरुवातमा आएर बीच मा हराउने अनि बीचमा आएर बिचमै वा अन्त्यमा हराउने कथानकमा कम महत्त्वको पात्र नै गौण पात्र हो । आख्यानमा सबै पात्रको महत्त्व उतिकै भए पनि कार्य भने अलग अलग नै हुन्छन् । कसैले प्रमुख कार्य गर्छन् भने कसैले सहायक र कसैले गौण कार्य गर्दछन् । प्रमुख पात्रले कथानकलाई एक्लै अगाडि बढाउन गाऱ्हो हुन्छ । त्यतिखेर सहायक पात्रलाई सहयोगीका रूपमा अगाडि ल्याइन्छ । मुख्य घटनालाई देखाउन वा प्रस्तुत गर्न प्रमुख पात्रको चयन गरिन्छ । आख्यानमा प्रमुख पात्रद्वारा नै घटना, पात्र र विभिन्न क्रियाकलाप सञ्चालित, प्रभावित र प्रवाहित हुन्छन् । औपचारिक गतिलाई अघि बढाउन प्रमुख पात्रको मुख्य हात हुन्छ भने सहायक पात्रले पनि औपन्यासिक गतिलाई अघि बढाउन सहयोग गर्दछ । एउटै पात्रले कृतिमा सबै कार्य गर्न असम्भव छ । एउटै पात्रले कतै प्रमुख, कतै सहायक र कतै गौण कार्य गर्न सक्दैन । त्यसैले मुख्य वा प्रमुख कार्य गर्नाका लागि प्रमुख पात्रलाई अगाडि सारिन्छ भने सहायक कार्यका लागि सहायक पात्रलाई उभ्याइन्छ भने स-साना छोटो कार्यलाई पूरा गर्नका लागि गौण पात्रको चयन गरिन्छ (बराल र एटम, २०६६, पृ. ३२) । आख्यानमा विभिन्न पात्रहरू रहेका हुन्छन् ।

कथावस्तुलाई अगाडि बढाउनका लागि प्रमुख पात्र सँगै सहायक पात्र र गौण पात्रको पनि आवश्यकता पर्दछ ।

प्रवृत्तिका आधारमा उपन्यासका पात्रलाई अनुकुल र प्रतिकूल गरी दुई वर्गमा विभाजन गरिन्छ । आफ्नो समाजको संस्कारलाई पालना गर्ने, समाज व्यवस्थापनलाई नखल्बल्याउने सकारात्मक चरित्र भएको पात्र नै अनुकूल पात्र हो । कुनै कुराको सही पालना नगर्ने नकारात्मक चरित्र भएको पात्र नै प्रतिकूल पात्र हो । जुनसुकै समाजको संस्कारलाई अस्वीकार गर्ने समाजलाई विकृतितर्फ लैजाने नकारात्मक कार्य गर्ने पात्र प्रतिकूल पात्र हो । यस्तो वर्गको पात्रलाई खल पात्रका रूपमा चिनिन्छ । समाजमा आ-आफ्नौ खालका धर्म, संस्कृति, रीतिरिवाज, परम्परा, चालचलन, नियम, पद्धति रहेका हुन्छन् । समाजमा अनेक चरित्र भएका मानिसहरू बसोबास गर्दछन् । कति मानिसले चरित्र सकारात्मक र नकारात्मक हुने गर्दछ । सकारात्मक चरित्रले समाजको अनुकूल कार्य गर्दछन् भने नकारात्मक चरित्रले समाजको प्रतिकूल कार्य गर्दछन् । अनुकूल र प्रतिकूल पात्रका बीच आख्यानात्मक द्वन्द्व हुन जान्छ र अनुकूल चरित्रले विजय प्राप्त गर्दछ । त्यसबाट पाठक प्रेरित बन्दछ र पाठक स्वयम् पनि अनुकूल चरित्रतिर तानिन्छ । सर्जकले अनुकूल पात्रलाई सिर्जनामा उतारेर समाजका सकारात्मक विचारधाराका मानिसको प्रतिनीधित्व जनाउने कार्य गर्दछन् भने प्रतिकूल पात्रका कार्यले समाजमा पारेको असर, विकृति, विसङ्गतिहरूको प्रस्तुतिकरण गरेका हुन्छन् । त्यसैले राम्रो समाज व्यवस्थापनलाई कायम गरेको देखाउनका लागि अनुकूल चरित्र र समाज व्यवस्थापनलाई खल्बल्याउने, नराम्रो कार्य गर्ने प्रवृत्तिको प्रस्तुतीकरण गर्नका लागि प्रतिकूल पात्रको चयन गरिन्छ (शर्मा, २०४८, पृ. १५०) । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात्‌सत् हुन्छ भने नकारात्मक भूमिक निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल वा असत हुन्छ ।

स्वभावका आधारमा पात्रहरू गतिशील र गतिहीन गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा कुनै परिस्थितिअनुसार बदलिने पात्र गतिशील पात्र हुन्छ । जो आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गरी सुहाउँदो बन्छ भने त्यस्तो पात्र गतिशील पात्र हुन्छ । परिवेश र परिस्थितिअनुसार परिवर्तन नहुने र कथानकको प्रारम्भदेखि अन्तसम्म चरित्र वा प्रवृत्ति अनि पात्रको गतिमा कुनै भिन्नता वा उतार चढाव नदेखिने पात्रलाई गतिहीन पात्र भनिन्छ । एउटै आचरणदेखि कुनै परिवेशमा आफूलाई परिवर्तनशील तुल्याउँछ भने त्यस्तो

पात्र गतिशील पात्र हो तर आफूलाई कुनै वातावरणले परिवर्तन गराउँदैन वा हलचल बनाउँदैन भने त्यस्तो पात्र नै गतिहीन पात्र हो (शर्मा, २०४८, पृ. ३३) । समय, परिस्थिति र परिवेशअनुसार मानिसको स्वभाव परिर्वतन हुन्छ । गतिशील चरित्र भएका पात्रले जति दुःख, पीडा भोगी जीवनका अनेक मोड परिवर्तन गर्न सक्छ भने गतिहीन पात्रले आफूलाई स्थिर राख्दछ । कसैको उमेर ढल्किसक्दा पनि बालसुलभ, उदार, निश्छल, ख्यालठट्टा, गाम्भीर्य, धैर्य, अधैर्य एकैनासको हुने गर्दछ भने कसैको परिवर्तनशील रहने गर्दछ (बराल र एटम, २०६६, पृ. ३३) । परिस्थितिअनुसार बदलिने पात्र गतिशील हो भने कुनै वातावरणले पनि परिवर्तन नगराउने पात्र गतिहीन हो । उपन्यासका सहभागीहरूमध्ये कतिपय सहभागी परिस्थितिअनुसार बदलिने स्वभावका हुन्छन् भने कतिपय सहभागी चाँहि बदलिदो स्थितिमा पनि नबदलिने स्वभावका हुन्छन् । यस आधारमा सहभागीहरू गतिशील र स्थिर गरी दुई वर्गका हुन्छन् । देशकाल र परिस्थितिअनुरूप कुनै न कुनै रूपले आफ्नो स्वभाव, सिद्धान्त र जीवन धारालाई परिवर्तन गर्न सक्ने सहभागीलाई गतिशील र देशकाल र परिस्थितिमा परिवर्तन भए पनि वा कुनै पनि ढङ्गले उही रूपमा रही रहने सहभागीलाई स्थिर सहभागी भनिन्छ भन्नाले समय र परिस्थिति सँगसँगै आफ्नू विचारधारा वा सोचलााई परिवर्तन गरी रहने सहभागी गतिशील हुन्छन् भने, जस्तासुकै परिस्थिति आए तापनि आफ्नो सोच, आफ्नो विचारधारा, आफ्नो जीवनशैलीमा कुनै परिवर्तन नआएर शुरुदेखि अन्त्यसम्म उही अवस्थामा रहने स्थिर सहभागी हुन्छन् (लुइटेल, २०६९, पृ. ४६) । उपन्यासमा भएका सबै पात्रहरूको स्वभाव एकै खालको हुँदैन कतिपय सहभागी परिस्थितिअनुसार बदलिने हुन्छन् भने कतिपय चाँहि बदलिदो स्थितिमा पनि नबदलिने स्वभावका हुन्छन् ।

जीवनचेतनाका आधारमा यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा प्रयोग भएको पात्रले समाजमा रहेका अन्य मानिसको जस्तै कार्य गर्दछ भने त्यस्तो पात्र वर्गीय पात्र हो । आफ्नो निजी भावनाले आफ्ना इच्छा आकाङ्क्षाअनुसार अन्य मानिसको भन्दा फरक शैलीले कार्य गर्ने पात्र व्यक्तिगत पात्र हो । अरूको भन्दा अलग व्यवहार गर्ने निजी निर्णयलाई सर्वोपरि ठानी आफ्नै इच्छाअनुसार फरक कार्य गर्ने पात्र व्यक्तिगत पात्र हो । समाजको सामाजिक संरचनाअनुसार फरक कार्य गर्ने पात्र व्यक्तिगत पात्र हो । समाजको सामाजिक संरचनाअनुसार आर्थिक दृष्टिले समाजका मान्छेलाई तीन वर्गमा विभाजन गरिन्छ । ती वर्गहरूमा उच्च, मध्यम र निम्नवर्ग पर्दछन् । घरजग्गा, पेसा, रोजगारी, उद्योग, कलकारखाना आदि हुने व्यक्तिहरू उच्चवर्ग अन्तर्गत पर्दछन् । सामान्य

रूपमा जीविकोपार्जनका आधार भएका व्यक्तिहरू मध्यवर्गअन्तर्गत पर्दछन् । जीवन जिउनसम्म पनि कठिनाइ भोग्ने व्यक्तिहरू निम्न वर्गमा पर्दछन् । यस्ता वर्गका मानिसहरूलाई गाँस, बास र कपास जुटाउनसमेत गाऱ्हो हुन्छ (बराल र एटम, २०६६, पृ. ३३) । समाजमा रहेका अन्य मानिसको जस्तै कार्य गर्ने वर्गीय पात्र हो भने आफ्नै इच्छाअनुसार फरक कार्य गर्ने पात्र व्यक्तिगत पात्र हो । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनीधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनीधित्व गरी नवीन शैलीको सन्धान गर्ने पात्र वैयक्तिक हुन्छ ।

आसन्तताका आधारमा उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । स्रष्टाले पात्रहरूलाई अनेक शैलीले प्रस्तुत गरेका हुन्छन् । उपन्यासका पात्रहरूले कतै नाटक प्रदर्शन गरेका हुन्छन् भने कतै पात्रहरूको वर्णन मात्र हुन्छ । यसरी उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय पात्र हो भने कथयिताले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य पात्र हो (लुइटेल, २०६९, पृ. ४६) । मञ्चमा प्रत्यक्ष आउने पात्र मञ्चीय पात्र हो भने मञ्चमा प्रत्यक्ष रूपमा आउन नसक्ने पात्र नेपथ्य हो । मञ्चीय पात्रको भूमिका सक्रिय हुन्छ भने नेपथ्य पात्रको भूमिका वर्णित र निष्क्रिय मात्र हुन्छ । मञ्चीय पात्रले आख्यानात्मक कृतिका मुख्य मुख्य घटनाहरूको अभिनयात्मक प्रस्तुतीकरण गरेको हुन्छ । मुख्य मुख्य क्रियाकलापहरू मञ्चीय पात्रबाट प्रस्तुत हुने भएकाले नै मञ्चीय पात्रको प्रयोग गरिन्छ भने जुन घटना पर्दाभित्रबाट व्याख्या विश्लेषणका माध्यमबाट प्रस्तुत गर्नाका लागि नेपथ्य पात्रको चयन गरिन्छ (बराल र एटम, २०६६, पृ. ३३) । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्यीय गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ ।

आबद्धताका आधारमा आख्यानमा प्रस्तुत कथानकसँग पात्रको सम्बन्ध कायम गरिने कार्य नै आवद्धता हो । यसका आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । उपन्यासको कथानकमा जेलिएर केन्द्रीय चरित्रका क्रियाकलापसँग सम्बद्ध रहेको पात्र बद्ध पात्र हो । त्यस्तो बद्ध पात्रलाई अलग बनाउँदा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल आउँदैन । मुक्त पात्रको भूमिका उपन्यासमा महत्त्वपूर्ण हुँदैन भने बद्ध पात्रको

भूमिका महत्त्वपूर्ण हुन्छ । कथानकसँग सम्बन्धित भएर आएका सहभागी वा पात्रहरू बद्ध सहभागी हुन् (लुइटेल, २०६९, पृ. ४६) । यी सहभागीका अभावमा कथानक विशृङ्खलित हुन्छ । कथानकसँग प्रत्यक्ष सम्बन्ध नराख्ने सहभागीहरू मुक्त सहभागी हुन् । यी सहभागीहरू स्वतन्त्र किसिमका हुन्छन् र कथानकसित प्रत्यक्ष रूपमा सम्बन्ध हुँदैन । यस्ता सहभागीलाई झिक्दा कथानकमा खासै असर पर्दैन । यी पात्रहरूको उपन्यासमा कुनै पनि महत्त्वपूर्ण भूमिका छैन । त्यसैले यी पात्रहरू उपन्यासमा हुँदा तथा नहुँदामा औपन्यासिक संरचनामा कुनै पनि प्रभाव नपर्ने हुनाले यी पात्रहरू मुक्त पात्र हुन् । बद्ध पात्र कथानकसँग जेलिएको हुनाले कथानक र बद्ध पात्रवीच देह र आत्माको जस्तै निकट सम्बन्ध रहेको हुन्छ । सर्जकले कथानकको संरचनालाई दरिलो बनाउनका लागि बद्ध पात्रको चयन गर्दछ । मुक्त पात्र आख्यानमा कताकता मात्र उपस्थित हुन्छ । मुक्त पात्रले कथानकसँग निकट सम्बन्ध जोडिएको हुँदैन । सहयोगका लागि मात्र मुक्त पात्रको चयन गरिन्छ (शर्मा, २०४८, पृ. १५७) । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल हुँदैन ।

## ३.३ ताप उपन्यासको परिचय

बौद्धधर्मका मूलभूत मान्यताका साथसाथै समग्र तीन पुस्ते नेपाली राजनीति नै कथावस्तु भएको ताप उपन्यासमा ३१९ पृष्ठ रहेका छन् । कृतिमा बौद्ध संस्कृतिको प्रयोग भएकाले परिशिष्ट खण्डमा उपन्यासमा प्रयोग गएका जटिल बौद्धशब्दको अर्थ पनि दिइएको छ । विशेष गरी समकालीन नेपालीले भोगिरहेको कथालाई यस उपन्यासले विषय बनाएको छ । नेपालीले भोगेको बाह्रवर्षे सशस्त्र युद्धद्वारा सिर्जित अनेक विषय समस्यालाई यहाँ प्रस्तुत गरिएको छ । ताप उपन्यासले आशिक मात्र समकालीन नेपालको अवस्था प्रस्तुत गरेको छ । यस उपन्यासमा उपन्यासकारले नेपालका राणा शासक युद्धशमशेरका पालादेखिको राजनीतिक इतिहासलाई प्रस्तुत गरेको पाइन्छ ।

यस उपन्यासमा प्रथम परिच्छेदको नाम सुजाता रहेको छ । उपन्यासकी लेखिकाले परिशिष्ट खण्डमा जानकारी दिएअनुसार यिनी बौद्धधर्ममा सम्मानित पात्र हुन् । यिनले दिएको खिरको भोजनपश्चात् बुद्धलाई बुद्धत्व प्राप्त भएको थियो । उपन्यासकारले यसरी परिचय गराएकी छन् :

"सुजाता बोधगया नजिकैको एउटा ठाउँमा बुद्धलाई खीर खान दिने नारी, कठोर तपस्याले ज्यादै कमजोर बनेका बुद्धलाई खीर खाएर आराम गरेपछि शक्ति प्राप्त भएको थियो" (पृ. ३२४) ।

सुजाता यस उपन्यासकी केन्द्रीय पात्र हो । सेनाद्वारा बलात्कृत भई फर्पिङको जङ्गलमा छोडिएको अवस्थामा लामा धर्मगुरुद्वारा गुम्बामा ल्याइएको प्रसङ्ग यहाँ वर्णित छ । गुम्बाभित्र बस्ने सामान्य भिक्षुणीका बारेमा सुजाताले सोधेका कथाहरू, लामा गुरुलाई रिड्पोछे भन्नुपर्ने गुम्बाको शिष्टाचारको वर्णन यहाँ छ ।

परिच्छेद दुईको शीर्षक गुम्बाको बाटो रहेको छ । यस खण्डमा मान्छेहरू के कारणले गुम्बा आउँछन् भन्ने कुरा उल्लेख गरिएको छ । साधक, साधिकाको वर्णन, बौद्ध भिक्षुहरूले पालन गर्नुपर्ने नियम यहाँ उल्लेख भएको पाइन्छ । एउटी वृद्ध आनी बौद्ध गुम्बामा आउनुको कारण पनि यहाँ उल्लेख गरिएको छ ।

बौद्ध गुरुकूल शीर्षक रहेको परिच्छेद ३ मा बौद्ध शिक्षादीक्षाका बारेमा उल्लेख गरिएको छ । बलात्कृत भएर बौद्ध गुम्बामा आइपुगेकी सुजाता सुशिक्षिता र सुपठिता नारी हो । उसको दार्शनिक चेतले रिड्पोछेसँग यस्तो जिज्ञासा प्रकट गर्छ म भिक्षुणीहरूमा सुधारको आवश्यकता देखिरहेकी छु । गतिशिलता धर्मको प्राण हो । धर्म उच्चाटलाग्दो बनेपछि यसले मान्छेलाई डोऱ्याउन सक्दैन, गुरुदेव (पृ. ७५) । सुजाताले बौद्ध ध्यान, परम्परा, तान्त्रिक, उपासना पद्धति आदिका बारेमा यथाशक्य ज्ञान हासिले गर्न उत्प्रेरणा देखाएको कुरालाई पनि यहाँ प्रस्तुत गरिएको छ । अवतारी साना गुरुको मृत्यु, यसका बारेमा चलेको बहसलाई पनि यस शीर्षकमा देखाइएको छ ।

परिच्छेद ४ मा सुजाता बौद्ध गुम्बामा आइपुगेको रहस्यको बारेमा चर्चा गरिएको छ । आमाछोरी बीचका विवाद, पूर्वपरिचित साथी मुक्ति (जुन माओवादी कार्यकर्ता हुन्छ) सँग निस्कदै गर्दा सेनाद्वारा पक्राउ परी उसलाई दिएको अमानवीय यातना साथै कठोर जीवन भोगाइलाई यहाँ उल्लेख गरिएको छ । उसले गलत परिचय दिएकाले आमाले सजिलै पत्ता नलगाएको अन्त्यमा फपिङ्को जङ्गलमा सेनाद्वारा बलात्कृत भई मरणासन्न अवस्थामा बौद्धगुरुले उद्धार गरी गुम्बामा ल्याइएको चर्चा पनि यहाँ गरिएको छ ।

अर्को परिच्छेदमा मुक्ति यात्राको चर्चा छ । काठमाडौँमा बसी पढअर्को परिच्छेदमा मुक्ति यात्राको चर्चा छ । काठमाडौँमा बसी पढ्दै गरेको मुक्तिका बुबालाई सेनाले

माओवादीको गुप्तचरको आरोप लगाई हत्या गरेपछि उसको परिवार विचलित बन्न पुग्छ र ऊ माओवादीमा प्रवेश गर्छ । माओवादीमा पनि सेनाको जस्तै यातना दिने, हत्या गर्ने कार्य भएकाले ऊ शान्तिका लागि अध्यात्मतिरको यात्रामा निस्केको हुन्छ ।

सुजाताकी आमा चन्द्रिकाको सङ्घर्षको छैटौं परिच्छेदमा चर्चा गरिएको छ । राणा परिवारकी चन्द्रिका पढ्नका लागि सङ्घर्ष गरी बेलायत पुग्छे । सानोबुबा अरबिन्द्रको कुदृष्टिबाट बच्नका लागि सङ्घर्ष गरी होस्टेलमा बस्छे। नेपालकै गोरखा पुर्ख्यौली घर भएको तर त्यहीँको कलेजबाट पीएच.डी. गर्दै गरेको प्रभाकरसँग भेट भई अन्त्यमा विवाह हुन्छ । विवाहपश्चात् उनीहरू नेपाल फर्किन्छन् तर पारिवारिक, आर्थिक, सामाजिक समस्याले उनीहरूको वैवाहिक जीवन अगाडि बढ्न सक्तैन तर प्रेमको प्रतीक सुजाताको भने जन्म हुन्छ ।

सातौं परिच्छेदको शीर्षक सन्तान रहेको छ । यहाँ चन्द्रिका छोरी हराएकामा सन्तानको वात्सल्यले गर्दा सन्तप्त बनेकी छ । सङ्घर्षबाट उच्च ओहोदामा पुगेकी ऊ अन्तर्राष्ट्रिय रेडक्रस एवम् अन्य संस्थाबाट अनुगमन हुँदा पनि छोरीको खबर नपाउँदा उसको सन्तापमा घिउ थपिएको छ । आठौं परिच्छेदमा शिमलाको सम्झना रहेको छ । यहाँ चन्द्रिकाले बाल्यकालको सुखानुभूतिलाई स्मरण गरेकी छ ।

नवौं परिच्छेदमा परासरका बारेमा चर्चा गरिएको छ । चन्द्रिका र परासरको लन्डनमै भेट भएको, ऊ श्रीलङ्का गएका समयमा पनि अचानक उसको परासरसँग भेट भएको चर्चा छ, परासरले प्रदर्शन गर्ने प्रत्येक व्यवहारमा यौनिक दृष्टि रहेको छ । अबला नारीप्रति पुरुषको कस्तो दृष्टि हुन्छ भन्ने कुरालाई पनि परासरको व्यवहारबाट देखाइएको छ । यहाँ २०५२ साल पछिका राजनीतिक घटनाक्रमको पनि सङ्केत पाइन्छ । यसमा भौतिकताबाट आत्मशान्ति प्राप्त गर्न नसकेपछि अध्यात्म मार्गलाई अवलम्बन गरेको पनि चर्चा छ ।

दसौं परिच्छेदमा कैवल्य आश्रमको वर्णन पाइन्छ । छोरी सुजाताको केही अत्तो पत्तो नलागदसौं परिच्छेदमा कैवल्य आश्रमको वर्णन पाइन्छ । छोरी सुजाताको केही अत्तो पत्तो नलागेपछि मानसिक अशान्तिबाट छुटकारा पाउन चन्द्रिका साथी यमनसँग कैवल्य आश्रममा पुग्दछे । आश्रममा साधक, साधिका रहेको, साधक नयाँ महिलाप्रति दिनानुदिन आकर्षित भएको र साधिका पनि परपुरुषप्रति आकर्षित भएको देखाइएको छ । सबै गुणले युक्त चन्द्रिकाको आगमनले साधकलाई आकर्षण गरेको साथै आश्रममा रहेको अवस्थामा नै

सुजातालाई नागार्जुन जङ्गलमा भेटेको र उसको अवस्था असामान्य रहेकाले मानसिक अस्पतालमा लगिएको जानकारी प्राप्त भएको चर्चा छ ।

एघारौँ परिच्छेदमा प्रोफेसर यमनको वर्णन गरिएको छ । यमनको जापानी महिलासँगको प्रेमको चर्चा गर्दै उनीहरूको विवाह हुनु, असामान्य परिस्थितिका कारण उनी पुनः जापान नै फर्किनु, एउटी छोरी हुनु आदि कथाको चर्चा छ । यमन चन्द्रिकासँग सुजातालाई भेट्न अस्पताल गएको, आफ्ना बाबुबाट टाढा गराउने प्रमुख पात्र चन्द्रिका भएकाले सुजाताको आमाप्रतिको असामान्य व्यवहारलाई चर्चा गरिएको छ । चन्द्रिकाले आफ्नो भविष्य बनाउने र पति प्रभाकरसँगको प्रतिशोधको भावनाले सुजाताको उचित हेरचाह गर्न नसकेको स्वीकार गरिएको छ ।

बाह्रौँ परिच्छेदमा माता उपासिका र गुरु कैवल्यबीचको प्रेम प्रसङ्गदेखिको वर्णन गरिएको छ । गुरु कैवल्यको झुकाव चन्द्रिकातिर बढेको साथै आश्रममा देखिएका विकृति र विसङ्गतिको चर्चा यहाँ गरिएको छ । तेह्रौं परिच्छेदमा कैवल्य र चन्द्रिकाबीचको विशेष सम्बन्धको चर्चा गरिएको छ। कैवल्यले आफूले विषयलाई जितिसकेको सिद्ध सन्तका रूपमा प्रस्तुत गरे पनि चन्द्रिकासँग विशेष सम्बन्ध राखेको पाइन्छ । आश्रममा आध्यात्मिक चिन्तनको बदला भौतिक सुखका लागि दिनानुदिन अघि बढेकाले चन्द्रिका त्यहाँबाट ग्रामीण भेगतिर लागेको र अशिक्षित बालबालिकाहरूलाई शिक्षा दिनको लागि खटेको चर्चा छ । यसरी उपन्यासको अन्त्य भएको छ ।

प्रत्येक उपन्यासमा उपन्यासकारले केही न केही सन्देश अवश्य दिन खोजेको हुन्छ । यस उपन्यासमार्फत उपन्यासकारले समय र परिस्थितिअनुरूप व्यक्तिमा उत्पन्न भएको तापलाई आध्यात्मिक चिन्तन यस उपन्यासमार्फत उपन्यासकारले समय र परिस्थितिअनुरूप व्यक्तिमा उत्पन्न भएको तापलाई आध्यात्मिक चिन्तनमार्फत शमन गर्न सकिने सन्देश दिन खोजेको पाइन्छ । आत्मिक सुखका लागि अध्यात्म नै महत्त्वपूर्ण मार्ग हो भन्ने कुरा पनि यहाँ उल्लेख गरिएको छ । यसका साथै युद्ध, विद्रोहलाई विध्वंसको प्रतीकका रूपमा देखाउँदै सशस्त्र युद्धले कसैको पनि हित नगरी जनमानसलाई डर, त्रास, अशान्तिले जीवन जिउन कठिन बनाएको कुरा पनि यहाँ उल्लेख गरिएको छ । उपन्यासकारले सुरुको पृष्ठमा नैश्रीमद्भागवतको पहिलो श्लोक-सच्चिदानन्दरूपाय विश्वोत्पत्यादिहेतवे तापत्रयविनाशाय श्रीकृष्णाय वयं नुमः ॥ उल्लेख गरी त्रिविध तापः आध्यात्मिक, आधिदैविक, आधिभौतिक) को

सङ्केत गरेको पाइन्छ । यस उपन्यासका प्रायः सबै पात्रहरू यी तिनै खालका तापबाट पीडित छन् । त्यसकारण शीर्षकले नै उद्देश्यलाई बोकेको पाइन्छ ।

लामो समयदेखि थाँती रहेका राजनीतिक मुद्दा र जनताका आंकाक्षाका बीचको नमिलेको हिसाबलाई साहित्यमा उतार्ने क्रमको एउटा कडीका रूपमा यो उपन्यास आएको छ ।

लामो समयदेखि नेपालमा भएका राजनीतिक सामाजिक आन्दोलन, तिनले उठाएका राजनीतिक-आर्थिक-सामाजिक मुद्दाहरू र विभिन्न समुदायका आकांक्षाहरू मिसिएर भएको २०६२/०६३ को जनआन्दोलनले ती मुद्दा र आकांक्षाहरूलाई स्थापित गऱ्यो । ती मुद्दा र आकांक्षाहरूलाई सम्बोधन गर्न २०६४ को अन्त्यमा निर्वाचित संविधानसभा आफ्नो काम पूरा नगरी २०६९ मा विघटन भयो । संविधानसभामार्फत संविधान बनाउने नेपालीको आकांक्षा ६ दशकपछि बनेको संविधानसभाले पनि पूरा गर्न सकेन । नेपाली समाजको विविधताको प्रतिविम्बन भएको संविधानसभा ठूला दलका ठूला नेताको 'राष्ट्रिय सहमति'को चक्रमा असफल भयो । आन्दोलनको लागि जनताले राजनीतिक दललाई साथ दिने, आन्दोलन सफल हुने, सत्तामा पुगेपछि आन्दोलको बेला उठेका मुद्दाहरूलाई संस्थागत गर्न र व्यवहारमा उतार्न राजनीतिक दल असफल रहने र आन्दोलनको रापताप घट्दै जाँदा जनताका अधिकार खोसिने, यो शृङ्खला नेपालमा २००७ सालदेखि नै सुरु हुन्छ र हरेक राजनीतिक परिवर्तनपछि यो दोहोरिएको छ । पटक पटकको राजनीतिक दलको असफलताले नेपालको सङ्कट बढ्दै गएको छ ।

संविधासभा विघटन भएको ४ महिनापछि शारदा शर्माको उपन्यास 'ताप' प्रकाशन भएको छ । 'ताप' उपन्यासले नेपालमा पटक पटक राजनीतिक दलहरू किन असफल भइरहेका छन् भन्ने प्रश्नको प्रस्टीकरण दिन खोजको छ । समाजले भोगेको सफलता/असफलताका कारणको खोजी प्राज्ञिक र रचनात्मक दुवै फाँटका विभिन्न विधामा भिन्न कोणबाट हुने क्रममा 'ताप' थपिएको छ ।

'ताप' आमा छोरी- चन्द्रिका र सुजाता- दुई पुस्ताको कथामा बुनिएको छ । चन्द्रिका र सुजाताको कथामा आउने उतारचढाव देखाउन अन्य पात्रहरू आएका छन् । सुजाता अहिलेको अङ्ग्रेजी स्कुल जेनेरेसनकी केटी । आफूले चाहेको पाएर, कुनै अभाव नभई हुर्केकी । समाजमा हुने सानातिना समस्या सामाना गर्न पनि उसलाई गाह्रै पर्छ ।

राणाकालमा सत्तामा भएको परिवार चन्द्रिकाका हजुरबा खेदिएर देहरादुन पुग्छन्, छोरीले धेरै पढ्न हुन्न भन्ने पारिवारिक मान्यता भएको परिवार भए पनि उच्च शिक्षाका लागि चन्द्रिका बेलायत पुग्छे । पढ्न त्यहाँ पुगेको सामान्य परिवारको युवकसँग प्रेम विवाह गरेर नेपाल आउँछे । यहाँ पतिसँग कुरा नमिलेपछि छुट्टिन्छे र छोरी लिएर हुर्काउने पढाउने गर्छे । सोच्छे छोरीका लागि मैले 'संसारलाई अस्वीकार' गरें । माओवादी विद्रोह र संकटकालको बीचमा त्यही छोरी एक रात बेपत्ता हुन्छे । सेनाको उच्च ओहोदामा नातेदार भएर पनि उसले छोरी खोज्न सक्तिनँ । उपन्यासकारले कथाका लागि बुनेका घटनाहरू संयोगहरूको शृङ्खलाको रूपमा आएका छन् । शारदा शर्माले घटनाहरू उन्दा संयोगहरूलाई प्राथमिकता दिनको कारण उपन्यास पढिसक्दा प्रस्टिन्छ । शारदाको धारणा उनका पात्रको मुखबाट निस्किएझैं लाग्छ । एक ठाउँमा चन्द्रिका भन्छे, 'सायद नियति भनेको यही होला । सबैले आफ्नो प्रारब्ध भोग्नैपर्छ होला ।'

अमेरिकाबाट बौद्ध दर्शनमा उच्च शिक्षा हासिल गरेर फर्केर कुनै गैरसरकारी संस्थामा जागिरे भएकी सुजाता क्याम्पसमा सँगै पढेको साथीसँग डिस्कोबाट घर फर्कदै गर्दा सुरक्षाकर्मीको चेकिङमा पक्राउ पर्छे । यातनाको पराकाष्ठा, सुरक्षाकर्मीको सामूहिक बलात्कार र मानसिक उपचारपछि बौद्ध गुम्बामा पुग्छे । बौद्ध गुम्बामा महिलालाई प्रबज्या लिन पनि गाह्रो हुने प्रसङ्ग राखेर लेखकले महिलालाई अहिलेसम्म प्राप्त नभएको महास्थवीर पद सुजाताले छोटै समयमा पाउन सम्भव भएको बनाएकी छन् । तर त्यसको विश्वसनीयता स्थापित छैन । यसरी सुजातासँग जोडिएका घटनाहरू पनि शारदाले संयोगहरूले डोर्‍याएकी छन्, सुजाताको नियति स्थापित गर्न ।

चन्द्रिका र सुजाताको जीवन नियतिले डोर्‍याएको कथा बनाएर 'ताप'ले हामीले बेहोरेको विगत हाम्रो नियति हो त्यसैले 'सबैले आफ्नो प्रारब्ध भोग्नैपर्छ' भन्ने कुरामा जोड दिन्छ । 'ताप'मार्फत् शारदा शर्माले- विगत ६ दशकको नेपाली राजनीतिको असफलता पनि नेपालीको नियति हो, यो भोग्नैपर्थ्यो भन्छिन् । नियतिलाई बल पुर्‍याउन बेला बेला पात्रले त्यस्तै खालका संवाद बोल्छन् । एक ठाउँमा चन्द्रिका भन्छे, 'बेलायत बस्छु भनेकी मान्छे नेपाल आएँ, मुलुक बनाउनुपर्छ भनेर नेपाल आएको प्रभाकर (लोग्ने) भने सधैंको लागि बिदेसियो ।'

विभिन्न शीर्षकहरू दिइएको उपन्यासका खण्डमा पात्रको नाममा पनि खण्डको शीर्षक परेका छन् । ती खण्ड तीनै पात्रको मुखबाट घटना वर्णनको शैली अपनाइएको छ । यसरी विभिन्न पात्रको दृष्टिबाट कथा भनिएको छ । चन्द्रिका महारानी खण्डमा चन्द्रिकाले आफ्नो घटना बयान गर्छिन् । जुद्धशमशेरको पालादेखि पछिल्लो सङ्कटकाल पछाडिसम्म तन्किएको कथा र घटनाक्रमका समयक्रम मिल्दैनन् । '२०१२ साल जेठ पूर्णिमाका दिन जन्मेकी हु रे म' भन्ने चन्द्रिकाका बाबुआमाको बिहे भने २०१३ सालमा भनिएको छ । चन्द्रिकाको दाजु 'प्रजातन्त्रको उदय' भएको वर्ष २००७ सालमा जन्मन्छ । समयक्रमको यस्तो गन्जागोल संकटकाल लागेको भनिएको समयका घटनामा पनि भएको छ । एउटै घटना कतै भर्खर सङ्कटकाल लागेको बेला घटेको अनुभव हुन्छ भने कतै राजाको प्रत्यक्ष शासन सुरु भएको बेला भन्ने भान पर्छ ।

कविता, कथा र निबन्धमा नाम बनाएकी शारदा शर्माको 'ताप' पहिलो उपन्यास हो । उपन्यासमा बौद्ध दर्शन तथा ध्यानसँग सम्बन्धित विभिन्न प्रसङ्ग र गुम्बाभित्र प्रयोग हुने शब्दावलीले लेखकको अध्यात्मतर्फको अध्ययनलाई बताउँछ । 'ताप'का चन्द्रिका र सुजाता दुई पुस्ताका यी आमा छोरीको दृष्टिकोणमा पुस्तान्तर छ । त्यसकारण उनीहरू एकअर्काका विपरीत देखिन्छन् । तर दुवै आमा छोरी जीवनमा संकट आएपछि सङ्कटको सामना गर्नुको साटो सांसारिकतादेखि टाढा भाग्छन् । उनीहरू दुवैका लागि मनको शान्तिको खोजी संकटको समाधान बन्छ ।

सुजाता एक प्रसङ्गमा भन्छे, 'जीवनमा पुनरुक्ति सिवाय कहीं कतै केही नयाँपन बाँकी छैन । 'यही पट्यारलाग्दो निरन्तरको द्वन्द्वमा च्यापिइरहनलाई बाँच्नुपर्ने हो ?' अर्को प्रसङ्गमा चन्द्रिका स्वतन्त्रताको बारेमा भन्छे, 'मान्छे स्वतन्त्र छैन सुजाता । हामी स्वतन्त्रताको भ्रममा मात्र छौं । ... निर्बन्ध स्वतन्त्रताको अनुभूति भनेको त मृत्यु मात्रै हो ।'

हाम्रो विगतलाई नियतिवादको जिम्मा लगाउँदा इतिहासलाई कर्ता, कारण, परिणामको विश्लेषणमा बुझ्नुभन्दा सजिलो त हुन्छ नै । निर्णायक शक्ति भएर पनि असफल भएका राजनीतिक दलहरूलाई असफलताको प्रस्टीकरण दिन अझ सहज हुन्छ । नियतिको नाममा स्थापित भएका आफ्ना मुद्दा र आकांक्षालाई बिर्सन मानिसहरू तयार होलान् त ?

## ३.४ *ताप* उपन्यासका पात्रहरूको विश्लेषण

लिङ्गका आधारमा स्त्री र पुरुष गरी पात्रलाई दुई भागमा विभाजन गरिन्छ । यसभित्र नायक, नायिका, सहनायक, सहनायिका, खलनायक आदिका माध्यमबाट पनि लिङ्ग छुट्याइएको छ । उपन्यासमा पात्रले खेल्ने भूमिकाका आधारमा पात्रलाई मुख्य, सहायक र गौण गरी तीन भागमा विभाजन गरिएको छ । मुख्य पात्र उपन्यासको केन्द्रीय चरित्र हो, सहायक पात्र उपन्यासको केन्द्रीय पात्रलाई सहयोग गर्ने हो भने गौण पात्र न्यून कार्य गर्ने, उपन्यासमा नभए पनि फरक नपर्ने पात्र हो भनि विश्लेषण गरिएको छ । यस उपन्यासमा पात्र अनुकूल र प्रतिकूल गरी दुई वर्गका छन् । उपन्यासको कथावस्तुमा जुन पात्रले सकारात्मक भूमिका खेलेर पाठकको सहानुभूति आर्जन गर्छ त्यो अनुकूल चरित्र हो र जुन पात्रले नकारात्मक भूमिका खेलेर पाठकको चित्त दुखाउँछ त्यो प्रतिकूल चरित्रको हुन्छ । स्वभाव भनेको पात्रहरूको परिस्थिति अनुरूप फेरिने वा नफेरिने अवस्था हो । केही पात्रहरू स्थितिअनुसार आफूलाई समायोजित गरी फेरिरहने खालका र केही पात्रहरू जस्तोसुकै स्थितिमा पनि कति पनि नफेरिने खालका हुन्छन् । यस खालको चारित्रिक फरक पात्रको स्वभावगत गत्यात्मकता अथवा स्थायित्वका कारण उत्पन्न हुन्छ । स्वभावगत गत्यात्मकताका कारण गतिशील बनेका पात्रहरू स्थितिअनुरूप परिवर्तित भई नयाँ नयाँ रूपमा देखिन्छन् भने स्वभावगत स्थायित्वका कारण स्थिर बनेका पात्रहरू प्रत्येक स्थितिमा उही र उस्तै रहिरहन्छन् (शर्मा, २०४८, पृ. २८७) । जीवनचेतनाका आधारमा उपन्यासका सहभागीहरूलाई वर्गीय वा व्यक्तिगत गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । निश्चित सामाजिक भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनीधित्व गरेका सहभागी वर्गीयअन्तर्गत पर्दछन् । यस्ता सहभागी वा पात्रले उच्च, निम्न, शिक्षित, अशिक्षित आदि जुनसुकै वर्गको प्रतिनीधित्व गर्छन् (लुइटेल, २०६९, पृ. ४७) । यसको ठीक विपरीत सामाजिक प्रतिनीधित्व नगरी समाज भन्दा नितान्त अलग, निजी स्वभाव, विशिष्ट वा व्यक्ति विशेषको मात्र प्रतिनीधित्व गर्ने सहभागी व्यक्तिगत सहभागी हो । यस प्रकारका सहभागीका गुण वा गतिविधि अरूसँग नमिल्ने खालका हुन्छन् । औपचारिक सहभागी मानव जीवनकै प्रतिनीधि भएकाले स्वभावतः समाजका मानिसहरूको व्यक्तिगत र सामूहिक भावनाको प्रतिनीधित्व यिनीहरूले गर्दछन् । आसन्नता र आबद्धताका आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हो भने कथयिताले वा अन्य पात्रले नामोच्चारण गरेको पात्र नेपथ्य हो । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् । उपन्यासको कथानकसँग

पात्रको सम्बन्ध गँसाइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथाको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन । उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आबद्वता भनिन्छ । यस आधारमा पात्रहरू बद्व र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्व पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन (बराल र एटम, २०६६, पृ. ३०) । यसरी कुनै पनि आख्यानात्मक कृतिमा आबद्वताका आधारमा बद्व र मुक्त किसिमका पात्रहरूको प्रयोग गरिएको हुन्छ । यहाँ उल्लिखित मान्यताका आधारमा ताप उपन्यासका प्रमुख, सहायक र गौण पात्रको यसुप्रकार विश्लेषण गरिएको छ ।

## ३.४.१ ताप उपन्यासका मुख्य पात्रको विश्लेषण

उपन्यासलाई जीवन्त र गतिशील बनाउने काममा त्यसभित्र आउने पात्रहरूले महत्त्वपूर्ण स्थान हुन्छ । ताप उपन्यासमा महारानी चन्द्रिका, सुजाता, सुलक्षण, माता उपासिका, रुबेल, चम्पा, शिवानी, हिमाली, माया, एस्ली, शिवानी, माता प्रजापति, गौतमी, रुबेल आदि स्त्री पात्र हुन् भने प्रभाकर, मुक्ति, यमन, पराशर कुंवर, गुरु कैवल्य, मदन स्वामी, आकाश, आलोक, शिरीष, अरविन्द, शङ्कर, छोडेन रिन्पोछे, पुरुष, बद्री, रेशम, त्रिलोक, ग्रोब्रियल आदि पुरुष पात्रहरू रहेका छन् । यस उपन्यासमा महारानी चन्द्रिका, सुजाता, प्रभाकर, आनी सुलक्षण, मुक्ति, गुरु कैवल्य, पराशर कुँवर आदि प्रमुख पात्रका रूपमा रहेका छन् भने माता उपासिका, रुबेल, यमन, शिवानी, माता प्रजापति, गौतमी, यमन, मदन स्वामी, आकाश, आलोक, शिरीष, अरविन्द, शङ्कर, पुरुष, बद्री, छोडेन रिन्पोछे आदिको भूमिका सहायक रहेको पाइन्छ । ती प्रमुख पात्रहरूको छुट्टाछुट्टै चर्चा निम्नानुसार गरिएको छ । ताप उपन्यासमा मुख्य पात्र सुजाता र चन्द्रिका रहेका छन् । यी नै दुई नारी पात्रको सेरोफेरोमा उपन्यास अगाडि बढी समाप्त भएको छ । सहायक पात्रका रूपमा आनी सुलक्षणा, माता उपासिका रहेका छन् भने अन्य गौण पात्रका रूपमा अन्य धेरै पात्रहरू रहेका छन् । बौद्ध गुम्बामा केही पुरुष पात्र रहे तापनि नारी पात्रकै बाहुल्यता यस उपन्यासमा पाइन्छ । यस उपन्यासमा सुजाता, चन्द्रिका र प्रभाकर मुख्य पात्रका रूपमा रहेका छन् । यस उपन्यासमा प्रयुक्त उक्त मुख्य पात्रको यसप्रकार विश्लेषण गरिएको छ ।

### ३.४.१.१ सुजाता

सुजाता चन्द्रिका र प्रभाकरकी छोरी हो । ऊ जन्मन साथ बाबुले छाडेर बेलायत गएपछि आमाले उसलाई हुर्काएकी हुन् । सुजाता तीक्ष्ण बुद्धि भएकी केटी हो । उसले क्यालिफोर्नियाको स्ट्यानफोर्ड युनिभर्सिटीबाट दर्शनशास्त्रमा मास्टर्स गरेकी छ । ऊ उसको व्याचकी युनिभर्सिटी टपर हो । उसले मास्टर्स पढ्दा आफै काम गर्दै पढेकी हो । अमेरिकाको जीवनशैलीदेखि ऊ वाक्क भएर मास्टर्स सकेर नेपाल फर्किन्छे उसले एउटा प्राइभेट युनिभर्सिटीमा पढाउन थाल्छे । त्यहाँ उसको आलोक सरसँग माया बस्छ । आलोकको आमाले आलोकलाई बिहे गर्न कर गर्नुहुन्छ तर सुजाता अहिले नै बिहे नगर्ने सोच बताएपछि आलोकले अर्कै केटीसँग बिहे गर्छ । आलोकको बिहेपश्चात् उनले युनिभर्सिटीमा पढाउन छोडेर घरमै बस्छिन् । आमाको करले उसले मानव अधिकारसम्बन्धी आईएनजीओमा काम गर्न थाल्छिन् । त्यहाँ पनि ब्रेकअप हुन्छ । त्यसपछि सुजातालाई जीवन दुःख रहेछ भन्ने लाग्न थाल्यो । उसलाई आफ्नो वाबुसँग बस्ने, भेट्ने हकबाट वञ्चित गरेको आमाले हो लाग्न थाल्यो । उसलाई आफ्नो बाबुसँग बस्ने, भेट्ने हकबाट वञ्चित गरेको आमाले हो भन्ने लागेर आमासँग सधै झगडा गर्ने, जे मनमा लाग्यो त्यही गर्ने, आमाको कुरा नसुन्ने गर्ने गर्थी । ऊ सधै जसो राती अबेलासम्म डिस्को, पब जाने, रेन्टुरेन्टमा केटाहरूसँग जाने, रक्सी खाने गर्थी । एक दिन उसको ब्याचलर पढ्दाको साथी मुक्तिसँग भेट हुन्छ । मुक्ति माओवादीबाट भागेर आएको हुन्छ । उसँग डिस्कोबाट राती फर्कदा लाजिम्पाटमा सेनाले समाउछ र माओवादी भनेर तिन महिनासम्म सुजातालाई थुनामा राख्छ र पछि सुजाता निर्दोष भएको थाहा पाएपछि सुजातालाई आँखामा पट्टी बाँधेर जङ्गलमा लगेर चार जना सेनाले बलात्कार गरी बेहोसी अवस्थामा छाडिदिन्छन् । उसलाई बौद्ध धर्मावलम्वीहरूले भेटाएर उपचार गर्छन् । उसलाई भेट्न आमा आउँदा उसको स्थिति झन् बिग्रन्छ । उसले आमालाई बाबुको हत्यारा भन्छे । उसको अवस्थामा अलिक सुधार भएपछि ऊ गुम्बामा भिक्षुणी भएर सामान्य जीवन बिताउने कोशिस गर्दैछे । उसलाई यस उपन्यासमा एक उच्च वर्गकी शिक्षित छोरी परिवारबाट उचित माया, हेरचाह र रेखदेख नपाउँदा र आफूले समयको ख्याल नगर्दा कसरी दुःख र पीडादायक जीवन बिताउन बाध्य हुनुपर्छ भन्ने सन्देशका रूपमा चित्रित गरिएको छ ।

आमा चन्द्रिका राणा र बाबु प्रभाकर देवकोटाकी छोरी सुजाता ताप उपन्यासकी मुख्य नायिका हो। ऊ जन्मनुअगाबै खल्लो बन्दै गएको बाबुआमाको सम्बन्ध ऊ जन्मिएपछि

टुक्रिन पुग्छ । ऊ आमा चन्द्रिकाको रेखदेख र लालनपालनमा काठमाडौंमा नै जन्मेहुर्केकी हुन्छे । उसले बाबुको माया त के अनुहारसमेत कस्तो छ देख्न पाएकी छैन। बाबुप्रति उसको बढी ध्यानाकर्षण छ । बाबुकै निहुँमा उसले आमालाई कहिल्यै राम्रो व्यवहार गर्दिन ।

उसले प्लस टु सम्मको अध्ययन काठमाडौबाट गरे पनि स्नातकोत्तरसम्मको अध्ययन भने अमेरिकाबाट गरेकी छे । ऊ एक शिक्षिता र पठिता नारी हो। उसको शिक्षालाई यसरी देखाइएको छ-

८ प्लस टु सकेपछि मुमा मलाई बैङ्लोर पठाउने सुरमा होइबक्सिन्थ्यो । त्यहाँ उहाँका नजिकका नातेदार थिए । अमेरिका भने म आफ्नो जिद्दी र आफ्नै पहलमा पुगेकी थिएँ । त्यतिखेर लाग्थ्यो विदेश बसेर पढ्ने भनेको धेरै आनन्दको कुरा हो, एक किसिमको लक्जरी हो । चार वर्ष लगाएर व्याचलर्स सकेपछि डेढ वर्षको मास्टर्स भर्खर सकिएको थियो मार्टस ज्वाइन गरेपछि मैले मुमासँग पैसा लिईन, आफैं कमाएर आफ्नो पढाइको खर्च जोड्ने कोशिश गरें । नेपाल छदाँ कुनै काम नगरेकी मलाई धेरै गाह्रो त भयो तर बाफ्नो हठ पूरा गरिछाडे (पृ. २५-२६) ।

उसको चरित्र अरुको भन्दा फरक किसिमको रहेको छ । ऊ आफूलाई चित्त नबुझेपछि त्यो कुरा तुरुन्त छाडिदिन्छे । ऊ अमेरिकाको जीवनशैलीमा पनि घुलमिल हुन सकिन । ऊ त्यहाँको विधामरहित कामदेखि दिक्क भएकी हुन्छे र आरामको जीवनको आशा राख्छे।

"अमेरिकाको जीवनशैली भने मलाई घाँटीसम्म आइसकेको थियो । अलार्मको आवाजमा विहान सबेरै उठ । थुतुनो पनि राम्ररी धुन नपाई हतारहतार केही खाऊ र स्टेशन दौड । दिनभरि गधाजस्तो जोतिएर काम गर । मेसिनजस्तो जिन्दगी । खानु र काम गर्नुबाहेक जीवनमा अरू कुनै काम नै छैन" (१/२६) ।

रातदिन काममा मात्र व्यस्त नभई जीवनको सुखानुभव पनि गर्नुपर्छ भन्ने मानसिकता उसमा रहेको पाइन्छ । विधामको तिर्खा उसमा रहे तापनि आफ्नो शिक्षा, आमाको करने ऊ नेपाल आएर त्रातदिन काममा मात्र व्यस्त नभई जीवनको सुखानुभव पनि गर्नुपर्छ भन्ने मानसिकता उसमा रहेको पाइन्छ । विश्रामको तिर्खा उसमा रहे तापनि आफ्नो शिक्षा, आमाको करले ऊ नेपाल आएर त्यतिकै बस्न सक्तिन र एउटा प्राइमेट विश्वविद्यालयमा पढाउन थाल्छे ।

जामाले एक्लो जीवनमा दुःख सहेर हुर्काए पनि उसले आमाको दुखलाई बुझ्न सकेकी छैन । आफ्ना बाबुको स्नेह र रेखदेखको अनुभव गर्न नपाएकाले उसमा विद्रोहका भावनाहरू विकसित भएका छन् । आफ्नो बाबुको अनुहारसम्म देख्न नपाएकोमा उसलाई ठूलो गुनासो छ । ऊ बेला बेलामा बाबुको स्नेहबाट टाढा राखिदिएकोमा आमालाई आरोप प्रत्यारोप गरिरहन्छे ।

मलाई सधैं बिक्ने कुरा के हो भने, हजुरले मेरा बुबालाई कहिल्यै न्याय गरिवक्सेन । मेरो पक्षबाट सोच्ने आवश्यकता पनि कहिल्यै देखिवक्सेन, आफ्नो बुबासँग भेट्ने हकबाट बन्चित गरिबक्स्यो मलाई। हजुरले बुबालाई त्याग गरिबक्स्यो । त्यो हजुरको समस्या हो । तर हजुरले र हजुरकी आमाले सधैं मलाई कण्ठ गराएजस्तै आत्मचारी, दुराचारी जे भए पनि मेरो त आफ्नै बाउ थियो नि प्रमाकर देबकोटा । परिवर्तन गर्न सकिन्थ्यो र त्यो सत्यलाई। म हजुरलाई कहिल्यै क्षमा गर्न सक्दिन । स्वास्नीमान्छे भएर पनि यति कठोर कसरी भइबक्स्यो, मुमा आफ्ना बुवाज्यूसँग शिमलामा दिनदिनै फोनमा कुरा गरिरहँदा हजुरलाई कहिल्यै सम्झना भयो कि हजुरकी छोरीले आफ्नो बाउको तस्विरसम्म देखेकी छैन (पृ. १७९) ।

यस भनाइबाट स्पष्ट हुन्छ कि ऊ आमाको मात्र होइन हजुरआमाको व्यवहारबाट पनि सन्तुष्ट छैन । बाबुको मायाको कहिल्यै नमेटिने तिर्खा छ उसमा । ऊ स्वतन्त्रताप्रेमी नारी हो । कहिल्यै आमाको अधीन र नियन्त्रणमा रहन चाहदिन ऊ जतिखेर जहाँ गए पनि जे गरेपनि उसको बास्ता आमाले नगरुन् भन्ने उसको चाहना छ । आमाको जिन्दगीका बारेमा उसले खोजी नगरेझैं उसको जिन्दगीमा पनि आमाले वास्ता राखेको उसलाई मन पर्दैन । ऊ आधुनिकतामा रम्न चाहन्छे । प्रायः साथीनाइसँग रमाइलो गरजिन्दगीका बारेमा उसले खोजी नगरेझैं उसको जिन्दगीमा पनि आमाले वास्ता राखेको उसलाई मन पर्दैन । ऊ आधुनिकतामा रम्न चाहन्छे । प्रायः साथीभाइसँग रमाइलो गर्न बाहिर निस्किरहन्छे । आमाको अर्ति उपदेशलाई कहिल्यै सकारात्मक ठानेकी छैन ।

मलाई खुट्टा लाग्ने बनाई दिइबक्स्यो, सकियो हजुरको काम, अब मलाई कुनै दखल नदिइबक्स्योस् । म स्वतन्त्र मान्छे हूँ। मुमा हजुर कोकोसँग हिंडिबक्स्यो, केके गरिबक्स्यो भनेर मैले हजुरलाई कहिल्यै सोधे? अबदेखि मलाई केही नभनिबक्स्योस् ।

राति अबेला आएँ भने पनि मलाई खोज्न पर्दैन । मसँग सांचो छ आफै बोल्छु ढोका, सबैजना सुते हुन्छ मेरो जिन्दगी मेरो स्वतन्त्रताको कुरा हो। म आफूले चाहेअनुसार बिताउँछु । (पृ. ९५)

उच्च खानदानमा जन्मे हुर्केकी सुजाता कसैको हस्तक्षेप मन पराउँदिन । स्वतन्त्र हुने निहुँमा आफू सतर्क भएर नै हिड्छे । रमाइलोका लागि डिस्को डान्सबारतिर गइरहे पनि मदिराबाट आफूलाई अलग्गै राखेकी छे । आफ्नो मर्यादालाई उसले कहिल्यै नाघेकी छैन । सशस्त्र जनयुद्धको मारले उसको रवाफिलो जीवनलाई तहसनहस बनाइदिएको छ । युद्ध वा क्रान्तिले निर्दोष जनतालाई पुर्‍याउने चोट उसलाई पनि परेको छ । राति डिस्कोबाट घर फर्कदै गर्दा आतङ्ककारीको बिल्ला लगाएर निर्दोष सुजातालाई सिपाहीले कर्कशपूर्ण एवम् दुर्व्यवहार गरेका छन् । उनीहरूको कब्जामा रहेर गाली, गलौज, पिटाइ सबै उसले एक महिनासम्म भोगेकी छे । सशस्त्र युद्धमा निददोंष जनताले भोग्नुपर्ने सास्ती ऊ पनि भोग्न विवश बनेकी छे । सास्तीको एक झल्को यहाँ प्रस्तुत गरिएको छ-

केही सोच्न नपाउँदै मेरा दुवै गालामा फलामका जस्ता हातले फटाफट एकपछि अर्को थप्पड हानिए । मैले तारा देखें चारैतिर । फनफनी रिंगटा लाग्यो । सिङ्गै शरीर झन्भनायो। झन्डै लडेकी थिएँ, सम्हालिएँ। रन्डी, हेर्लिस् अब केके हुन्छ । ५.१०४॥ यहाँ तेरो हैकम चल्दैन

भनिन्छ- जीवन अनुभवको शास्त्र हो, जीवन दुखरूपी सागर हो । जीवनमा भोग्नुपर्ने अनेकौं चोट सुजाताले सहेर जीवनलाई सङ्घर्षले अगाडि बढाउँदै छ । मृत्युको मुखमा पुगेर पनि नयाँ जीवन पाएकी छ सुजाताले । हुन त आजसम्म ऊ कहिल्यै र कतैबाट पनि सन्तुष्ट रहन सकेकी छैन । उसले जसलाई चाहन्छे, आफ्नो बनाउन खोज्पुगेर पनि नयाँ जीवन पाएकी छ सुजाताले । हुन त आजसम्म ऊ कहिल्यै र कतैबाट पनि सन्तुष्ट रहन सकेकी छैन । उसले जसलाई चाहन्छे, आफ्नो बनाउन खोज्छे, त्यहाँबाट धोकासिवाय केही पाउँदिन । उसले चाहेजस्तो केही पाएकी छैन । एउटा पुस्तक व्यवसायीको छोरा शिरीषलाई मिल्ने साथी बनाउँछे । जीवनसाथी बनाउने विचारमा हुन्छे तर उसले अर्कै केटीसँग विवाह गर्छ । यो चोटले पनि सुजातालाई स्तब्धतुल्याएको छ, पीडा दिइएको छ । आमा चन्द्रिकाको अनुभव यस्तो छ ऊ निदाएकी छैन । भित्रदेखि थरथर काँपिरहेकी थिई। निकै बेर सुम्सुम्याइरहें । अर्कातिर फर्क पनि उसले सुक्क सुक्क गरेको सुनिरहेथे । “अब त मलाई

मान्छेमाथि नै विश्वास लाग्न छाडेको छ । सम्बन्ध कसरी बढाउने हो मैले थाहै पाइँन, सब थोक मिलाएर गर्छु भनेकी थिएँ, केही मिलेन मुमा ।" (पृ. १८४)

विश्वविद्यालयमा पढाउँदा पनि सहपाठी मित्र आलोकसँग उसको नजिकको सम्बन्ध बन्यो तर उसले पनि सुजातालाई चोट दिएर अरुसँग नै विवाह गर्यो जसको असरले उसले पढाउँदै गरेको विश्वविद्यालय नै छाडिदिएकी छ । दिनानुदिन उसका मनका दुःख र सन्तापका क्षणहरू विकसित भइरहेका छन् । कहीं पनि ऊ जीवनमा सफल बनेकी छैन । जीवनमा जे चाहन्छ त्यो उसका लागि सम्भव छैन तर जे चाहेकी छैन त्यो उसले भोग्नै पर्छ । उसको जीवन यस्तै छ । उसले बाबुप्रति श्रद्धाभाव राख्छे तर बाबुको तस्वीरसम्म देख्न पाएकी छैन ।

जीवन बाँच्नुभन्दा मर्नु नै बेस भन्ने अवस्थामा पनि ऊ छटपटाएर चेतविचेत अवस्थामा रहेर पनि बाँच्न विवश बन्छे । क्यालिफोर्नियाको स्ट्यानफोर्ड युनिभर्सिटीबाट दर्शनशास्त्रमा मास्टर्स गरी युनिभर्सिटी टपेकी मान्छे आज चेत विचेत भएर एउटा क्यविनमा बसेकी छे। उसको अवस्थालाई यसरी देखाइएको छ-

"निद्रा लाग्ने दबाइले झम्म परेका आँखा बाक्ला घुसेका परेला, आँखाबाट निरन्तर बगिरहेको आँसुपरेलामा शितझैं अल्झिएको थियो। गालामा पनि आँसुको डोब बसेको थियो (पृ. २५५) । ऊ अरु बिरामीभन्दा अस्तव्यस्त देखिन्थी । नमिलेको लुगा, जिङ्गिङ्ग परेको कपाल, लामा नङ। अघि कोठामा मिल्काएका चकलेट जामामा पोको पारेकी थिई, एउटा खाँदै पनि बिई" (पृ. २५) ।

पुनर्जन्म पाएजस्तो बौद्ध गुरुको सहायताबाट उसले फेरि नयाँ जीवन सुरू गरेकी छे बौद्ध गुम्बामा । एउटा नाबालकको जस्तो अवस्था भएको छ उसको, ऊ एक्लै कोठामासुत्न सक्तिन र सपनामै चिच्याउँदै ऊ व्यूँझन पुग्छे । बौद्ध गुम्बामा आनीहरूको साथ र मायामा आफूलाई खुशीको अनुभव गर्छ । आनी सुलक्षणा भन्छिन्- "तिमी विरामी छ्यौ भनेर मात्र मैले तिमीलाई आफ्नो कोठामा सुत्न दिएको । तिमी त एउटै कोठामा सुत्दा पनि डराउँछ्यौ । आनीहरू सबै एक्लै सुत्छन् । सुजाता, तथागतको शरणमा पुगेपछि केको डर" (पृ.१२) ।

सुजातालाई यहाँ परिवर्तनशील पात्रका रूपमा उभ्याइएको छ । देश, विदेश घुमेर स्वतन्त्र जीवन जिउने चाहना बोकेकी, अरुको हस्तक्षेप मन नपराउने, प्रायः साथीसँग रमाइलोमा निस्कने, उस्तै किसिमका पोशाकको छनौट गर्ने, हिन्दू परिवारमा जन्मेहुर्केकी

सुजाता समय एवम् जीवनमा आएको उतारचढावसँगै बौद्ध गुम्बामा आइपुग्छे । जब ऊ सेनाबाट बलात्कृट बन्न पुग्छे, मानसिक सन्तुलन गुमाउन पुग्छे, अन्त्यमा बौद्ध गुरु रिन्पोछेको सहयोगले ऊ बौद्ध गुम्बामा पुग्छे । त्यहाँ पुगेपछि ऊ त्यहीँ बस्न चाहन्छे, घर फर्कन चाँहदिन, सामाजिक आलोचना सहेर बाँच्न चाँहदिन न त आमाको काखमा नै रमाउन चाहन्छे । सुरुसुरुमा त उसलाई गुम्बाको परिवेश अनौठो लाग्छ तापनि त्यहाँका आनीहरूको सरसहयोगमा बिस्तारै घुलमिल हुन्छे। आनी सुलक्षणाको सहयोगी भावनाले उसलाई त्यहाँ घुलमिल हुन सजिलो भएको छ । सुलक्षणाले उसको विशेष हेरविचार गरेकी छन् -

"औषधी खायौ सुजाता ? आज त निकै घुम्यौ, कस्तो लाग्यो गुम्बा ? नडराइकन सुत, मनलाई बलियो बनाऊ । इन्द्रियहरूलाई संयममा राख्न नसक्दा दुःख उत्पन्न हुन्छ, यिनै इन्द्रियहरूले मान्छेमा तृष्णाको उदय गराउँछन् । तृष्णा नै दुःखको कारण हो" (पृ. ५४) ।

यसरी गुम्बामा रहँदा रहँदै उसले बुद्ध दर्शनको गहिरो अध्ययन गर्छे, त्यहाँयसरी गुम्बामा रहँदा रहँदै उसले बुद्ध दर्शनको गहिरो अध्ययन गर्छे, त्यहाँका भिक्षुसँग पनि ऊ कति नडराई आफूले जानेका कुराहरू प्रस्तुत गर्छे। बौद्ध गुम्बामा रहेका साना अवतारी गुरुको बाघको आक्रमणबाट निधन भएपछि गुम्बामा हलचल मच्चिन्छ रउनको रेखदेखमा खटेका जानी सुलक्षणा लगायतका केही सदस्यप्रति कारबाहीको माग हुन्छ, त्यस समयमा पनि सुजाताले निर्धक्क भएर समस्याको समाधान गरेकी छ -

"बुद्ध धर्म आफै हरबखत मृत्यु चेतना लिएर अमर्त्त्यको बाटो हिंड्न प्रेरित गर्ने धर्म होइन र भिक्षुदेव ? अनित्यताको नित्य स्मरण गरेर अघि बढ्नु पर्ने अर्हत्वतर्फको यात्रा होइन बुद्ध धर्म तथागतले आफ्ना प्रिय शिष्यहरूको मृत्युमा समेत शोक गर्नुभएन । आफ्नै मृत्यु हुने बखत पनि कसैलाई शोक नगर्न भन्नुभयो, बुद्धमार्गीको मूल कर्तव्य र अनुशासन त यही होइन र ? गुरुदेव, बुद्ध सभाको निर्णयले अन्याय गर्नु तथागतमाथिको अन्याय हो । आनीहरूमाथि सजायको निर्णय बुद्ध परम्पराकै विपरीत हो, यसमा पुनर्विचार होस्" (पृ. ८८) ।

तेज बुद्धि भएकी सुजाता बौद्ध गुम्बामा गहिरो बौद्ध दर्शनको अध्ययन गरी आफूलाई उच्च स्थानमा राख्न सफल बनेकी छ । टुल्कु छोडेन रिन्पोछेबाट उसले मूल गुरुको प्रतिष्ठासमेत प्राप्त गरेकी छ। गुरु रिन्पोछेले भनेका छन् -

"अब तिमी र मबीच फरक छैन सुजाता । बुद्ध भगवान् र लामा गुरुहरूको यो पवित्र गुम्बामा भिक्षु सङ्घका प्रतिनिधि, गुम्बाका विदुषी आनीहरू र अतिथिगणलाई साक्षी राखेर बुद्ध धर्मको गुरु- शिष्य परम्पराअनुसार अनुभव र योग्यताका आधारमा आज यो गुम्बाकी प्रमुख गुरुका रूपमा तिमीलाई स्थापित गर्छु" (पृ.६) ।

तेज बुद्धि भएकी सुजाता ज्ञानार्जनका क्रममा निकै अगाडि छ । हस्तक्षेपभन्दा स्वतन्त्र निर्णय गर्न रुचाउने ऊ आमासँग भने मिल्न सकेकी छैन । ऊ यस उपन्यासकी अनुकूल चरित्रकी पात्र हो । हिन्दू संस्कारमा जन्मिए हुर्किए पनि बौद्ध गुम्बामा जीवन समर्पण गर्न पुग्छे ।

यसप्रकार सुजाता वर्गका आधारमा उच्च वर्गीय चरित्र हो । ऊ सक्रियताका आधारमा सक्रिय पात्र हो । सुजाता भूमिकाका आधारमा मुख्य, लिङ्गका आधारमा स्त्री, र शिक्षाका आधारमा शिक्षित नारी पात्र हो । सुजाता स्थानका आधारमा सहरिया र धर्मका आधारमा हिन्दू धर्ममा जन्मेहुर्के तापनि बौद्ध धर्ममा रहेकी पात्र हो । ऊ प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवन चेतनाका आधारमा वर्गगत, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो । सुजाता सामाजिक सम्बन्धका आधारमा छोरी, अविवाहिता, स्वतन्त्रताप्रेमी नारी, बाबुबाट टाढा भएका कारण पितृस्नेहले तड्पिएकी, विद्रोही चरित्रकी र तार्किक शक्ति एवम् तीक्ष्ण बुद्धि भएकी नारी पात्र हो । ऊ सशस्त्र द्वन्द्वमा पीडित नागरिकको प्रतिनिधि पात्र हो । सुजाता खासगरी नारीको प्रतिनिधि पनि हो । ऊ ठाउँठाउँमा असफल बन्दै ठक्कर र चोट खाएकी, आमासँग मिल्न नसक्ने, आमाको दुःख बुझ्न नसकेकी र चाँडै रिस देखाउने स्वभावकी चरित्र हो ।

### ३.४.१.२ चन्द्रिका

*ताप* उपन्यासकी महारानी चन्द्रिका प्रमुख नारी पात्र हुन् । उनी श्री ३ महाराज वीरशमशेरका छोरा रुद्रशमशेर र उनकी कान्छी रानी डम्बरकुमारीका छोरा शङ्करशमशेरकी छोरी हुन् । उनको जन्म शिमला भएको हो । उनी राजा परिवारकी छोरी भएकाले घरमै गुरुहरूबाट शिक्षा लिइ मेट्रिक गरेर पछि जिजुमुमाको मृत्युपश्चात् ब्याचलर स्थानीय कन्या कलेजबाट गरेकी हुन् । चन्द्रिकाको मुमाले उमेर छिप्पिएपछि छोरीको बिहे गर्न गाह्रो हुन्छ अब बिहे गर्नुपर्छ भन्दा उसले विद्रोह गरेर बेलायत मास्टर गर्न जान्छिन् । बेलायतमा सानी मुमा र सानो बुबाकोमा बस्दा सानो बुबाले यौनिक हिंसा गर्ने कोसिस गरेकाले ऊ त्यहाँबाट

निस्किएर बाहिर डेरामा बस्छिन् । उसको भेट प्रभाकरसंग हुन्छ र उनीहरू बिचमा प्रेम भई वैवाहिक बन्धनमा बाँधिन्छन् । विवाहपश्चात् उनीहरू प्रभाकरको घर नेपाल आउँछन् । प्रभाकरले घरपरिवारमा टिक्न चन्द्रिकालाई निकै गाह्रो हुन्छ । उसको श्रीमान्ले पनि राम्रोसंग साथ नदिएकाले उनीहरूको सम्बन्ध बिच्छेद हुन्छ। हराएकाले आफूले सकेजति गरेर खोजी गर्दा समेत नभेटिएपछि निराश हुन्छे । कामका सिलसिलामा पनि चन्द्रिका एकल महिला भएकाले अन्य केही पुरुषहरूले यौनिकताको दृष्टिले नजिक हुन खोज्छन् । यो सांसारिक दुःखबाट छुट्कारा पाउनका लागि ऊ कैवल्य आश्रममा सन्यासी भई आध्यामिक ध्यान गरी बस्छे। मनमा केही शान्ति मिल्न थालेको अनुभव हुन थालेको हुन्छ । सुजाता मानसिक उपचार केन्द्रमा भएको थाहा पाउछिन् र भेट्न जान्छिन् । सुजाताले बाबुको हत्याराको आरोप लगाएर गाली गर्छ। सुजाताको स्थिति झन खराब हुन्छ र आमा भएर सन्तानका लागि केही गर्न नसकेको भन्दै रुदै आश्रम फर्कन्छे । आश्रम फर्केपछि आश्रममा फर्कन्छे । आश्रम फर्केपछि आश्रममा बिनाखबर गएको आरोपमा आश्रम छाड्न गुरुबाट निर्देश हुन्छ । जीवनमा पाइने दुःखबाट छुट्कारा पाउन आश्रम आएकी हुन्छे त्यो नपाएपछि त्यहाँबाट निस्किएर मुस्ताङको पिसाङ गाउँमा प्राइमरी स्कुलमा शिक्षिका भएर बस्छे त्यहाँ त्यस काम गर्दा भने उनलाई अन्त कतै नभेटेको सन्तुष्टि भेटेको अनुभव हुन्छ । समग्रमा भन्नुपर्दा उनी यस उपन्यासको प्रमुख पात्र, उच्च वर्गकी, शिक्षित गतिशील र संघर्षशील नारी पात्र हुन् ।

चन्द्रिका यस उपन्यासकी मुख्य पात्र हो। ऊ यस उपन्यासकी नायिकाका रूपमा प्रस्तुत भएकी छे । ऊ राणा परिवारमा जन्मेकी, हुर्केकी हो । उसको परिचय यसरी दिइएको छ -

“मेरो पूरा नाम चन्द्रिका राज्यलक्ष्मी राणा हो । २०१२ साल ज्येष्ठ पूर्णिमाका दिन जन्मेकी हुँ रे म। श्री ३ महाराज वीरशमशेरका छोरा रुद्रमशेर र उनकी कान्छी महारानी डम्बरकुमारीका छोरा शङ्करशमशेरकी छोरी हूँ । श्री ३ महाराज युद्धशमशेरका पालामा १९९० सालमा हाम्रा जिजुबुबा प्रधान सेनापति रुद्रशमशेरलाई हटाएर पाल्पा पठाइएको रहेछ । त्यतिखेर हाम्रो खलक चन्द्रशमशेरका खलकको पनि विशेष आँखी थियो रे । केही समय पाल्पा बसेपछि जिजुबुबा रुद्रशमशेर सपरिवार भागेर नेपालबाट शिमला आइबक्सेको थियो” (पृ. १३९) ।

चन्द्रिकाको जन्म पनि शिमलामा नै भएको थियो । उसको एउटा दाजु उदय थियो, जो २००७ सालमा जन्मिएको थियो। अरु नेपाली त्यहाँ बसे पनि उनीहरू राणा परिवार भएका कारणले अरूसँग हिमचिम भएको पाइँदैन ।

चन्द्रिका आफ्ना बुबा शङ्करबाट प्रभावित थिई। पढ्न, लेख्न अगाडि बढ्न उसका बुबाले साथ दिनुभएको थियो। ऊ भन्छे-

"मप्रति उहाँको विशेष स्नेह थियो। छोरीले धेरै पढ्नुपर्छ, नयाँ कुरा सिक्नुपर्छ, जामानाअनुसार चल्नुपर्छ भनेर मलाई सिकाउने बुबा नै हाइबक्सिन्थ्यो । मेरा निम्ति नयाँ नयाँ अङ्ग्रेजी उपन्यास किनेर ल्याइदिनु हुन्थ्यो । "अहिलेको जमानामा अङ्ग्रेजी भाषामाथि अधिकार नभई कामै छैन । मैले छिटो छिटो पढेको देखेर उहाँको खुसीको सीमा हुन्थेन" (पृ.१४०) ।

राणा परिवारमा महिलामाथि लगाइने अड्कुश उसमाथि पनि लगाइएको थियो । म्याट्रिकसम्म उसले पनि घरमै गुरुहरूसँग अध्ययन गरेकी थिई भने स्नातकसम्मको अध्ययन कन्या कलेजबाट गरेकी थिई । त्यहाँभन्दा उच्चतहको अध्ययनका लागि उसले विद्रोह गर्नु परेको थियो । उसले भोकहड्ताल गरेर भए पनि आफ्नो माग पूरा गराइ छाडेकी थिई र बेलायतमा गएर पढ्ने अवसर प्राप्त गरेकी थिई-

"प्रतिक्रियामा मैले खान-पिउन छाडिदिएकी थिएँ । तीन दिन भइसकेको थियो । डाक्टर बोलाएर सलाइन चढाउनु परेको थियो । त्यतिखेर भने बुबाले मुमासमक्ष मेरा पक्षमा पूरा अडान लिइबक्स्यो । अन्ततः बेलायतमा मलाई मुमाकै कान्छी बहिनीकहाँ बसेर पढ्ने व्यवस्था भयो" (पृ.१४२) ।

नेपालमा रहुन्जेल उसलाई खासै बाहिरी वातावरणको अनुभव भएन । बाहिरी परिवारसँग बोल्न मित्रता गाँस्न पनि मनाही थियो। प्रायः मानिसहरूसँग बोल्न पनि पाइन्नथ्यो । उसका पोशाक, बृङ्गार लगायत सबै आमाको छनौटमा चल्ये - अलिकति पनि शरीर देखिने लुगा लगाउन पार्दैनथ्यो । कपाल अलख बनाएर चुल्ठी पार्नुपर्थ्यो । म पूरा श्रृङ्गारमा कलेज जान्यें । मेरो पोशाक श्रृङ्गार सबको छनौट मुमा गरिबक्सन्थ्यो ।..... कक्षामा मसँग सुसारे साथै जान्थी। उसले दिनदिनै मेरो रिपोर्ट मुमालाई दिन्थी" (पृ.१४१) ।

ऊ गतिशील चरित्रकी नारी पात्र हो । घरमा बाबुआमासँग बस्दां अरुको नियन्त्रणमा चलेकी चन्द्रिका बेलायत गएपछि अनेकौं समस्याको सामना गर्दै आफ्नो निर्णयलाई अघि सार्न बाध्य हुन्छे । ऊ आफ्नो जीवन साथीको छनौट आफैं गर्न पुग्छे । आमाले रोजेको कुनै रजौटा खलक वा उच्च खान्दानीसँग नाता जोडी उनीहरूको हैकमी शासनभित्र आफूलाई फसाउन चाँहदिन । आधुनिकतालाई चाँडै पछ्याउन सक्छे । ऊ एउटै विश्वविद्यालयमा विद्यावारिधि गर्दै गरेको, गोरखा घर भएको प्रभाकर नामको नेपाली केटासँग विवाह गर्न पुग्छे-

"युनिभर्सिटीको होस्टेलमा केटाकेटी साथीसँगै बस्ने व्यवस्था थिएन । एस्लीले बेम्बलीमै एउटा सानो घर खोजिदिई । प्रभाकर र म त्यहिं सर्यो । मेरो मास्टर्स सकिएपछि चाहिँ हामीले विहे गर्ने निर्णय गौं। निस्डेनमा भारतीयहरूले बनाएको हिन्दू धार्मिक परिसरमा ससाना थुप्रै मन्दिरहरू थिए । त्यहीं गएर सामान्य टिकाटालो गर्यो। माला लगायौं" (पृ. १६४) ।

जीवनमा दुःख सुख सबै अनुभव चन्द्रिकाले गरेकी छ । विहे अघि तर प्रभाकरसँगको भेटपछि ऊ जति खुसी थिई तर विस्तारै विस्तारै उसको खुसी हराउदै गयो । उसका सङ्घर्षका दिनहरू पनि आएका थिए । जीवन भनेकै अनुभवको शास्त्र हो । उसले जीवनमा सम्पूर्ण कुराको अनुभव गरी । हुन त सानोबुबा अरबिन्द्रबाट बच्न पनि उसलाई निकै गाही परेको थियो। चन्द्रिकाको यौवन र रूपमाथि उसको गिद्धेदृष्टि परेको थियो । आफ्नो यौनभोक मेटाउन चाहन्थ्यो ऊ पनि। चन्द्रिका भन्छे-

"सुतेको कति बेरपछि हो कुन्नि, निन्द्रामै लाग्यो खुट्टामाथि केही सलबलाइरहेछ । त्यो स्पर्श माथि माथि सर्न थालेपछि म झसङ्ग ब्युझै । अतालिएर बेस्सरी चिच्याएको मेरो मुख बन्द गर्न आइपुगेको हातलाई बेस्सरी टोकिदिएपछि सानो स्वर निकालेर करायो । त्यो चित्कार परिचित थियो यो अरबिन्द्र नै हो । म ठूलो स्वरमा कराएँ अरबिन्द्र म तँलाई मार्छु" (५ १५८) ।

यस भनाइबाट स्पष्ट हुन्छ कि आमासमानंकी सानी आमाकहाँ रहँदा पनि सुरक्षित तवरले बाँच्न उसलाई गान्हो भइरहेको थियो । अरविन्द्रजस्तो सम्पति र कामवासनाले मत्त पुरुषको डर, असुरक्षा उसलाई थियो नै ।

ऊ स्वतन्त्रताप्रेमी नारी हो । आफू शिक्षित भएका कारण सक्षम भई केही गर्न चाहन्छे । स्वतन्त्र वातावरणमा रहन चाहन्छे तर दुर्भाग्यवश उसले घर परिवार सोचेजस्तो पाउँदिन । ऊ सम्पूर्ण रूपमा महिलावर्गको प्रतिनिधि पात्र हो। विवाहपछि महिलाले लोग्नेको घरमा जसरी सास्ती भोगस्वतन्त्र वातावरणमा रहन चाहन्छे तर दुर्भाग्यवश उसले घर परिवार सोचेजस्तो पाउँदिन । ऊ सम्पूर्ण रूपमा महिलावर्गको प्रतिनिधि पात्र हो । विवाहपछि महिलाले लोग्नेको घरमा जसरी सास्ती भोग्नुपर्छ त्यसरी नै ऊ पनि खटिन बाध्य भएकी छे । बिहानदेखि बेलुकासम्म घरमा काममा व्यस्त हुँदा पनि कोही सहयोग गर्न आउँदैन उसलाई । उसले खाए, नखाएको वास्ता हुँदैन -

पाहुना कहिल्यै खाली हुँदैनथे । भान्सामा कसैले सघाउने चलन पनि रहेनछ । विहान-बेलुका चुलोको तयारी दिनभरि खाजा र चिया बनाउनु पर्दा म लस्त हुनैं ।

“मलाई कसैले खाऊ पनि भन्दैनथ्यो । हाम्रो सुत्ने कोठामा समेत कतिखेरै मान्छे खाली हुँदैनथे । कमजोरीले मलाई रिंगटा चल्न थालेको थियो । एनिमिक भयौ भनेको थियो डाक्टरले । आठ महिना पुगिसकेको थियो । मलाई ओछ्यानबाट उठ्नसमेत गाहो हुन थालिसकेको थियो” (पृ.१६९) ।

आफूमाथिका जस्तासुकै समस्या र अन्यायलाई सहेर बसिरहने गाउँले महिलाको प्रतिनिधि नभई ऊ यहाँ आत्मविश्वास र आँट भएकी सक्षम सहरिया पात्रको प्रतिनिधि भएकी छे । ऊ पारिवारिक अन्यायले सीमा नाघेपछि आफ्नो जीवनको निर्णय आफै गर्छ । आफ्नै निर्णयले प्रभाकरलाई रोजेकी थिई भने आफ्नै निर्णयले उसँग सम्बन्ध विच्छेद गर्छ, छोरी सुजातालाई जन्म दिन्छे, राम्रो जागिर खान्छे र घर बनाउँछे । यसरी चन्द्रिका भएका महिलाको भन्दा पनि हुनुपर्ने महिलाकी प्रतिनिधि पात्र बनेकी छ । एक्ली भए पनि उसले छोरीलाई राम्रै लालनपालन र रेखदेख गरेकी छ । उसलाई आवश्यक शिक्षा दिएकी छ । आफू शसक्त ढङ्गमा अगाडि बढेकी छ ।

ऊ नियतिले भने ठगिएकी पात्र हो, जीवनमा केही गर्ने अघि बढ्ने आँट, साहस, हिम्मत, हुँदाहुँदै पनि बेलाबेलामा दुःखित बन्न पुग्छे । साथ र भरोसा पाउनुपर्ने मान्छेबाट नै साथ पाउन सकेकी छैन । न त श्रीमान् प्रभाकरले उसलाई साथ दियो न त छोरी सुजाताले नै उसलाई सुख दिई । छोरीकै लागि उसले दुः ख र सङ्घर्ष गर्छ तर छोरीबाट कहिल्यै सकारात्मक व्यवहार पाउँदिन । आमाको दुःख सुखको कहिल्यै उसबाट सोधनी हुँदैन । छोरी

आफ्नै स्वार्थमा मात्र सीमित छ । छोरीको व्यवहासोधनी हुँदैन । छोरी आफ्नै स्वार्थमा मात्र सीमित छ । छोरीको व्यवहारबाट चन्द्रिका यसरी पिरोलिएकी छ-

छोरीले दुत्कारेको सहन सकिंन कोठामा आएर रातभरि रोएँ । शङ्का लागिरहेथ्यो यही त हो मेरी छोरी, जसका लागि मैले संसारलाई अस्वीकार गरें ।

"सुजाता मेरो सामुन्य पर्ने छाडेकी थिई। दुई रात कुनै खबरबिना घर आइन । मैले नम्बर खोजेर उसका साथीहरूलाई फोन गरेकी थिए । पछि उसले काँचै खाउँलाजस्तो गरी र भनी- आइन्दा मेरा साथीहरूलाई फोन नगरिबक्सेला" (पृ.१७९) ।

बन्द्रिका सन्तापले घेरिएकी पात्र हो । सुजातालाई जब सेनाले समात्छन् तब उसमा मानसिक अशान्ति पैदा हुन्छ । हरप्रयन्न गर्दा पनि सुजाताको पत्तो लाग्दैन, ऊ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग आबद्ध भएका कारण सबैतिर हारगुहार गरी खोजीका लागि पहल गर्छ तर पनि छोरीको पत्ता नलागेपछि उसलाई ठूलो चोट पर्छ । सन्तानको तापले ऊ निकै बलिन पुग्छे । उसले आफ्नो वेदना यसरी पोख्छे- निराशाले ग्रस्त भएर म त्यो साँझ फुटपाथको पेटीमा निकै बेर थचक्क बसें । मुटुको चाल निकै बढेको थियो । गणको बन्द गेटमा बारम्बार आंखा ठोक्किँदा मन चहराउने गरी दुख्यो । रातको बेला भएकाले मान्छेले मेरो विदीर्ण अनुहार र आँखाबाट धारा लागेका आँसुको मेसो पाएनन् कि" (पृ.१८९) ।

सुजाता हराएपछि ऊ विरामी भएकी छ । मानसिक विशेषज्ञ कहाँ गई औषधि सेवन गर्छ तर पन केही सिप नलागेपछि चन्द्रगिरिमा रहेको कैवल्य आश्रममा पुग्छे र मनलाई आफ्नो वशमा नियन्त्रण गरी शान्ति चाहन्छे ।

शान्तिको खोजीमा घना जङ्गलबीच रातको अन्तिम प्रहर, सुनसान परिवेशमा घण्टीका दोहोरिरहेका तरङ्गहरूले मनलाई लट्ठ पारिरहे । यति मीठो सङ्गति यस अघि कहिल्यै सुनेकी थिइँन कि क्या हो । दिनभरि काम, प्रायः सधैंको ट्राभल, जीवनमा विहान चार बजे उठ्ने परिवेश कहिल्यै बनेन । उठ्दा वत्ती रहेनछ । मैनबत्ती सल्काएर नुहाउन बाथरुम छिरें । हतारहतार नुहाएर अन्डीका च्यादर गम्लङ्ग ओढेर ध्यान भवनतिर गएँ ।" (पृ २०४) ।

उसले आश्रममा गएर पनि सन्तोष प्राप्त गर्न सक्दिन। उसले आश्रममा गएर पनि सन्तोष प्राप्त गर्न सक्दिन । उसका मनमा झन् अनेकौं भावनाहरू सलबलाइरहन्छन् । उसको मन र शरीर असह्य पीडाले सताउँछ । अनेकौ भ्रम र अविश्वासहरू मनमा पैदा हुन्छन् । उसले भनेकी छ-

"गुरुदेव, सम्भवत मैले यो विधिको निम्ति आफूमा पवित्रता पैदा गर्न सकिंन । घर फर्केर पनि मेरो जीवनमा कुनै परिवर्तन आउन सकेको छैन । त्यहाँ सुजाताका सम्झना छन् । तिनले मलाई डस्ने गर्छन् । लागिरहेछ, म अझै दुःखको समुद्रमै छु । मैले दुःख र सुखलाई समभावले अझै हेर्न सकेकी छैन । किन यस्तो हुन्छ भगवान, मेरो दुखका अन्त्य कहाँ छ प्रभु" (पृ. २४२) ।

संसार तीन किसिमका ताप (आधिभौतिक, आधिवैदिक, आध्यात्मिक) बाट ग्रस्त छ । ठूलाठूला महर्षिसमेत यस्ता तापले दुःखी भएका छन् । चन्द्रिका पनि यिनै तापको सिकार भएकी छ । आध्यात्मिक ज्ञान र साधनाबाट नै यस किसिमका तापबाट मुक्ति मिल्ने आशा गरी ऊ कैवल्य ऋषिका आश्रममा पुगेकी छ । तर त्यहाँ ऊ आफ्नो मनलाई नियन्त्रणमा राखेर ध्यानमा लिन हुन सक्तिन । गुरु कैवल्यले पनि मनलाई नियन्त्रणमा लिएको पाउँदिन । अन्त्यमा त्यहाँबाट पनि उनले कुनै उपाय नदेखी मानव सेवामा नै सन्तोष मिल्ने भाव देखी ग्रामीण क्षेत्रमा गई वेसाहारा, अशिक्षितको सेवामा खट्न पुग्छे ।

यसरी चन्द्रिका यस उपन्यासकी नायिका हो । उपन्यासको अन्त्यसम्म कथावस्तु अगाडि बढ्न उसको सक्रिय भूमिका रहेको देखिन्छ । उसकै सेरोफेरामा सम्पूर्ण घटनाहरू घुमेका छन् । ऊ अनुकूल चरित्रकी देखिन्छे । यही आचरणले सबैप्रति सद्भाव राख्ने भन्ने बुझिन्छ । ऊ आकर्षक व्यक्तित्वकी छ । उसको व्यक्तित्वबाट धेरै पुरुषहरू प्रभावित बन्न पुगेका छन् । पराशर कुँवरले उसलाई पटकपटक सम्बन्ध अगाडि बढाउन आग्रह गर्छ । उसको नकारात्मक विचार र सोचाइबाट क्षुब्ध बनी उसलाई तुत्कार्थे । यमन, कैवल्यसमेत उसबाट प्रभावित बनेका छन् । उसले अरुलाई ठेस लाग्ने खालको कुनै काम गरेकी छैनतुत्कार्छ । यमन, कैवल्यसमेत उसबाट प्रभावित बनेका छन् । उसले अरुलाई ठेस लाग्ने खालको कुनै काम गरेकी छैन । ऊ साथीभाइ, नातेदार सबैसँग सद्व्यवहार गर्ने सकारात्मक चरित्रकी पात्र हो । ऊ शिक्षित महिला वर्गकी प्रतिनिधि पात्र हो ।

चन्द्रिका आधुनिक विचारले पूर्ण स्वतन्त्रताप्रेमी, स्वाधीन नारी हो। ऊ विद्रोह गरेर नै पढ्नका लागि बाहिर गएकी छ भने विवाहपश्चात् पनि जब घरपरिवार, सासु, श्रीमान्बाट वास्ता हुँदैन, उसको कदर गरिदैन, त्यसपछि ऊ स्वतन्त्र रूपमा जिउन चाहन्छे र प्रभाकरसँग सम्बन्धविच्छेद गर्न पुग्छे । आमा र बाबुको भूमिका निर्वाह गरी छोरी सुजाताको पालनपोषण गर्छ, घर बनाउँछे । एक्ली महिला त्यसमाथि आकर्षक चेहराकी भएका कारण उसमाधि धेरै पुरुषको गिद्धे दृष्टि पर्न पुग्छ तर ऊ आफ्नो अस्तित्व र अस्मिताको रक्षार्थ खटिरहन्छे, आफ्नो चरित्रको हत्या हुन दिन्न ।

ऊ जीवनमा अनेकौं दुःख र सङ्घर्ष सहँदै हरेस नखाई जीवनलाई अगाडि बढाउने एक सङ्घर्षशील पात्र हो । अरुलाई केही गरेर देखाउनुपर्छ भन्ने स्वभाव उसमा रहेको छ । जस्तासुकै परिस्थितिमा पनि विचलित नहुने चन्द्रिका छोरीलाई सेनाले कब्जामा लिएपछि भने अशान्त बनेकी छ । जीवननै छोरीलाई समर्पण गरेर बसेकी चन्द्रिकाले छोरीको अवस्था नै अज्ञात भएपछि मनलाई शान्त पार्न सक्दिन र विभिन्न तापले पिल्सिएकी छ । अन्त्यमा शान्तिको खोजीमा कैवल्य ऋषिको आश्रममा पुगेकी चन्द्रिकाले आश्रममा बस्ने सबै मानिस नै भएकाले त्यहाँ पनि मानिसको जीवन पूर्ण देख्तिन । भन्छे आइमाई माटाका प्राणी हुन् । तिनमा माटाको सुवास मगमगाउन्जेल मात्र ती सुन्दर रहन्छन् । आइमाईको निम्ति पृथ्वीको प्रेम सबैभन्दा ठूलो साधना हो भन्ने निष्कर्ष लिएर म आश्रमबाट फर्कदै छु (पृ. ३१०) । साधनाले भन्दा सेवाभावले नै मानिसको तापलाई शमन गर्ने निर्णयका साथ ऊ ग्रामीण भेगमा गई अशिक्षितको सेवा गर्न चाहन्छे । ऊ जीवनमा अनेकौं दुःख र सङ्घर्ष सहँदै हरेस नखाई जीवनलाई अगाडि बढाउने एक सङ्घर्षशील पात्र हो । अरुलाई केही गरेर देखाउनुपर्छ भन्ने स्वभाव उसमा रहेको छ ।

जस्तासुकै परिस्थितिमा पनि विचलित नहुने चन्द्रिका छोरीलाई सेनाले कब्जामा लिएपछि भने अशान्त बनेकी छ । जीवननै छोरीलाई समर्पण गरेर बसेकी चन्द्रिकाले छोरीको अवस्था नै अज्ञात भएपछि मनलाई शान्त पार्न सक्दिन र विभिन्न तापले पिल्सिएकी छ । अन्त्यमा शान्तिको खोजीमा कैवल्य ऋषिको आश्रममा पुगेकी चन्द्रिकाले आश्रममा बस्ने सबै मानिस नै भएकाले त्यहाँ पनि मानिसको जीवन पूर्ण देख्तिन । भन्छे आइमाई माटाका प्राणी हुन् । तिनमा माटाको सुवास मगमगाउन्जेल मात्र ती सुन्दर रहन्छन् । आइमाईको निम्ति पृथ्वीको प्रेम सबैभन्दा ठूलो साधना हो भन्ने निष्कर्ष लिएर म आश्रमबाट फर्कदै छु (पृ. ३१०) । साधनाले भन्दा सेवाभावले नै मानिसको तापलाई शमन गर्ने निर्णयका साथ ऊ

ग्रामीण भेगमा गई अशिक्षितको सेवा गर्न चाहन्छे । चन्द्रिका वर्गका आधारमा उच्च वर्गीय चरित्र हो । ऊ सक्रियताका आधारमा सक्रिय पात्र हो । चन्द्रिका भूमिकाका आधारमा मुख्य, लिङ्गका आधारमा स्वी, शिक्षाका आधारमा शिक्षित र स्थानका आधारमा सहरिया पात्र हो । ऊ धर्मका आधारमा हिन्दू, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील र जीवन चेतनाका आधारमा वर्गगत पात्र हो । ऊ आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो । सामाजिक सम्बन्धका आधारमा आमा, विवाहिता तर सम्बन्धविच्छेद गरेकी ऊ एकल महिलाकी प्रतिनिधि तथा पीडित बुहारीको प्रतिनिधित्व गर्ने नारी पात्र हो । आकर्षक व्यक्तित्व भएकी चन्द्रिका स्वतन्त्र निर्णयमा अडिग छे र कर्ममा विश्वास गर्छे । देशविदेशको अनुभव प्राप्त भएकी, नारी अस्मितालाई उच्च राख्न सफल, आंट, साहस, अठोट र आत्मविश्वास भएकी ऊ विद्रोही चरित्रकी नारी हो । श्रीमान्को सहयोग पाउन असफल, छोरीबाट आत्मसन्तुष्टि पाउन असफल, प्रगतिवादी विचार भएकी, आफ्नो इज्जत र मर्यादालाई उच्च राख्ने, शिक्षित र कर्मशील नारी चन्द्रिका हो । तपस्या र साधनामा भन्दा कर्मले सन्तुष्टि मिल्ने विचारकी ऊ सन्तानबाट सुख होइन सन्तानबाट तनावले ग्रस्त पात्र हो ।

### ३.४.१.३ प्रभाकर

प्रभाकर *ताप* उपन्यासको प्रमुख पुरुष पात्र हो । ऊ गम्भीर प्रकृतिको शान्त ठिटो, जेहेन्दार बेलायतको युनिभर्सिटीमा छात्रवृत्तिमा माइक्रोबायोलोजी विषयमा पीएचडी गर्दै गर्दा उसको भेट यस उपन्यासकी नायिका चन्द्रिकासँग भेट हुन्छ । ऊ मेहनती र मेधावी, शान्त स्वभाव भएको केटो भएकाले चन्द्रिका र प्रभाकरको प्रेम बस्छ र उनीहरू पारिवारिक पृष्ठभूमि र स्वभावमा धेरै अन्तर भएकाले चन्द्रिकाको सानोमामुको सल्लाहअनुसार उनीहरू एक वर्ष एउटै डेरामा बसेर राम्ररी चिनजान भई विवाह गर्दछन् । प्रभाकरको पीएचडी पनि सकियो । उनले आनुवंशिक विज्ञानमा थेसिस लेखेका थिए जुन यस क्षेत्रको कोसेढुङ्गा हो । क्यान्सरको उपचारमा यसबाट कल्पना नै नगरेको सफलता मिल्न सक्छ भनी उनलाई उनका शोधनिर्देशक प्रोफेसर फ्रिडम्यानले आफ्नो असोसियट प्रोफेसर हुन प्रस्ताव गरे तर उसले अस्वीकार गर्यो । उनले भन्यो हामी जस्ता युवाहरू बाहिरै बस्ने हो भने कसले बनाइदिन्छ हाम्रो मुलुक सोचेर ऊ चन्द्रिकालाई लिएर नेपाल आयो । नेपाल आउँदाबनाइदिन्छ हाम्रो मुलुक ? सोचेर ऊ चन्द्रिकालाई लिएर नेपाल आयो । नेपाल आउँदा चन्द्रिकाको पाँच महिनाको गर्भ थियो । नेपाल आएपछि प्रभाकर निक्कै बदलिएको जस्तो

लागिरहेथ्यो चन्द्रिकालाई ऊ मध्यम परिवारको बाबु सानैमा बितेकाले आमाले नै हुर्काउनु भएकाले आमालाई साहै आदर, सम्मान र माया गर्थियो । उसको घर सानो र सदस्य सङ्ख्या बढी भएकाले चन्द्रिकालाई त्यहाँ बस्न असहज थियो तर पनि यो प्रभाकरको घर हो भनी ऊ खुशी नै थिई । बच्चा जन्मिसकेपछि श्रीमतीले आईएनजीओमा काम गर्न थाली तर प्रभाकर भने आफ्नो क्षमता र योग्यताअनुसारको उपयुक्त काम नभेटेर चिन्तित हुन्छ । उनीहरूको घरायसी समस्या बढ्दै गएपछि उनीहरू बिचमा मनमुटाव सुरु हुन थाल्यो । उनीहरूको समस्या निकै चर्केपछि उनीहरूले छुट्टिएर बस्ने निर्णय गर्छन् र दुवै बिच सम्बन्ध विच्छेद हुन्छ । त्यसपछि प्रभाकर बेलायतै फर्कन्छ र पछि अर्को विवाह गर्छ र आमाको मृत्यु हुँदा पनि नेपाल फर्कदैन् ।

समग्रमा भन्नुपर्दा प्रभाकर कथानको सुरुमा असल, इमान्दार, जेहेन्दार, राष्ट्रियताप्रति मोह राख्ने, आमाको सम्मान गर्ने एक असल चरित्रको मान्छे देखिएको छ भने अन्त्यतिर उसको भूमिकामा परिवर्तन भएको छ । विदेशमा गएर उच्चशिक्षा अध्ययन गरेर नेपाल फर्केको तर आफ्नो पुरातन पारिवारिक संरचनाले घेरिएर पनीसँग सम्बन्ध तोड्ने प्रभाकर यस उपन्यासमा सहायक भूमिकामा रहेको छ । तसर्थ ऊ मध्यम वर्गीय, शिक्षित, देशभक्तिको भावना भएको तर परिस्थितिले गर्दा विदेशिनु बाध्य भएको र आफ्ना कर्तव्य र जिम्मेवारी वहन गर्न नसक्ने र अर्थ विवाह गरेकाले पितृसत्तात्मक सोच भएको व्यक्तिको रूपमा चित्रित भएको छ ।

## ३.४.२ निष्कर्ष

दर्शनशास्त्रमा उच्च शिक्षा हासिल गरेकी सुजातामा केही गरौं भन्ने गहिरो भावना छ । सुजाता सम्भ्रान्त परिवारकी युवती हो । आमाबाबु (चन्द्रिका र प्रभाकर) को सम्बन्ध बिग्रिएका कारण पारिवारिक तनावमा हुर्किएकी सुजाता बाबुको मायाबाट वञ्चित भएकी छ। आमाले गर्दा नै आफूले बाबुको माया पाउन नसकेको ठम्याइ उसको छ । त्यतिमात्र होइन सुजाता आमाको हैकमवादी प्रवृत्तिको सिकार बनेकी छ, फलस्वरूप उसले व्यक्तिगत स्वतन्त्रताको प्रयोग गर्न नपाउँदा आमासित पनि गम्भीर असन्तुष्टि प्रकट गरेकी छ। पब र डिस्कोमा रमाउने, नयाँनयाँ साथी बनाउने र जति बाँच सुखले बाँच भन्ने भाव बोकेकी सुजाता जिज्ञासु र बौद्धिक नारी पात्र हो । चन्द्रिका राणा खानदानकी छोरी हो । सधैं भौतिक सुखसयलमा रमाएकी उसले जीवनमा कहिल्यै अभाव नभोगे पनि प्रभाकरसितको विवाहपछि

वास्तविक जीवन भोगाइको अनुभव गरेकी छ । तर प्रभाकरसितको सम्बन्ध दिगो बन्न नसकेका कारण ऊ छोरी सुजाताका साथ जीवन बिताउँदै अघि बढेकी छ । सुजाताको जीवनमा आइपरेका उतारचढाव दिगो बन्न नसकेका कारण ऊ छोरी सुजाताका साथ जीवन बिताउँदै अघि बढेकी छ । प्रभाकर कथानकको सुरुमा असल, इमान्दार, जेहेन्दार, राष्ट्रियताप्रति मोह राख्ने, आमाको सम्मान गर्ने एक असल चरित्रको मान्छे देखिएको छ भने अन्त्यतिर उसको भूमिकामा परिवर्तन भएको छ । विदेशमा गएर उच्चशिक्षा अध्ययन गरेर नेपाल फर्केको तर आफ्नो पुरातन पारिवारिक संरचनाले घेरिएर पनीसँग सम्बन्ध तोड्ने प्रभाकर यस उपन्यासमा प्रमुख भूमिकामा रहेको छ ।

## ३.५ ताप उपन्यासका सहायक पात्रको विश्लेषण

प्रस्तुत उपन्यासमा आनी सुलक्षणा, मुक्ति, परासर, माता उपासिका सहायक पात्रका रूपमा रहेका छन् । तिनको विश्लेषण यसप्रकार गरिएको छ ।

### ३.५.१ आनी सुलक्षणा

आनी सुलक्षणा *ताप* उपन्यासकी सहायक पात्र हो । ऊ भक्तपुरको गुभाजु परिवारमा जन्मिएकी सानी, हँसिली छे । उसका बा पनि गुम्बामा संलग्न भएका कारण बासँगबेलाबेलामा पूजाआजामा आउँदा आउँदै आफ्नै रहरले २० वर्षको उमेरमा आनी बनेकी छ । आनी सुलक्षणाले सुजातासँग भनेको कुरालाई सुजाताले यसरी स्मरण गरेकी छन्

"उहाँका दिवङ्गत बा तिब्बतीपरम्पराको यस गुम्बामा पहिलेदेखि नै संलग्न हुनुहुदोरहेछ । बासँग बेलाबेलमा पूजाआजामा आइरहने हुँदा उहाँलाई यहीं बस्न मन लाग्यो रे । बुद्ध पूर्णिमाका दिन पूजामा आएर कपाल खौरेर आनी लुगा लगाएर घर जाँदा आमा रुनुभएको थियो रे । उहाँ त्यतिखेर बीस वर्षकी हुनुहुन्थ्यो रे" (पृ. १५) ।

आनी सुलक्षणा उदार स्वभावकी छ । आफूले घर गृहस्थ जीवनलाई त्यागेर वैराग्य जीवनलाई खुसीसाथ अपनाए पनि अरूपति सहानुभूति राख्छे । गुम्बाका कतिपय आनीहरू विवाह गरेर गए पनि त्यसमा उनको आपत्ति छैन । बाहिरी संसारमा बाँच्ने चाहना हुदाँहुँदै गुम्बामा थुनिएर बस्नुपर्छ भन्ने विचार उसको छैन । आनी याङ्छेनको सन्दर्भमा उसले भनेकी छ -

"ऊ गुम्बामा अटाइन । उसलाई नयाँ केही न केही गरिरहन पर्थ्यो । लुकाउन, छल्न जान्दिनथी, एक किसिमले ठिकै पनि भयो, यहाँ बसेकी भए के न गर्न सक्दी र । तर अहिले उसलाई ससारले चिन्छ । गुम्बाबाहिर गएर पनि उसले धर्मकै काम गरेकी छ" पृ. २४) ।

बौद्ध गुम्बामा बसेर सम्पूर्ण समय बिताए पनि सुलक्षणाको समयअनुसार चल्नुपर्छ भन्ने विचार छ । समयको परिवर्तनलाई ऊ वरण गर्छ। धर्ममा पनि स्वतन्त्रताको चाहना उसमा रहेको छ । करकापमा परेर मनलाई दबाएर धर्ममा लाग्नाले उचित बाटो पहिल्याउन नसक्ने उसको विचार छ ।

उसले मातृत्वको अनुभव गर्न पाएकी छैन तर सुजातालाई आफ्नै सन्तानसरह माया गर्छ । उसको व्यवहारबाट सुजाताले आमाको माया पाएको अनुभव गरेकी छ । सुजातालाई आफ्नै कोठामा स गर्छ । उसको व्यवहारबाट सुजाताले आमाको माया पाएको अनुभव गरेकी छ । सुजातालाई आफ्नै कोठामा सुताउने, सान्त्वना दिने काम गरेकी छ सुलक्षणाले । नारीको कोमल हृदय र मातृत्वको भाव उसमा झल्केको छ । सुजाता भन्छे - डरले काम्दै ब्युझिएँ । आनी सुलक्षणाले बोलाउनु भएपछि चुपचाप आनी सुलक्षणको ओछ्यानमा गएर घुसें । आनीले मलाई छातीमा टाँस्नुभयो र कपाल सुमसुम्याउनुभयो । मुमा सम्झै मैले (पु १२)

साना गुरुको रेखदेख गर्ने जिम्मा सुलक्षणाको छ । उसले बौद्ध धर्म, दर्शनको गहिरो अध्ययन गरेकी छ । समय, ठाउँ र आवश्यकताअनुसार धर्मका नियम परिवर्तन हुन्छन् भन्ने उसको विचार छ । बौद्ध धर्ममा पनि पुरुष र महिलाबीच फरक व्यवहार गरिने उसको तर्क छ । भिक्षुले २२७ शील पालना गर्नुपर्ने तर महिलाले ३११ शील पालना गर्नुपर्ने नेपालमा महिलालाई भिक्षुणी दीक्षा पनि नदिइने पुरुष भिक्षु दस वर्ष गुम्बामा जीवन बिताएपछि स्थविर र २० वर्ष बिताएपछि महास्थविर हुने तर महिला सधै आनी मात्र हुने धार्मिक भिन्नतालाई आनी सुलक्षणाले प्रष्ट्याएकी छ ।

ऊ सकारात्मक वा अनुकूल चरित्रकी पात्र हो । उसले सुजातालाई मात्र होइन अरु आनीलाई पनि राम्रो व्यवहार गरेकी छ । आनी याङ्छेन पनि सुलक्षणालाई मनमा राख्छे, भन्छे सुलक्षणा आनी मेरो एउटा चित्र आज पच्चीस हजार डलरमा बिक्री भयो । यो मेरो पहिलो कमाइ हो । यो कसको चित्र थियो थाहा छ आनी? त्यो तपाईंको चित्र थियो, पहेंलो गुम्बाको पृष्ठभूमिमा। त्यो पैसाले म तपाईलाई चारैवटा बुद्धधाम लैजानेछु" (पृ ४९) ।

पुरुषको तुलनामा महिलामा बढी डर हुन्छ साथै चाडै दुखित बन्ने पनि गर्छन् । धर्म र पापमा बढी विश्वास राख्छन् । साना गुरुको बाघको आक्रमणबाट निधन भएपछि सुलक्षणा बढी दुखित बनेकी छ । आफूले आफूलाई नियन्त्रणमा राख्न सकेकी छैन । सभामा गुरु रिड्पोछेबाट के सजाय हुने हो भनी डराएकी पनि छ ।

यसरी आनी सुलक्षणाको पनि यस उपन्यासको कथावस्तु अगाडि बढाउन महयसरी आनी सुलक्षणाको पनि यस उपन्यासको कथावस्तु अगाडि बढाउन महत्वपूर्ण भूमिका रहेको छ । ऊ यस उपन्यासकी अनुकूल चरित्रकी पात्र हो। ऊ गृहस्थीजीवनलाई त्यागेर बौद्ध गुम्बामा बस्तै आएकी छ । अविवाहित भए पनि ऊसँग मातृवात्सल्य छ, सहयोगी, मिलनसार छ, ऊ बौद्ध धर्मको पृष्ठभूमिमा रहेकी छ । आनी सुलक्षणा वर्गका आधारमा मध्यम वर्गीय र सक्रियताका आधारमा सक्रिय चरित्र हो । ऊ भूमिकाका आधारमा सहायक र लिङ्गका आधारमा स्त्री पात्र हो । शिक्षाका आधारमा शिक्षित र बौद्ध शिक्षा आर्जन गरेकी ऊ स्थानका आधारमा सहरिया र धर्मका आधारमा बौद्ध धर्मावलम्बी पात्र हो । प्रवृतिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवन चेतनाका आधारमा-व्यक्तिगत, आसन्नताका आधारमा-मञ्चीय र आवद्धताका आधारमा बद्ध पात्र ऊ सामाजिक सम्बन्धका आधारमा अविवाहिता नारी पात्र हो ।

## ३.५.२ मुक्ति

*ताप* उपन्यासमा मुक्ति सेनाले बाबुको हत्या गरेपछि माओवादीमा लागेको मुक्ति पात्रको चित्रण गर्ने क्रममा उपन्यासकारले माओवादी विद्रोहको बारेमा टिप्पणी गर्न भ्याएकी छन् । यी पात्रमार्फत उनले कथालाई नेपालको राजनीतिक विकासक्रमसँग पनि जोड्न खोजेकी छन् । परासरले पञ्चायतकाल जोड्छ भने मुक्तिले माओवादी विद्रोहको काललाई जोड्छ । कथाको मुख्य चुरोका घटना संकटकालको वरिपरि घटेका छन् । नेपालमा संकटकाल अगाडि र पछाडि घटेका घटनाले राजनीतिलाई एउटा दिशामा अगाडि बढाए । सेनाको अत्यन्धारी प्रवृत्तिका कारण माओवादी बन्न विवश मुक्ति यस उपन्यासमा सहायक चरित्रका रूपमा रहेको छ ।

मुक्ति सुजाताको कलेजको साथी हो । उसको घर चितवन हो। उसले काठमाडौंमा डेरा गरी पार्ट टाइम काम गरेर दुःख गरेर ब्याचलरसम्म पढेको थियो। मुक्तिको बाबु हाइस्कुलमा गणित विषयको शिक्षक हुनुहुन्थ्यो। मुक्तिको ब्याचलरमा राम्रो अङ्क थियो । ऊ

निम्न मध्यवर्गीय परिवारको केटो मास्टर्स पढ्न खर्च नभएर केही अमेरिकी विश्वविद्यालयमा छात्रवृत्तिको लागि निवेदन हालेको थियो । उसको एक बहिनी, आमा र बुबा थिए । बुबा कुनै पार्टीको सदस्य नभएपनि प्रजातन्त्रको वकालत गर्नु हुन्थ्यो। दुःखी, गरिब, निमुखाका पक्षमा आफ्नो मत जाहेर गर्ने चेतनशील शिक्षकमा गनिनुहुन्थ्यो। त्यस बेला द्वन्द्वकालीन समयमा सरकार र माओवादी बिच वार्ता भङ्ग भएको थियो । वार्ता भङ्ग भएपछि माओवादीले सेनाको व्यारेकमै आक्रमण गरेको हुँदा त्यतिखेर शाही सेना पागल भएको थियो । सङ्कटकालमा सेनाले गरेका कुरामा कुनै सुनुवाइ हुँदैनथ्यो । जनता माओवादी र सेनाको चेपुवामा थियो । एउटासँग अर्को डराउनु पर्ने अवस्था भएकाले गाउँका सबैले कै मुक्तिका परिवार पनि समसांझै भात खाएर सुते पनि नसुते पनि बत्ती निभाउँथे । एक दिन बेलुका सेनाहरू उसका घरका ढोका ढकढकाउँछन् र बाबुलाई सानो सोधपुछ गर्नु छ भनी लिएर जान्छन् तर बाबु फर्कदैनन् । पर्सिपल्ट समाचारमा सेनासंग मुठभेडमा मारिएको माओवादी मास्टर भनेर बाबुको नाम सुनेपछि उसका परिवार एकैपटक आश्चर्य, शोक र क्रोधमा चुर्लुम्म डुब्छन् । आमाको कुनै सुद्धी थिएन। बहिनी केटाकेटी नै भएकाले परिवारको जान्नेसन्ने भनेको ऊ नै थियो। ऊ आफ थाम्न नसकेर जान्नेसुन्ने भनेको ऊ नै थियो ।

मुक्ति आफू थाम्न नसकेर अत्याचारका विरोध गर्छ र आफ्नो बाबुलाई मध्यरातमा बेपत्ता बनाएका, गलत आरोप लगाएर मारेको कुरा सबैलाई भन्छ र पत्रिका छापिन्छ । बाबुको तेह्र दिनको काम नसकिंदै फेरी एउटा रात उसको घरमा अर्को चट्याङ पर्छ । सिपाइहरू राती आएर उसलाई र आमालाई लात्ताले भक्कुर्न र बन्दुकका कुन्द्राले हान्छन् र बहिनीलाई बलात्कार गर्छन् । त्यसपछि आमा जडभरत हुनुभएको र बहिनी टोलाएर घरभित्रै बस्थी । यस्तो अवस्थामा उसले सोच्थ्यो के अर्थ यो कायर जीवनको, अब आत्महत्या गर्छु । त्यसबेला माओवादी आएर सान्त्वना दिदै प्रतिशोध लिन उक्साउँथे र आत्महत्या गरेर जीवन समाप्त गर्नुभन्दा अब दुश्मनहरूलाई समाप्त गरेर मात्रै मर्छु भन्ने कामना बोकेर बहिनी र ऊ दुवै जङ्गल पस्छन् । ऊ माओवादी बनेको एक महिनापछि उनीहरूले टोली सुन्दर चौधरीको छाप्रोमा साँझमा पुग्छन् । सुन्दरको छोरो जनसेनामा हुन्छ । उनीहरूले छोरोलाई हामीलाई देकी सेनाको सुराकी हामीलाई बताउनु भनेका थिए । सुन्दरलाई सेनाको पक्ष लिएको भनेर राती खुकुरी हानी हत्या गर्छन र सेनासँग सधै आक्रमण भइरहने कयौं मानिस मरे। आक्रमणका क्रममा मुक्ति घाइते हुन्छ र उपचारको क्रममा उसले सोच्छ कसको वर्गशत्रु को हो ? जतातिर जुन छोरो मरे पनि शोक बार्ने आमाबाबु एउटै छन् र माओवादी

छोडेर भागेर काठमाडौँ पुग्छ र त्यहाँ सुजातालाई मन पराएको हुन्छ तर भन्न सकेको हुँदैन् । सुजाताको दयनीय अवस्था देख्न नसकेर अन्त्यमा आत्महत्या गर्छ ।

माओवादी द्वन्द्वकालीन समयमा सर्वसाधारण जनताले भोग्न बाध्य भएका दर्दनाक परिस्थितिको सचित्रण उसको जीवनबाट यस उपन्यासमा प्रस्तुत गरिएको छ

## ३.५.३ परासर कुँवर

*ताप* उपन्यासमा परासर कुँवरको भूमिका राजनीतिसित सम्बन्ध जोडिएको छ । परासर कुँवर पञ्चायतकालमा खेलकुद परिषद्मा हलिमुहाली गरेको पात्र, पछि राजाको प्रत्यक्ष शासनमा मन्त्री बन्छ । परासरको चरित्रमार्फत् त्यो राजनीतिको चरित्र देखाउन खोजिएको छ । परासरले पञ्चायतकाल जोड्छ । गुन्डागर्दी, बाहुबल, चाकडी र चाप्लुसीको भरमा मन्त्री बनेको पराशर सहायक पात्र हो ।

## ३.५.४ माता उपासिका

उपासिका *ताप* उपन्यासकी सहायक पात्र हो । ऊ यस उपन्यासमा चन्द्रगिरिमा रहेको कैवल्य आश्रमका मूल गुरु कैवल्यकी पत्नी हो । अर्थात् ऊ काठमाडौंको इन्द्रचोकमा बस्ने शिक्षित समबस्ने शिक्षित सम्पन्न नेवार परिवारकी कान्छी छोरी हो । उसको पारिवारिक पृष्ठभूमिलाई यसरी देखाइएको छ -

"फोटोग्राफर पेसाका हजुरबुबाको आइजाइ राणा दरवारमा भएकाले हामी तल्लो जात मानिए पनि समाजमा हाम्रो रवाफ थियो । ठूली फुपु दरबार पस्नुभएको थियो । हाम्रो घरका छोरी बुहारी समेत पढेलेखेका थिए । आइमाईहरू निकै हक्कीभएकाले पोथी बासेको घर भनेर मानिसहरू कुरा काट्ये रे । मेरो ठूलो दाइ उही बेला पाइलट कोर्स गरेर आएको थियो । काठमाडौँमा सिनियर क्याम्ब्रिज सकेपछि मैले दिल्लीमा फेसन डिजाइनको कलेज ज्वाइन गरेकी थिएँ" (पृ. २६९) ।

यसरी उपासिकाले दिल्लीमा बसेर पढ्दा पढ्दै आफ्नो मनलाई पढाइमा लगाउन सकिन । उसको मनमा अशान्ति पैदा भयो र शान्तिको बाटो खोज्दै ऊ कलकत्ता गुरु साइको आश्रममा समेत पुगेकी छ । ऊ गुरुसँग दीक्षा लिई तीन महिनासम्म त्यही आश्रममा बस्न पुग्छे । अन्त्यमा आमाबाबु उसका पीरले सन्तप्त बनेपछि मातापिताप्रतिको कर्तव्य पूरा गर्न ऊ घर फर्कन बाध्य भई। शान्तिको खोजीमा हिंडिरहेकी उपासिकाको भेट गुरु

कैवल्यसँग भएपछि उसैसँग विवाह गर्छ । सांसारिक सुखभोगभन्दा पनि आध्यात्मिक सुखभोग मन पराउने उपासिका कैवल्यसँगको सम्बन्धबाट अपार खुसीको अनुभव गर्छ । तर जीवनमा सुखभन्दा दुःख नै बढी भएकाले विस्तारै उनीहरूको सम्बन्ध टाढिन पुग्छ । विस्तारै कैवल्यले अध्यात्मको यात्रामा शरीर सम्बन्ध बाधा हुनेदेखि उपासिकासँग केही टाढिएझैं गरेपछि उपासिकाको मन कुँडिन पुग्छ ।

उपासिका शिक्षित छ, उसँग तार्किक शक्ति छ, कैवल्यका हरेक प्रश्नको उत्तर दिन सक्षम छो । कैवल्य दिनानुदिन ऊसँग टाढिएपछि ऊ प्रश्न गर्छ-

"हाम्रो सम्बन्धमा दोष नै के छ र स्वामी? एक पति र एक पत्नी व्रत पनि त ब्रह्मचर्य नै हो । जीवनले यतिखेर हामीलाई सबै थोक दिएको छ, आनन्दित छौं हामी, म अत्यन्तै खुसी छु । गुरुप्रसादको रूपमा यसलाई ग्रहण गर्नुमै कल्याण छ स्वामी । चित्तलाई किन डुलाउनुहुन्छ हजुर? अनि, हाम्रो सम्बन्धलाई पनि कस्तुरबा र मोहनदास करमचन्द गान्धीजीको सम्बन्धसँग तुलना गस्वामी । चित्तलाई किन डुलाउनुहुन्छ हजुर ? अनि, हाम्रो सम्बन्धलाई पनि कस्तुरबा र मोहनदास करमचन्द गान्धीजीको सम्बन्धसँग तुलना गर्न कसरी मिल्छ स्वामी । त्यो सम्बन्ध त अत्यन्तै अनमेल थियो । सेवाको नाम दिएर ती अपठित महिलालाई गान्धीजीले आफ्नो हठ पूरा गर्ने माध्यम बनाउनुभयो । तिनलाई प्रयोग गर्नुभयो । कहिल्यै सहधर्मिणीको स्थान दिनुभएन" (पृ. २८७) ।

कैवल्यले उप्रति गरेको व्यवहारबाट उसले आफू अपमानित भएको अनुभव गरेकी छ । ऊ कैवल्यलाई धेरै माया गर्छ । जस्तोसुकै गल्ती गरे पनि उसलाई माफी दिएर उसकै स्वामी कैवल्यलाई प्रेम गर्छ भगवान् कृष्णलाई मीराबाईले गरेको एकोहोरो प्रेमजस्तो । प्रेमको पासो थापी उसको सौन्दर्य र नारी अस्मिता लुटेपछि उसका तृष्णा र खुसीको वास्ता नै नगरी साधनालाई जोड दिएर उसबाट टाढिन खोज्छ कैवल्य । कैवल्यजस्ता ढोंगी पुरुषको व्यवहारले गर्दा ऊ पानीबाट निकालिएको माछाजस्तै छट्पटाएकी छ ।

कैवल्यको व्यवहारबाट उसभित्र आगोको ज्वाला दन्किएको छ -

मसँग बिहेअघि संसर्ग गर्दा प्रेमको पवित्रताको कुरा गर्ने तपाईं नै होइन ?

यतिखेर मर्यादाको नाममा तपाई मेरो इच्छाको घाँटी निमोठिरहनुभएको छ। तिमी मेरा गुरु होइनौ, हामी दुवैका गुरु एउटै हुनुहुन्छ । हामी दुवैले एउटै गुरुलाई भगवान्सरह

मान्छौं । यस अर्थमा मेरो र तिम्रो हैसियत एकै स्तरको हुनुपर्ने होइन ? मैले त तिमीलाई मेरो प्रेमी पतिको रूपमा वरण गरेकी हुँ । मेरो स्थान तिम्रो छेउमा नहुने भए सबैको अगाडि घोषणा गर कि अब म तिम्री पत्नी रहिनँ। मलाई स्वतन्त्रता देऊ कायर पुरुष" (पृ. २९२-२९३) ।

साधनाबाट नभई आत्मिक मिलनबाट मात्र आनन्द प्राप्त गर्ने विचार उपासिकाको छ । एउटी नारीको जिउने चाहना कि त पतिको माया कि त सन्तानको खुसी हुने विचार उसको छ । यसरी उपासिका पढेलेखेकी, तार्किक शक्ति भएकी, शिक्षित युवती हो । कैवल्यले उसलाई प्रेमसम्बन्ध राखी बिहे गरेर श्रीमती बनाउँछ । समयान्तरमा साधनामा शरीरसम्बन्धले बाधा दिने भएका कारण उसबाट टाढिएको व्यबहार गरेपछि ऊ दुखित बनेकी छ । ऊ यस उपन्यासमा अनुकूल चरित्रकी पात्रऊ दुखित बनेकी छ । ऊ यस उपन्यासमा अनुकूल चरित्रकी पात्र हो ।

माता उपासिका वर्गका आधारमा उच्च वर्गीय र सक्रियताका आधारमा सक्रिय नारी पात्र हो । ऊ भूमिकाका आधारमा-सहायक र लिङ्गका आधारमा स्त्री पात्र हो । माता शिक्षाका आधारमा शिक्षित, स्थानका आधारमा सहरियार धर्मका आधारमा हिन्दू पात्र हो । , प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवन चेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा-मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र ऊ सामाजिक सम्बन्धका आधारमा अविवाहिता नारी पात्र हो ।

## ३.६ ताप उपन्यासका गौण पात्रको विश्लेषण

प्रस्तुत उपन्यासमा डम्बरकुमारी, रुवेल, गुरु कैवल्य, यमन गौण भूमिकामा आएका छन् । तिनको विश्लेषण यसप्रकार गरिएको छ ।

### ३.६.१ डम्बरकुमारी

डम्बरकुमारी *ताप* उपन्यासकी गौण पात्र हो । यस उपन्यासको कथावस्तुलाई अगाडि बढाउन उसको पनि केही भूमिका रहेको छ। ऊ रुद्रशमशेरकी कान्छी रानी हो । उसले पनि राणाकालीन परिवेशको राम्रो प्रतिनिधित्व गरेकी छ । आफू शासनसत्तामा बसेर स्वाफ गर्ने र अरुलाई दबाउने परम्पराको धाक उसमा पनि रहेको छ । चन्द्रिका भन्छे-

"घिउ कहाँ पर्यो भागैमा भनेजस्तो जेजस्तो भएपनि अहिले आफ्नै खलकको शासन छ । हाम्रो पनि रवाफ अझै छ। भोलि हाम्रो पैनि फेरि दिन फिर्न सक्छ । सबैले पुर्पुरोमा लेखेको खाने हो। तँलाई आफ्नैसँग किन यत्रो विरोध । जिजुमुमा डम्बरकुमारी बुबालाई बारम्बार सम्झाइबक्सन्थ्यो" (पृ. १४३) ।

यस भनाइबाट स्पष्ट हुन्छ कि ऊ साना तिना मानिससँग सम्बन्ध राख्न रुचाउँदिन थिई। जनताहरू सँधै आफूप्रति झुकेको र आफ्नो हैकम रहेको उनलाई मन पर्यो- बग्गीमा ठाडो शिर गरी राज भएका ससुरा बुबाको शान हेर्न लायक हुन्थ्यो । उहाँको हैकममा मान्छे मात्र होइन यो त्रिभुवन नै चलिरहेछ जस्तो लाग्थ्यो। यी सबैले टाउको निहुर्‍याउने मेरा ससुरा बुबा होइबक्सिन्छ भन्ने सम्झेर मलाई त बेलाबेलामा बडो उन्माद चल्थ्यो (पृ. १४६) ।

उचालिनसक्नु गहनागुरिया, सुनचाँदी भरेका शिरपोस, पाउपोस र पोशाकको भारले सजिएर बस्दा उसलाई आनन्द आउँथ्यो । ऊ शौखिन स्वभावकी थिई । पढ्न नपाएकामा उसलाई गुनासो थिएन तर नपढेकाले नै स्वतन्त्रता खोसिएको हो कि भन्ने अनुभव गरेकी थिई । महिला सधैं भूमिकाविहीन भएर बस्नुपर्दा र बच्चा पाउने साधनजस्तो मात्र बन्नुपर्दा उसलाई नराम्रो लाग्यो ।

डम्बरकुमारी वर्गका आधारमा उच्च वर्गीय र सक्रियताका आधारमा निष्क्रिय नारी पात्र हो । ऊ भूमिकाका आधारमा-गौण र लिङ्गका आधारमा स्त्री पात्र हो । डम्बरकुमारी शिक्षाका आधारमा अशिक्षित, स्थानका आधारमा सहरिया र धर्मका आधारमा हिन्दू पात्र हो । ऊ प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा गतिहीन, जीवन चेतनाका आधारमा वर्गगत, आसन्नताका आधारमा नेपथ्यीय र आवद्धताका आधारमा मुक्त पात्र ऊ सामाजिक सम्बन्धका आधारमा हजुरआमा र विवाहिता नारी हो ।

### ३.६.२ रुबेल

रुवेल पनि *ताप* उपन्यासकी गौण पात्रको रूपमा देखापरेकी छ । ऊ गाउँले बर्दियाको सोझो, इमान्दार व्यक्ति सुन्दर चौधरीकी छोरी हो । उपन्यासमा उसको परिचय यसरी दिइएको छ एउटी नयाँ केटीको उपस्थितिले मेरो ध्यान यसरी तानिरहेछ । कालो रङ्ग, अग्लो छरितो शरीर, कम्मरसम्म आउने चुल्ठो बनाएको लामो कैलो कपाल, नाकमा लगाएको चाँदीको नथ्थी। ऊ निकै हिस्सी परेकी छ" (पृ. ११६) ।

ऊ पनि माओवादी द्वन्द्वको चपेटामा परेकी पात्र हो। शसस्त्र जनयुद्धले कतिसम्म सोझा साझा जनतालाई विचलित बनायो भन्ने कुरा यस पात्रका माध्यमबाट थाहा हुन्छ । दश कक्षामा पढ्दापढ्दै माओवादीले बाबुलाई टुक्रा टुक्रा पारेर हिँडेपछि असन्तुलित बनेकी रुबेल ध्यानमा लागेपछि केही फेरिन्छे कि भनी ध्यानकेन्द्रमा उसलाई ल्याइयो । माओवादी द्वन्द्वमा पीडित बालबालिकामध्ये ऊ पनि एक प्रतिनिधि पात्र हो। उसले पनि यस उपन्यासमा छोटो घटनालाई प्रस्तुत गरेकी छ ।

यसै गरी अतिगौण पात्रका रूपमा अन्य धेरै पात्रहरू रहेका छन् । आइको, हिमाली, चम्पा, आनी नोडुप, रेशम, पेमा, याङ्छेन, पञ्चशीला, एलोम, सिन्डी, निमा, कात्या, विंमली, डेचेन, मुक्तिकी बहिनी, एस्ली, सानीमुमा, मधुवाला, चन्द्रिकाकी सासु आदि रहेका छन् । जापानी महिला आइको प्रोफेसर यमनकी पत्नी हो । उसले नर्स पेसालाई छाडेर रेस्टुरेन्ट खोलेकी थिई। यमनसँग प्रेमसम्बन्ध राख्ने आइको पछि नेपाल आएपछि बिहे गर्छ । त्यही प्रेमका चिनो आइको र यमनकी छोरी हिमाली हो। चम्पा बर्दियाको गरीब रघुवा थारुकी छोरी हो । सुजाताले उसलाई घरमा ल्याएर राखेकी छे । ऊ चन्द्रिकाकी सहायिका बनेकी छ । आनी नोडुप, रेशम पेमा, पञ्चशीला, एलोम, सिन्डी, निमा कात्या, विमचन्द्रिकाकी सहायिका बनेकी छ । आनी नोडुप, रेशम पेमा, पञ्चशीला, एलोम, सिन्डी, निमा कात्या, विमली, डेचेन सबै बौद्ध गुम्बामा भएका आनीहरू हुन् । मुक्तिकी बहिनी निर्दोष भएर पनि शसस्त्र द्वन्द्वले पीडित पात्र हो ।

यसैगरी अमेरिकी नागरिक एस्ली चन्द्रिकासँगै विश्वविद्यालयमा पढ्ने साथै रुम पार्नर पनि थिई । उसले नेपालमा पनि पिसकोर भोलन्टियर भएर भएर दुई वर्ष काम गरेकी छ । त्यतिखेर नै उसले प्रभाकरलाई चिनेकी हो। मानीमुमा अरबिन्द्रकी पत्नी हो। ऊ बेलायतमा उच्च तवरले जिइरहे पनि अरबिन्द्रका अगाडि ऊ निम्न हैसियतकी देखिएकी छ । मधुबाला चन्द्रिकाकी आमा हो । ऊ पनि जहानियाँ राणाशासनकै प्रतिनिधि पात्र भएर उभिएकी छ । ऊ रुढिवादी सोच र साँघुरो मानसिकताले भरिएकी छ । ऊ चन्द्रिकालाई हरेक चिजबाट बन्देज गर्न चाहन्छे पढाइबाट रोक लगाउन चाहन्छे, हुदा हुदां उसको पारपाचुकेमा पनि सहयोगी भएकी छ, सुजातालाई बाबुका वियोगमा चिढ्याउन पनि मद्दत गरेकी छ। ऊ अतिगौण पात्र भए तापनि प्रतिकूल पात्रका रूपमा देखापरेकी छ । चन्द्रिकाकी सासू पनि गाउँले सासूकै प्रतिनिधि पात्र हो। ऊ रुढिवादी विचारले भरिपूर्ण छ । ऊ अतिगौण पात्र भए पनि खलपात्रका रूपमा यस उपन्यासमा देखापरेकी छ । उसले चन्द्रिकालाई

कहिल्यै राम्रो व्यवहार गर्दिन । उसकै कारणले चन्द्रिका र प्रभाकरको सम्बन्ध टुटेको हो । समग्रमा रुबेलको चारित्रिक अभिलक्षणलाई यसप्रकार देखाइएको छ ।

रुवेल वर्गका आधारमा निम्न वर्गीय र सक्रियताका आधारमा निष्क्रिय पात्र हो । ऊ भूमिकाका आधारमा-गौण र लिङ्गका आधारमा स्त्री पात्र हो । शिक्षाका आधारमा अशिक्षित, स्थानका आधारमा-गाउँले र धर्मका आधारमा हिन्दू पात्र रुवेल प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, जीवन चेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा-मञ्चीय र आबद्धताका आधारमा-मुक्त पात्र हो । ऊ सामाजिक सम्बन्धका आधारमा अविवाहिता पात्र हो ।

## ३.६.३ यमन

विदेशीसित बिहे गरेर सम्बन्ध दहो बनाउन नसक्ने यमन *ताप* उपन्यासमा सहायक चरित्र हो । राणा खानदानभित्रका संस्कार, भौतिक सुखसयल, वैभवशाली र सम्पन्नशाली जीवनशैली, पुरुषहरूको हुकुमीतन्त्रका कारण महिलाले भोग्नुपरेका ताडनाको वर्णन पनि उपन्यासमा पाइन्छ, त्यसको भूमिका यमनले निर्वाह गरेको छ । मुलुकले विगतमा भोगको युद्धका झिल्काहरू, निर्दोष व्यक्तिले पाएको यातना, भैरवनाथ गणमा मानिसलाई बेपत्ता पारिएको प्रसङ्गलाई पनि उपन्यासमा आएका छन् । तर युद्धको प्रसङ्ग नेपाली ग्रामीण भेगमा भन्दा सहरमा केन्द्रित छ, जसले गर्दा वास्तविकता भन्दा पर पुगेको हो कि भन्ने आभास हुन्छ । ऊ यस उपन्यासमा गौण पात्रका रूपमा आएको छ ।

## ३.६.४ गुरु कैवल्य

*ताप* उपन्यासमा कैवल्य आश्रमका मूल गुरु हुन् । उनी गहुँगोरो वर्णको, अग्लो, छरितो, स्वस्थ युवक, उच्च ललाटका थिए । कैवल्यको मूल घर स्याङ्जा हो । जसले काठमाडौं आएर आईएसी गरेपछि छात्रवृत्तिमा दिल्ली गए। ऊ त्यहाँ रहदा धेरै सन्तमहन्त, गुरुहरूको सङ्गतमा परे । पढाइ सकेपछि केही वर्षसम्म एक साधुको साथ लागेर ऋषिकेशमा उनैको आश्रममा पनि बसे । उसमा संसारप्रति वैराग्य भाव त्यसै बेलादेखि नै रहेछ । शिवपुरी बाबाको आश्राममा कैवल्य बस्थ्यो । त्यहाँ उसको भेट उपासिकासँग हुन्छ। कैवल्य र उपासिका एक अर्कालाई प्रेम गर्न थाल्छन् । कैवल्य पैंतीस वर्षको र उपासिका अठार वर्षकी भएकाले उपासिकाको बाबुले उपासिकालाई सम्झाउनुभएको थियो। उपासिका, तिम्रो र

कैवल्यको बिहे भयो भने पनि यो एकदम असमान व्यक्तिहरू विचको विहे हुनेछ । बिहेको सम्पूर्ण बोझ कमजोर र कम शक्तिशाली भएकी कारणले तिमीले नै बेहोर्नुपर्छ । उहाँको आध्यामिक यात्रा तिमी पहिलासम्म साथै हिंड्न सकौली-नसर्काली छोरी भनी सम्झाउँदा पनि उनीहरू एकअर्काका प्रेममा अन्धा भएका थिए । उनीहरू लुकेर अन्तरङ्ग सम्बन्धको भार विसर्जन हुने गर्थ्यो । उपासिकाले कैवल्य, यो पाप हैन? भन्दा कैवल्यले भन्थ उपासिका, जन्मजन्मान्तर देखिकी प्रेमिका हौ तिमी मेरी । उसले प्रेमको सम्बन्ध सधै पवित्र हुन्छ । प्रेमकै रूप हो ईश्वर पनि । त्यसपछि तिमीलाई मैले पत्नी स्वीकारि सकेको छु । प्यारी, म तिम्रो पति हैं ।" यही क्षणदेखि उनीहरू अद्वैत भए ।

एकपल्ट कैवल्य निकै विरामी भए त्यसवेला उपासिकाले उसको स्याहारससार गरेर बस्थी त्यसपछि उनीहरूको विवाह हन्छ । विहेपछि उनीहरू ऋषिकेश आश्रममा बस्न थाले। कैवल्य र उपासिका बिच घनिष्ट प्रेम थियो। उनीहरूको चन्द्रागिरिको फेदीमा नयाँ आश्रम बनाउँछन् । त्यस आश्रममा ध्यानक्रम पनि बनाइएको थियो । संसारभर, प्रचलित ध्यानविधि सिकाउने र त्यसका निम्ति विभिन्न ठाउँबाट विज्ञ गुरु र साधकहरूलाई बोलाउने उनीहरूको योजना थियो। उनीहरू धेरै नै खुसी थिए । आश्रम बनेपछि कैवल्यले हाम्रो शयन कक्ष अलग हुने छ भने । उपासिकाले किन स्वामीभन्दा जुन यात्रामा हामी छौं, त्यहाँ शरीर सम्बन्ध बाधा बन्ने गर्छ भनी उनको बेग्लै कक्ष तयार हुन्छ । कैवल्य अध्यात्मकको यात्रामा अघि बढ्छन् । उनले अब गुरु भएपछि आफ्नी श्रीमतीसँग बोल्न, बस्न छोडेको छ । उसले बिरामी हुँदासम्म वास्ता गर्दैन । अध्यात्मलाई उत्कर्षमा पुर्‍याउने लक्ष्यमा आफ्नो आचरण, मन, वचन र कर्मद्वारा आफू शुद्ध हुनु आवश्यक ठानी आफ्नी पत्नीलाई उपेक्षा गर्छन् । शरीरका इच्छाको कुनै सीमा हुँदैन, ध्यानमा चित्त लगाउ दुःखको निवारण हुन्छ यो नै तिम्रो र मेरो मुक्तिको द्वार हो भनी उपासिकालाई भन्छन् ।

कैवल्य आफू गुरु भएकाले ऊ बाहिर जाँदा छट्टै बेवास्था हुन्थ्यो उसको निर्णय नै सबैका स्वीकार्य हुन्थ्यो । उसको पत्नीले आफ्नो अधिकार खोज्दा उसलाई ध्यानमा लाग बेकारमा यस्तो इच्छा नराख भन्थे तर सत्य त के हो भने करिब पैसट्ठी वर्षको उमेरमा पनि कामभावनाका सर्पले बारम्बार उसभित्र टाउको उठाउँथे । आफ्ना सुन्दर साधिकाहरू देख्दा मन विचलित हुन खाजेकोले ऊ आश्चर्यचकित हुन्छ। रांती ऊ बारम्बार भने करिब पैसट्ठी वर्षको उमेरमा पनि कामभावनाका सर्पले बारम्बार उसभित्र टाउको उठाउँथे । आफ्ना सुन्दर साधिकाहरू देख्दा मन विचलित हुन खाजेकोले ऊ आश्चर्यचकित हुन्छ । राती ऊ बारम्बार

स्खलित हुन्छ यो कुरा आफ्नी श्रीमतीलाई भन्न सक्दैन । उनले अरूलाई साधनामा लीन होऊ पीडाबाट छुट्कारा पाउन सकिन्छ भन्ये तर आफ्नी पत्नीको पीडालाई बुझ्न सक्दैनन् । कयौं व्यक्तिहरू अध्यात्ममा लागेर आफ्नो इच्छाविपरीत समाजको डरले आफ्नो इच्छाहरूलाई कुण्ठित गरी झुटा आस्वासन दिई शान्तिको नाममा ठगी रहेका हुन्छ । मानसिक मनभित्र सुषुप्त चाहनाहरू हुन्छन् । त्यो चाहनालाई रोक्न जति नै कोशिस गरेपछि कतै न कतै कुनै रूपमा प्रस्फुटित हुन्छ भन्ने कुरा कैवल्यको जीवनबाट देखाइएको छ ।

कैवल्य आश्रमका गुरु, उपन्यासमा सुजाता र चन्द्रिका (सुजाताकी आमा) को भूमिका भने बढी छ । यी दुवै नारी विद्रोही स्वाभावका छन् । उनीहरूको तर्क गहन छ, दार्शनिक छ, हामीले भन्दैसुन्दै र बेहोर्दै आएको भन्दा धेरै भिन्न छ उनीहरूको विचार । उनीहरूको तर्कका अगाडि कैवल्य आश्रमका गुरु हुन् वा समाजका अन्य व्यक्ति नतमस्तक बन्न पुगेका छन्, नाजबाफ बनेका छन् ।

यसप्रकार यस उपन्यासमा माता उपासिका, आनी सुलक्षणा जस्ता गौण पात्रको यसमा प्रयोग गरिएको छ । कैवल्य आश्रमका मूल गुरु कैवल्यकी पत्नी उपासिका शिक्षित सम्पन्न परिवारकी चरित्र हो । गृहस्थी जीवनलाई त्यागी वैराग्य जीवनलाई अपनाएकी सुलक्षणा उद्धार, दयालु स्वभावकी छ । ऊ धार्मिक कट्टरताको विरोधी छ । बौद्ध धर्म दर्शनको गहिरो अध्ययन गरेकी सुलक्षणाले बौद्ध धर्मले पनि पुरुष र महिलाबीच गरेको विभेदलाई राम्ररी प्रष्ट्याएकी छ । मुक्ति सुजाताको कलेजको साथी हो । उसको घर चितवन हो । उसले काठमाडौंमा डेरा गरी पार्ट टाइम काम गरेर दुःख गरेर ब्याचलरसम्म पढेको थियो। मुक्तिको बाबु हाइस्कुलमा गणित विषयको शिक्षक हुनुहुन्थ्यो । मुक्तिको ब्याचलरमा राम्रो अङ्क थियो । शिक्षाका आधारमा अशिक्षित, स्थानका आधारमा-गाउँले र धर्मका आधारमा हिन्दू पात्र रुवेल प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, जीवन चेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा-मञ्चीय र आबद्धताका आधारमा-मुक्त पात्र हो । डम्बरकुमारी वर्गका आधारमा उच्च वर्गीय र सक्रियताका आधारमा निष्क्रिय नारी पात्र हो । ऊ भूमिकाका आधारमा-गौण र लिङ्गका आधारमा स्त्री पात्र हो । कैवल्य आश्रमका मूल गुरु हुन् । उनी गहुँगोरो वर्णको, अग्लो, छरितो, स्वस्थ युवक, उच्च ललाटका थिए । कैवल्यको मूल घर स्याङ्जा हो ।

## ३.७ निष्कर्ष

*ताप* व्यक्ति, परिवार र समाजले विगत र वर्तमानमा भोगेका मानसिक सास्ती, पीडा र दुःखहरूलाई समेटेर लेखिएको उपन्यास हो । हिन्दूशास्त्रअनुसार मानिसले जीवनमा मुख्य तीन प्रकारका तापबाट मुक्तिको कामना गर्छन्, ती हुन् आध्यात्मिक, आधिदैविक र आधिभौतिक । प्राचीन मनिषीहरूले तीनै तापबाट मुक्तिका लागि कठोर साधना गरेको पाइन्छ। भौतिक जीवनबाट निवृत्त हुनका लागि तापमुक्त हुनुपर्छ भन्ने उनीहरूको जीवनदर्शन थियो। प्रस्तुत उपन्यासमा तीनैवटा तापले छपक्कै ढाकेको समकालीन र विगतका केही पाटाहरूताई खोतल्ने प्रयास गरिएको छ ।

जीवनमा दुःखको कारण छ भने त्यसबाट समाधानको उपाय पनि त छ भन्ने बुद्ध दर्शन छताछुल्ल भएको छ उपन्यासमा । त्यही दुःख शमनका लागि उपन्यासका पात्रहरूले विभिन्न सास्ती भोगेका छन्, कोही सफल भएका छन् र कोही असफल। उपन्यासका पात्रहरू तापबाट मुक्त भए पनि उनीहरू समाजका लागि के दिन सके भन्ने प्रश्नचाहिँ निरुत्तरित नै छ । पतिसँग सम्बन्धविच्छेद भएर मानसिक रूपमा व्यथित बनेकी चन्द्रिका, विद्रोही माओवादी आरोपमा नेपाली सेनाको भैरवनाथ गणमा अकारण यातना भोग्न विवश सुजाता, उनकी पत्नी, निष्कलंक र पवित्र मनकी सुलक्षणा आदि पात्रहरूले भोगेका तापका कथा नै यस उपन्यासका विषयवस्तु हुन् ।

सुजाता सम्भ्रान्त परिवारकी युवती हो। दर्शनशास्त्रमा उच्च शिक्षा हासिल गरेकी उसमा केही गरौं भन्ने गहिरो भावना छ । आमाबाबु (चन्द्रिका र प्रभाकर) को सम्बन्ध बिग्रिएका कारण पारिवारिक तनावमा हुर्किएकी सुजाता बाबुको मायाबाट वञ्चित भएकी छ। आमाले गर्दा नै आफूले बाबुको माया पाउन नसकेको ठम्याइ उसको छ । त्यतिमात्र होइन सुजाता आमाको हैकमवादी प्रवृत्तिको सिकार बनेकी छ, फलस्वरूप उसले व्यक्तिगत स्वतन्त्रताको प्रयोग गर्न नपाउँदा आमासित पनि गम्भीर असन्तुष्टि प्रकट गरेकी छ। पब र डिस्कोमा रमाउने, नयाँनयाँ साथी बनाउने र जति बाँच सुखले बाँच भन्ने भाव बोकेकी सुजाता जिज्ञासु र बौद्धिक नारी पात्र हो। साथी मुक्तिसितको बिछोड र तत्कालीन शाही नेपाली सेनाले माओवादी भनेर यातना दिएपछि विचलित बनेपछि ऊ वैराम्यतिर डोरिएकी छ अन्त्यमा बौद्ध साधिका बनेकी छ र महास्थविराको पद्वी पाएकी छ।

चन्द्रिका राणा खानदानकी छोरी हो। सधैं भौतिक सुखसयलमा रमाएकी उसले जीवनमा कहिल्यै अभाव नभोगे पनि प्रभाकरसितको विवाहपछि वास्तविक जीवन भोगाइको अनुभव गरेकी छ । तर प्रभाकरसितको सम्बन्ध दिगो बन्न नसकेका कारण ऊ छोरी सुजाताका साथ जीवन बिताउँदै अघि बढेकी छ । सुजाताको जीवनमा आइपरेका उतारचढाव दिगो बन्न नसकेका कारण ऊ छोरी सुजाताका साथ जीवन बिताउँदै अघि बढेकी छ । सुजाताको जीवनमा आइपरेका उतारचढावले चन्द्रिकाले पनि विभिन्न खालका सास्ती पाएकी छ । त्यो शारीरिक र मानसिक रूपमा देखिएका छन् । वैराग्यपथमै लागेपछि चन्द्रिका महारानीको परिचय हराएको छ, आमा, नानी दिदी र बहिनी बनेकी छ, मान्छेको सुखदुःखको साथी बनेकी छ, त्यसमै ऊ रमाएकी छ, शिशुहरूको सिँगान पुछ्ने काममा लागेकी उसले त्यहाँ आफ्नो मातृत्व भेटेकी छ । वैराग्यमा पनि सन्तुष्टि बन्न नसक्नु उसले भागेको अर्को ताप हो ।

आधुनिक सहरी जीवनका सम्पूर्ण पक्षलाई भोग्दै गर्दा भैरवनाथ गणमा यातना पाएपछि सुजाताले वैराग्यको बाटो स्वीकार गर्नु, एकोहोरो प्रेमी रहेको मुक्ति माओवादी विद्रोहमा लागेर पनि अन्त्यमा वैराग्यतर्फ लाग्नु र अन्त्यमा आत्महत्याको बाटो रोज्नु, चन्द्रिका अनकन्टार गाउँमा पुगेर शिशुहरूको सिँगान पुछ्न राजी हुनु तथा कैवल्य आश्रमका गुरुमा महिलाप्रति रहेको आशक्तिले उपन्यास परिवर्तनतर्फ छैन कि भन्ने पनि अनभूत हुन सक्छ ।

भौतिक समाजमा घुलमिल हुनु, समाजभित्रका भव्यता, उच्चता र विलासितालाई वरण गर्नु अनि गृहस्थाश्रमबाट विचलित बनेर आफ्नो दायित्व पूरा गर्न नसक्ने उपन्यासका चन्द्रिका, सुजाता र मुक्तिको कमजोरी हो । उनीहरूले आफ्ना सामाजिक दायित्वलाई पूरा गरेर वैराग्यतर्फ लागेको भए पक्कै पनि सहानुभूति बटुल्न सक्थे यस्तै भैरवनाथ गणमा यातना भोक्दा सुजताले आफ्नो परिचय ढाँट्नुपर्ने आवश्यकता थिएन। उपन्यासमा अनावश्यक प्रसङ्गहरू पनि थोपरिएका छन्। अझ वर्णित पात्रहरू सबैलाई समान महत्व दिएर उनीहरूका कथालाई समेट्न खोज्दा पात्र र कथाहरूको गुजुल्टो मात्र पनि बन्न पुगेको छ उपन्यास । प्रोफेसर यमनको उपस्थिति यस्तै एउटा दृष्टान्त हो। घटनाक्रमहरू पनि कतैकतै अपत्यारिला जस्ता लाग्ने खालका वर्णन गरिएका छन् । केही पात्रहरू बीचमा देखापर्नु र उनीहरूको भूमिका पनि कथानकमा बलियो बन्न नसक्नु अर्को कमजोर पक्ष हो । यस्तै उपन्यासकार शारदा शर्माले आफूले जानेजत्तिकै सबै विषयलाई एउटै कृतिमा प्रस्तुत

गर्न खोजेको पनि देखिन्छ भने एनजीओकर्मी शारदा शर्माको दिनचर्या पनि उपन्यासमा झल्किएका छन् ।

राणा खानदानभित्रका संस्कार, भौतिक सुखसयल, वैभवशाली र सम्पन्नशाली जीवनशैली, पुरुषहरूको हुकुमीतन्त्रका कारण महिलाले भोग्नुपरेका ताडनाको वर्णन पनि उपन्यासमा पाइन्छ । मुलुकले विगतमा भोगको युद्धका झिल्काहरू, निर्दोष व्यक्तिले पाएको यातना, भैरवनाथ गणमा मानिसलाई बेपत्ता पारिएको प्रसङ्गलाई पनि उपन्यासमा आएका छन् । तर युद्धको प्रसङ्ग नेपाली ग्रामीण भेगमा भन्दा सहरमा केन्द्रित छ, जसले गर्दा वास्तविकता भन्दा पर पुगेको हो कि भन्ने आभास हुन्छ ।

प्रत्येकजसो पात्रले आफ्नो कथा आफैँले भन्नु *ताप* उपन्यासको नयाँपन हो । कुनै पात्र बीचमा आएर कथा भन्न थाल्नुचाहिँ अमिल्दोजस्तो लाग्ने विषय हुन् । कोमल गद्यशैलीको प्रयोगले उपन्यासको भाषा मिठास र ओजपूर्ण बनेको छ । पात्रहरूको संवाद त्यस्तै मार्मिक छन् ।

# चौथो परिच्छेद
# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

२०१५ साल कार्तिक ४ गते स्याङ्जामा जन्मिएकी उपन्यासकार शारदा शर्मा बहुआयामिक साहित्यकार हुन् । साहित्यका कथा, कविता, निबन्ध र उपन्यास जस्ता विविध विषयमा उनले कलम चलाएकी छिन् । ८ वर्षको उमेरदेखि नै साहित्य सिर्जनामा तल्लीन रहेकी शर्मा कविता विधामार्फत नेपाली साहित्य जगत्मा देखापरेकी हुन् साथै अहिलेसम्म उनका आधा दर्जन भन्दा बढी साहित्यिक कृतिहरू प्रकाशित छन्। साहित्येत्तंर समालोचना र समसामयिक विषयमा समेत उनको कलम प्रशस्त मात्रामा चलेको छ । प्राणीशास्त्रमा बी. एस्सी र नेपाली साहित्यमा स्नातकोत्तर तहको अध्ययन गरेकी उनले परिवार नियोजन सङ्घको परामर्शदाताका रूपमा समेत कार्य गरेकी छन् ।

उपन्यासकारले आफू बाँचेको ससार र सामाजबाट नै पात्रहरूलाई उपन्यासमा आमन्त्रित गरेका हुन्छन् अनि तिनलाई मानवीय गुण र स्वभाव प्रदान गरी मानव प्रतिनिधि बनाएका हुन्छन् । लेखकले कृतिमा के-कस्ता विशेषतामाथि प्रकाश पार्न खोजेको हो, त्यस्तै किसिमका पात्र कृतिमा प्रस्तुत गरेको हुन्छ । लिङ्गका आधारमा स्त्रीलिङ्ग र पुलिङ्ग गरी दुई किसिमका पात्रहरू हुन्छन् । कार्यका आधारमा मुख्य, गौण र अतिगौण गरी पात्रलाई तीन भागमा विभाजन गरिएको छ । सकारात्मक चरित्र भएकालाई अनुकूल र नकारात्मक चरित्र भएकालाई प्रतिकूल चरित्र भनिन्छ । उपन्यासमा बदलिरहने चरित्र भएकालाई गतिशील र स्थिर चरित्र भएकालाई स्थिर पात्र भनी स्वभावका आधारमा पात्रको विधान गरिन्छ । कुनै समाज वा समुदायको प्रतिनिधित्व गर्नेलाई वर्गगत र एउटा व्यक्तिको मात्र प्रतिनिधित्व गर्नेलाई व्यक्तिगत पात्र भनिन्छ । कुनै प्रतिनिधित्व गर्नेलाई वर्गगत र एउटा व्यक्तिको मात्र प्रतिनिधित्व गर्नेलाई व्यक्तिगत पात्र भनिन्छ । कुनै पात्र प्रत्यक्ष रूपमा देखा पर्दछन् भने कुनै पात्र देखा नपर्ने पनि हुन्छन् । कुनै पात्रले कथाको संरचनालाई अगाडि बढाएका हुन्छन् भने कुनै पात्रले कथाको संरचनालाई कुनै असर पारेका हुँदैनन् ।

कुनै कुनै उपन्यासमा पौराणिक पात्र, स्वैरकल्पित पात्र, मानवेत्तर पात्रहरू पनि समावेश भएका हुन्छन् । त्यस्तै गरी कुनै कुनै उपन्यासमा विभिन्न वर्गका । अभिजात,

मध्यमवर्ग, निम्न वर्ग आदि) पात्रहरू समावेश भएका हुन्छन् । त्यसैले उपन्यासमा प्रयुक्त पात्रलाई अन्तर्मुखी तथा बहिर्मुखी, सामान्य तथा असामान्य यथार्थ तथा आदर्श सार्वभौम तथा आञ्चलिक, परम्परित तथा मौलिक, स्वस्थ तथा रुग्ण, सरल तथा जटिल, मानवतावादी तथा मानवताविरोधी गरी विभिन्न तरिकाले पनि हेर्न सकिन्छ र कथा प्रसङ्गअनुसार उपन्यासकारले त्यस्ता विविध पात्रको प्रयोग गरेको हुन्छ ।

*ताप* उपन्यास २०६९ सालमा प्रकाशित भएको हो । उपन्यास साहित्यको आख्यान विधाभित्र पर्दछ । आख्यानभित्र कथा विधा पनि पर्दछ। कथा र उपन्यासभित्र प्रशस्त विधागत समानता रहेको हुन्छ । शर्माको कथाविधासँग सम्बन्धित कृति आस्थाको भग्नावशेष (२०४८) प्रकाशित छ । प्रस्तुत कथासङ्ग्रहले ताप उपन्यास लेखनका लागि आधारभूमिको काम गरेको छ । ताप उपन्यासको विषयवस्तु नेपालको बाहवर्षे द्वन्द्वलाई बनाइएको छ । मान्छेमा उत्पन्न त्रिविध (आध्यात्मिक, आदिवैदिक, आधिभौतिक) तापको चर्चा गरी त्यसको शमनको अपेक्षा राखेको ताप उपन्यासमा मुख्य, गौण र अतिगौण गरी प्रशस्त पात्रहरू प्रयोग गरिएको छ । नेपालको सशस्त्र विद्रोहलाई देखाउन पनि विविध पात्रको प्रयोग गरिएको छ । बौद्ध गुम्बामा अध्यात्मको बाटो रोजी आएका पात्रहरू पनि प्रयोग गरिएका छन् । यसरी विविध किसिमका पात्रहरूको कलात्मक स पात्रहरू पनि प्रयोग गरिएका छन् । यसरी विविध किसिमका पात्रहरूको कलात्मक सयोजन भएको उपन्यास तापमा सुजाता र चन्द्रिका मुख्य पात्र हुन् । यी दुई पात्रविना यस उपन्यासको कथानक शिथिल बन्न पुग्छ । यस्तै सहायक पात्रका रूपमा उपासिका माता, आनी सुलक्षणा, सानीमुमा, रुवेल चौधरी, चम्पा, मधुवाला, डम्बरकुमारी, लगायत अन्य थुप्रै नारी पात्रहरू रहेका छन् । कथाको विकासका लागि यी सम्पूर्ण पात्रको महत्त्वपूर्ण भूमिका रहेको छ ।

## ४.२ निष्कर्ष

प्रस्तुत शोधमा शारदा शर्माले *ताप* उपन्यासमा प्रयोग गरेका पात्रको अध्ययन र विश्लेषण गरिएको छ । आधुनिक उपन्यासमा कथावस्तुभन्दा चरित्रचित्रणलाई बढी प्राथमिकता दिइएको पाइन्छ । उपन्यासमा उपन्यासकारले व्यक्त गर्न खोजेको चाहना, उसको जीवनजगतप्रतिको दृष्टिकोण कस्तो छ भन्ने कुरा चरित्रको प्रस्तुति र कार्यव्यापारबाट थाहा हुन्छ । ताप उपन्यास कथावस्तु, घटना तथा परिवेशअनुसारका पात्रको प्रयोग र योजनाले उत्कृष्ट बन्न पुगेको छ ।

*ताप* उपन्यासमा मुख्य, सहायक र गौण पात्रको प्रयोग गरिएको छ । नेपालको सशस्त्र द्वन्द्वलाई देखाउन पनि विविध पात्रको प्रयोग गरिएको छ । यसरी विविध किसिमका पात्रको कलात्मक संयोजन भएको ताप उपन्यासमा सुजाता र चन्द्रिका मुख्य पात्र हुन् । यी दुई पात्रविना उपन्यासको कथानक शिथिल बन्न पुग्छ । यस उपन्यासमा प्रयोग भएका धेरै पात्रहरू बौद्ध धर्म र संस्कृतिसँग सम्बद्ध रहेका छन् । यस उपन्यासकी केन्द्रीय पात्र सुजाता बौद्ध धर्मको अत्यन्त सम्मानित व्यक्तित्व हो । उपन्यासकार शारदा शर्मा स्वयम् नारी भएर पनि यस उपन्यासमा मुख्य पात्र सुजाता, चन्द्रिकाजस्ता शिक्षित, सम्भ्रान्त र उच्च वर्गीय पात्रलाई अघि सारिएको छ ।

प्रस्तुत उपन्यासकी केन्द्रीय पात्र सुजाता प्रभाकर र चन्द्रिकाकी छोरी हो । बाबुको हेरचाह र आमाको माया ममता उसले आमा चन्द्रिकाबाटै पाएकी छ। ऊ स्वतन्त्रताप्रेमी नारी हो । ऊ अरुको हस्तक्षेप मन पराउँदिन र अरुसँग सम्झौता गर्न पनि चाँहदिन। ऊ सशस्त्र द्वन्द्वद्वारा पीडित निदर्दोष नेपाली जनताको प्रतिनिधि पात्र हो । माओवादी आन्दोलनमा सलग्न नै नभई उसलाई माओवादीको आरोप लागेको छ र सेनाको कठोर यातना भोगेकी छे । अन्त्यमा बौद्ध गुरुको सहायता पाएर नयाँ जीवन हासिल गर्छे । बौद्ध गुम्बामा पनि आफ्नो तिक्ष्ण प्रतिभा प्रस्तुत गरी सधैं अगाडि नै हुन्छे । यसरी बौद्ध दर्शनको आडमा आफूलाई जीवित राख्न चाहने सुजाता शिक्षित, उच्च वर्गीय पात्र भए तापनि जीवनमा धेरै उतारचढाव भोग्न विवश पात्र हो ।

*ताप* उपन्यासकी नायिका चन्द्रिका शिक्षित र व्यावहारिक पात्र हो । चन्द्रिका आँट, साहस र हिम्मत भएकी आधुनिक नारीकी प्रतिनिधि पात्र हो । उसले पाउनु पर्ने व्यक्तिबाट साथ, माया र सहानुभूति पाएकी छैन न त छोरी सुजाताले नै सन्तान सुख दिएकी छन त प्रभाकरबाट नै साथ पाएकी छ । उल्टै सन्तापले ग्रस्त भई मुक्तिका लागि आश्रममा शरण लिन पुग्छे । साधनाले भन्दा श्रमले न मानिसले तापबाट मुक्ति पाउने अठोट चन्द्रिकाको छ । ऊ श्रममा विश्वास गर्ने श्रमले जीउने श्रमजीवी चरित्र हो । यसैगरी माता उपासिका, आनी सुलक्षणा जस्ता सहायक पात्रको पनि प्रयोग गरिएको छ । कैवल्य आश्रमका मूल गुरु कैवल्यकी पत्नी उपासिका शिक्षित सम्पन्न परिवारकी चरित्र हो । मनमा उत्पन्न अशान्तिलाई शमन गर्ने उपाय खोज्दाखोज्दै अन्त्यमा कैवल्य गुरुसँग भेट भई अन्त्यमा दुईबीच प्रगाढ प्रेमसम्बन्ध हुन्छ र त्यो सम्बन्ध अन्त्यमा विवाहमा परिणत हुन्छ अर्की सहायक पात्र सुलक्षणा भक्तपुरको गुभाजु परिवारमा जन्मिएर बीस वर्षको उमेरमा आनी

बनी गुम्बामा जीवन बिताइरहेकी छ। गृहस्थी जीवनलाई त्यागी वैराग्य जीवनलाई अपनाएकी सुलक्षणा उद्धार, दयालु स्वभावकी छ । ऊ धार्मिक कट्टरताको विरोधी छ । बौद्ध धर्म दर्शनको गहिरो अध्ययन गरेकी सुलक्षणाले बौद्ध धर्मले पनि पुरुष र महिलाबीच गरेको विभेदलाई राम्ररी प्रष्ट्याएकी छ । बौद्ध धर्मको पृष्ठभूमिमा रहेकी सुलक्षणा अनुकूल चरित्रकी नारी हो ।

डम्बरकुमारी, रुबेल, यमन जस्ता पात्र पनि गौण पात्रका रूपमा आएका छन् । डम्बरकुमारी राणाकालीन परिवेशको प्रतिनिधित्व गर्ने पात्र हो। ऐस, आराम, आडम्बर, हैकमजस्ता प्रवृत्तिले ग्रस्त डम्बरकुमारीले राणा खान्दानको कुनियतलाई राम्ररी प्रस्तुत गरेकी छ ।

सशस्त्र युद्धले पीडित बालबालिको प्रतिनिधि पात्र रुवेल पनि हो । बाबुलाई माओबादीले टुक्रा टुक्रा पारेर गिंडेपछि अशान्त बनेकी ऊ केही शान्ति पाउने आशामा कैवल्य आश्रममा आइपुगेकी छ । यसैगरी आइको हिमाली, चम्पा, नोडुप, रेशम, पेमा, यान्छेन, पञ्चशीला, एलोम, सिन्डी, कात्या, विमली, डेचेन, मुक्तिकी बहिनी, एस्ली, सानीमुमा, मधुवाला, चन्द्रिकाकी सासु आदि गौण नारी पात्रका रूपमा यस उपन्यासमा उपस्थित छन् ।

अतः नारीलाई मुख्य पात्र बनाएको यस उपन्यासका मुख्य पात्र शिक्षित, उच्च वर्गीय पात्र छन् । मुख्य पात्रलाई आँटी, साहसी, स्वतन्त्रताप्रेमी, सङ्घर्षशील पात्रको रूपमा उभ्याई प्रगतिवादी सोच विचारलाई अगाडि सारिएको छ । अन्तत यी पात्रका माध्यमबाट मान्छे सन्तापले ग्रस्त भएपछि मुक्तिका लागि जाने मार्ग बौद्ध दर्शन र हिन्दू दर्शनलाई देखाई त्यहाँ रहेका कमी कमजोरीलाई राम्ररी देखाइएको छ । जुनसुकै स्थानमा पनि महिलाको भन्दा पुरुषकै स्थान उच्च रहेको कुरा पनि उल्लेख गरिएको छ। सन्तापले ग्रस्त पात्र मुक्तिका लागि बौद्ध आश्रम या हिन्दू आश्रममा पुगेका छन् तर आश्रमको विश्रान्तिबाट नभई परिश्रमबाट नै उन्मुक्ति मिल्ने कुरा अन्त्यमा चन्द्रिकामार्फत प्रस्ट्याइएको छ ।

प्रस्तुत *ताप* उपन्यास एक मौलिक सामाजिक यथार्थवादी विषयवस्तुमा आधारित छ । उपन्यास ग्रामीण र शहरी परिवेशमा वर्तमानमा घट्ने घटनालाई आधार मानेर लेखिएको छ । प्रस्तुत उपन्यास अलि फरक खालको उपन्यास हो । फरक यस अर्थमा की यसमा बौद्ध, गुम्बा तथा आश्रमहरूसँग सम्बन्धित कथावस्तु छ । उपन्यासमा प्रमुख पात्रका

रूपमा महारानी चन्द्रिका, प्रभाकर, सुजाता, माता उपासिका, मुक्ति, यमन, पराशर कुँवर, रुबेल, मनद स्वामी, बद्री, चम्पालगायतका अन्य पात्रहरू छन् । यस उपन्यासमा महारानी चन्द्रिकाका माध्यमबाट विभिन्न प्रकारका तापहरूबाट बच्न मानिसहरूले गर्ने सफल तथा असफल प्रयासहरूलाई दर्शाइएका छन् । यस उपन्यास सुरुमा बौद्ध दर्शनलाई आत्मसात गरी गुम्बाको सेरोफेरोबाट शुरु भई बिचमा माओवादी जनयुद्धको प्रसङ्ग जोड्दै अन्त्यमा आश्रममा योगा, ध्यान गरेर पनि मानिसमा रहेको तापबाट मुक्ति नमिलेपछि मुक्ति नमिलेपछि मुक्ति खोजीमा महारानी चन्द्रिका जीवनदेखि सन्यास लिदै गन्तव्यविहिन यात्रामा हिडेकोमा कथानक अन्त्य भएको छ । यस उपन्यासमा इतिहास र वर्तमानको समय त्रासदीका प्रहार भेटिन्छन् । आफ्नै वरिपरि रहेका जस्ता लाग्ने पात्रहरूले अध्यात्मिक सामाजिक आकाङ्क्षा र यौन तिर्सनाका तरङ्ग फेला पर्दछन् । यसको भाषा मिठो र कथा भन्ने शैली आकर्षण छ ।

समग्रमा *ताप* उपन्यासलाई पात्रगत दृष्टिले तुलना गर्दा पुरुष र महिलामा पुरुष पात्र बढी रहेको पाइन्छ । यसमा समानताका दृष्टिले हेर्दा पुरुष पात्रभन्दा महिला पात्र बढी स्वतन्त्र र आत्मनिर्भर भएको देखिन्छ । यस उपन्यासमा अधिकांश पात्रहरू पितृसत्तात्मक मानसिकताबाट ग्रसित भएका छन् । परम्परावादी रुढीग्रस्त समाजभन्दा नितान्त बेग्लै समाजको प्रस्तुत गरी परम्परावादी दृष्टिले महिला र पुरुषका हरेक पक्षहरूलाई हेर्न नहुने विचार अघि सारिएको पाइन्छ । यसमा सशक्तीकरणका दृष्टिकोणबाट हेर्दा उचित तवरले महिलालाई प्रोत्साहन दिइएको छ । यसमा लैङ्गिक चेतनाको आधारमा हेर्दा पुरुष पात्रलाई भन्दा महिला पात्रलाई बढी चेतनशील बनाइए तापनि पितृसत्तात्मक सोचमा रहेका पुरुषहरूलाई पनि केही हदसम्म सचेत गराइएको देखिन्छ । यसमा परम्परावादी मान्यता र आदर्शवादी सोचाइ नभएका व्यक्तिहरूबाट महिलामाथि हिंसा भएको पाइन्छ । यस उपन्यासमा सरल, सहज, बोधगम्य तथा पात्र परिवेश अनुकूलको भाषाको प्रयोगका साथै अनुकरणात्मक शब्द, आगन्तुक शब्द र ठेट नेपाली शब्द प्रयोग गरिएको छ । ताप उपन्यासमा वर्तमान समाजमा रहेको सामाजिक, सांस्कृतिक, राजनीतिक, द्वन्द्व, अन्याय, अत्याचार, धर्म, अधर्मका झलक तथा भविष्यको जिम्मामा छाडिएका सम्भावनाहरूलाई विभिन्न तहतप्का वर्ग र स्तरका पात्रको प्रयोग गरी छर्लङ्ग पारेको पाइन्छ । शैक्षिक स्तरका आधारमा उपन्यासमा धेरै शिक्षित पात्र रहेका छन् । उनीहरूले प्रयोग गरेको संवादमा स्वतन्त्रताका कुरा तथा शब्दहरूमा आधुनिकताको आभाष पाउन सकिन्छ र आगन्तुक

शब्दको प्रयोग गरेको पाइन्छ भने अशिक्षित पात्रले प्रयोग गरेको भाषामा भाषिकाको प्रभावका साथै झर्रा शब्दको प्रयोग गरेको पाइन्छ । वर्गीय आधारमा भाषालाई हेर्दा उच्च वर्गले प्रयोग गरेको भाषामा उच्च आदरार्थीको प्रयोग प्रचुर मात्रामा रहेको पाइन्छ भने मध्यम वर्गले प्रयोग गरेको भाषामा सामान्य आदरार्थीको प्रयोग भएको पाइन्छ । यसमा इतिहास र वर्तमानको समय-त्रासदीका प्रहार भेटिन्छन् । यस उपन्यासमा विविध विषयवस्तुहरू इतिहास, वर्तमान, युद्धकालीन, सङ्कटकालीन, राजनीतिक, बौद्ध धर्म, आश्रम, सन्यासी जीवन आदिलाई सिलसिलाबद्ध ढङ्गबाट एकीकृत गरी प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत शोधकार्यको निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

(१) *ताप* उपन्यासमा मुख्य, सहायक र गौण पात्रको प्रयोग गरिएको छ । यसमा चन्द्रिका, प्रभाकर र सुजाता मुख्य पात्र हुन् ।

(२) ताप उपन्यासमा आनी सुलक्षणा, माता उपासिका, मुक्ति, पराशर कुँवर सहायक र डम्बरकुमारी, रुबेल, यमन र गुरु कैवल्य गौण पात्र हुन् ।

(३) *ताप* उपन्यासमा अनुकूल, प्रतिकूल, गतिशील, स्थिर, सत्, असत् चरित्र भएका पात्रको प्रयोग गरिएको छ । यसमा प्रयोग भएका धेरै पात्रहरू बौद्ध धर्म र संस्कृतिसँग सम्बद्ध रहेका छन् ।

(४) नारीलाई मुख्य पात्र बनाएको यस उपन्यामा नारीलाई मुख्य, आँटी, साहसी, स्वतन्त्रताप्रेमी, सङ्घर्षशील पात्रको रूपमा उभ्याई प्रगतिवादी विचारलाई अगाडि सारिएको छ ।

(५) यस उपन्यासमा मान्छे सन्तापले ग्रस्त भएपछि मुक्तिका लागि जाने मार्ग बौद्ध दर्शन र हिन्दू दर्शनलाई देखाई त्यहाँ रहेका कमीकमजोरीलाई राम्ररी देखाइएको छ ।

(६) *ताप* उपन्यास मौलिक सामाजिक यथार्थवादी विषयवस्तुमा आधारित छ । यो ग्रामीण र सहरी परिवेशमा वर्तमानमा घट्ने घटनालाई आधार मानेर लेखिएको छ ।

(७) *ताप* उपन्यासमा पुरुष पात्रलाई भन्दा महिला पात्रलाई बढी चेतनशील बनाइए तापनि पितृसत्तात्मक सोचमा रहेका पुरुषहरूलाई पनि केही हदसम्म सचेत गराइएको देखिन्छ ।

(८) *ताप* उपन्यासमा परम्परावादी मान्यता र आदर्शवादी सोचाइ नभएका व्यक्तिहरूबाट महिलामाथि चरम हिंसा भएको देखाइएको छ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, इन्दिरा (२०५६), *नरेन्द्रदाइ उपन्यासमा औपन्यासिक पात्रविधान,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँः पद्मकन्या बहुमुखी क्याम्पस ।

अधिकारी, कोमलनाथ (२०२३), *साहित्य दर्पण,* काठमाडौँः रोयल नेपाल एकेडेमी ।

अधिकारी, विष्णुप्रसाद (२०६९), 'मदानीमा शारदा र ताप', कान्तिपुर, माघ ८ ।

गिरी, मदन (२०७०), *ताप उपन्यासको दर्शनपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँः त्रिचन्द्र क्याम्पस ।

चालिसे, नारायण (२०६७), *केही कृति आफ्नै प्रकृति,* काठमाडौँः पैरवी प्रकाशन ।

थापा, हिमांशु (२०४२), *साहित्य परिचय* (दो.सं.), काठमाडौँ : साझा प्रकाशन ।

दीक्षित, मदनमणि (२०६९), 'आद्योपान्त पठनीय उपन्यास', नेपाल साप्ताहिक, कार्तिक २६ ।

दीक्षित, मदनमणि (२०६९), 'ताप', कान्तिपुर कोसेली, पुस २८ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), *नेपाली उपन्यास र उपन्यासकार,* काठमाडौँः साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), *नेपाली उपन्यास परम्परा र पृष्ठभूमि,* दार्जिलिङ : दीप प्रकाशन ।

पण्डित, इन्दिरा (२०५८), *नरेन्ददाइ उपन्यासको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँः पद्मकन्या बहुमुखी क्याम्पस ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (ते.सं.), काठमाडौँः साझा प्रकाशन ।

भट्टराई, तुलसी (२०६९), 'ताप परिचर्चा' कान्तिपुर, फाल्गुन ७ ।

मदानी साहित्य समूह नेपाल (२०६९), 'शारदाको ताप', अन्नपूर्ण पोष्ट, माघ ८ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), नेपाली उपन्यासको इतिहास, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५२), *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०४८), *शैली विज्ञान,* काठमाडौँ : नेपाल रा.प्र.प्र. ।

शर्मा शारदा (२०६९), *ताप,* काठमाडौँ : साङ्ग्रिला प्रकाशन ।

सिग्द्येल, सोमनाथ (२०१६), *साहित्य प्रदीप,* (सं), काठमाडौँः रोयल नेपाल एकेडेमी ।

सुवेदी, राजेन्द्र (२०५९), *नेपाली उपन्यास परम्परा र प्रवृति,* वाराणसी : भूमिका प्रकाशन ।

सुवेदी, अनुप, (२०६९), ‘सन् २०१२ का विशेष, १२ पुस्तक’, अन्नपूर्ण पोष्ट, पुस १४ ।

ज्ञवाली, विष्णुप्रसाद (२०६७), *समसामयिक नेपाली उपन्यास,* काठमाडौँः पैरवी प्रकाशन ।